मत्स्यपुराणमा वास्तुशास्त्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय
संस्कृतविभाग-अन्तर्गत संस्कृत स्नातकोत्तर तह तृतीय
सामिसत्रको पाठ्यांश Skt. C-562A को
प्रयोजनार्थ प्रस्तुत शोधपत्र

शोधार्थी
दिवाकर आचार्य
परीक्षाक्रमाङ्क : २५५५
त्रि. वि. दर्ता नं : ६-३-२८-११३-२०१३
त्रिभुवन विश्वविद्यालय, विश्वविद्यालय क्याम्पस
संस्कृत केन्द्रीय विभाग,
कीर्तिपुर

मत्स्यपुराणमा वास्तुशास्त्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय
संस्कृतविभाग-अन्तर्गत संस्कृत स्नातकोत्तर तह तृतीय
सामिसत्रको पाठ्यांशSkt. C-562Aको
प्रयोजनार्थ प्रस्तुत शोधपत्र

शोधार्थी

दिवाकर आचार्य

परीक्षाक्रमाङ्क : २५५५

त्रि. वि. दर्ता नं : ६-३-२८-११३-२०१३

त्रिभुवन विश्वविद्यालय,विश्वविद्यालय क्याम्पस

संस्कृत केन्द्रीय विभाग,

कीर्तिपुर

निर्देशक-सम्मतिः

त्रिभुवनविश्वविद्यालय-मानविकी-सङ्कायान्तर्गत-संस्कृत-विभागस्य स्नातकोत्तरस्तरस्य तृतीय-सामिसत्रान्र्तगतस्य (Skt.C-562A) पाठ्यांशस्य प्रयोजनार्थं श्रीदिवाकराचार्याभिधेयेन छात्रेण **'मत्स्यपुराणे वास्तुशास्त्रम्'** इत्याख्यं शोधपत्रमिदं मन्निर्देशने प्रस्तुतं वर्तते । सम्बद्धविषयस्य गभीराध्ययनपूर्वकं महता परिश्रमेण निष्पादितात् शोधपत्रात् सन्तुष्टोऽहमस्य शोधपत्रस्य समुचित-मूल्याङ्कनाय अग्रेसारयामि ।

संस्कृत केन्द्रीय विभाग
कीर्तिपुर

....

प्रा.डा. नारायणप्रसाद-गौतमः

शोधनिर्देशकः

विभागप्रमुखः, संस्कृतकेन्द्रीयविभागः

त्रिभुवन विश्वविद्यालयः, कीर्तिपुरम्

दिनाङ्क : २०६६/०६/०२

Date:

त्रिभुवन विश्वविद्यालय
संस्कृत केन्द्रीय विभाग, कीर्तिपुर

स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी सङ्काय-अन्तर्गत संस्कृत विषयको स्नातकोत्तर तह तेस्रो सामिसत्रको Skt. C-562 पाठ्यांशको पूर्तिका निम्ति यस सङ्कायतर्फका छात्र दिवाकर आचार्यद्वारा **'मत्स्यपुराणमा वास्तुशास्त्र'** शीर्षकमा तयार पारिएको यो शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

शोधपत्रको मूल्याङ्कनसमिति

क्र.सं.	**नाम**		**हस्ताक्षर**
१.	प्रा.डा. नारायणप्रसाद गौतम	(विभागीय प्रमुख)	....
२.	प्रा. जगत् प्रसाद उपाध्याय	(बाह्यपरीक्षक)	
३.	प्रा.डा. नारायणप्रसाद गौतम	(शोधनिर्देशक)	....

संस्कृत केन्द्रीय विभाग कीर्तिपुर

दिनाङ्क : २०७६/०६/१६

Date: / /20

कृतज्ञता-ज्ञापन

प्रस्तुत शोधपत्र मैले संस्कृत विषयमा स्नातकोत्तर तह Skt. C-562A पाठ्यांशको प्रयोजनको लागि मेरा श्रद्धेय गुरु प्रा.डा. नारायणप्रसाद गौतमज्यूको निर्देशनमा तयार पारेको हुँ । यो शोधपत्र तयार पार्ने सन्दर्भमा आफ्नो अत्यन्त व्यस्तसमयमा पनि मलाई अमूल्य समय, समुचित सुझाव, सल्लाह र मार्गनिर्देशन दिनुभई यस शोधकार्यको लेखनमा उपयुक्त निर्देशन दिँदै लेखनकार्यलाई सफल बनाउन प्रेरणा दिनुभएकोमा उहाँप्रति श्रद्धा एवम् कृतज्ञता व्यक्त गर्दछु । साथै संस्कृत केन्द्रीय विभागका आदरणीय गुरुहरू सह-प्रा. डा. माधवप्रसाद उपाध्याय, स्व. उप-प्रा. जनार्दन घिमिरे, उप-प्रा. रोहिणीराज तिमिल्सिना र डा. सुबोध शुक्लप्रति सहृदय कृतज्ञता ज्ञापन गर्दछु ।

यसै क्रममा संस्कृत केन्द्रीय विभागबाट आवश्यक रूपमा पाठ्यक्रम सामग्री उपलब्ध गराइदिनुहुने विभागका कर्मचारीद्वय श्रीदुर्गा शर्मा र दिदी ईश्वरी अधिकारीलाई पनि शोधकार्यमा गर्नुभएको सहयोगका लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

भगवान् श्रीपशुपतिनाथका वरप्रसाद, वात्सल्यमयी माता महालक्ष्मी आचार्य र पिता रामचन्द्र आचार्यको शुभाशीर्वाद, धर्मपत्नी सुस्मा, पुत्री आर्या र पुत्र आर्यनका सस्नेह प्रेम, अनुज प्रभाकर तथा अनुजा दीपाको उत्प्रेरणा, जीवनमा अध्ययनको आवश्यकता पर्छ भन्दै मार्गदर्शन गर्नुहुने त्रि.वि.वि. व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्रका सह-प्रा. दुर्गाप्रसाद पाण्डे, मानविकी सङ्कायका पूर्व डीन प्रा.डा. चिन्तामणि पोखरेल, प्रा.डा. सीतारामराज विष्ट, अत्यन्त सहृदयी बन्धु वासुदेव गौतमको आवश्यक सरसल्लाह र कम्प्युटर टङ्कण, अध्ययन मार्गमा सत्प्रेरणा दिनुहुने साधु सन्त महात्मा सँगसँगै सहपाठी मित्रहरू रामदेव, सफला, मनोज, अमृती, टेकनाथ आदि सुहृद्हरूको सहयोगबाट यो शोधकार्य सम्पन्न गर्न सकेकोमा विशेष आभार प्रकट गर्दै सम्पूर्णमा कृतज्ञता ज्ञापन गर्दछु ।

दिनाङ्क:

दिवाकर

शोधार्थी

दिवाकर आचार्य

शैक्षिकसत्र २०७०/२०७१

परीक्षाक्रमाङ्क : २५५५

त्रि. वि. दर्ता नं : ६-३-२८-११३-२०१३

त्रिभुवन विश्वविद्यालय, विश्वविद्यालय क्याम्पस

संस्कृत केन्द्रीय विभाग, कीर्तिपुर

शोधसार

शोधशीर्षक : **मत्स्यपुराणमा वास्तुशास्त्र**

शोधार्थी : दिवाकर आचार्य

शोधनिर्देशक : प्रा.डा. नारायणप्रसाद गौतम

विभाग/क्याम्पस : संस्कृत केन्द्रीय विभाग, विश्वविद्यालय क्याम्पस,

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

शैक्षिक वर्ष : २०७०/७१

अध्याय : ५

जम्मा पृष्ठ : १२०

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्रसङ्काय-अन्तर्गत संस्कृत केन्द्रीय विभाग संस्कृत विषयको स्नातकोत्तर तहको उपाधि प्राप्त गर्नका लागि तृतीय सामिसत्रSkt. C-562A पाठ्यांशको प्रयोजनको लागि तयार पारिएको हो ।

सनातन धर्मको एक आधार पुराण साहित्य हो । **इतिहासपुराणाम्यां वेदं समुपबृंहयेत्** पुराणलाई वेदकै अङ्गको रूपमा बुझिन्छ । वैदिक वाङ्मयका श्रौतसूत्रहरू, धर्मसूत्रहरू तथा शुल्वसूत्रहरूमा सन्निहित ज्ञानधाराहरूबाट प्राप्त हुने ज्ञान र वास्तुशास्त्रको बीजतत्त्व वेदमा पाइन्छ । विद्वान्हरूको मतमा वास्तुशास्त्र अथर्ववेदको उपवेद हो ।

मत्स्यपुराणमा वास्तुशास्त्रका बारेमा अध्ययन गर्दा मत्स्यपुराणमा मत्स्यरूपधारी विष्णु भगवान्ले मत्स्यरूपमा मनुलाई सर्वप्रथम वास्तुशास्त्रको उपदेश गर्नुभएको छ ।

तदिदानीं प्रवक्ष्यामि वास्तुशास्त्रमनुत्तमम् ।

पुरान्धकबधे घोरघोररूपस्य शूलिनः ॥ म.पु.,अ. २५२।५

मत्स्यपुराणमा वास्तुशास्त्रका १८ जना भृगु आदि आचार्यहरूको वर्णनसहित मयमत-समराङ्गणसूत्र-विश्वकर्मासूत्रहरूमा पनि वास्तुशास्त्रको विश्लेषण भएको पाइन्छ । भविष्यपुराणमा गृहस्थधर्मभित्र वास्तुसम्बन्धी गृहनिर्माण, गृहपति आदि विषयहरू प्रस्तुत गरिएको छ ।

परगेहकृतास्सर्वाः श्रौतस्मार्तक्रियाः शुभाः ।

निष्फलाः स्युर्यतस्तासां भूमीशः फलमश्नु ते ॥ (त्रिवेदी, हरिहर, वास्तुकल्पलता)

गृहविना गृहस्थ आश्रम धर्मका सबै कर्महरू निष्फल हुन्छन् । गृहस्थ आश्रमभित्र रहेर गरिने श्रौतकर्म र स्मार्तकर्महरू गृहमा नै महत्त्वपूर्ण हुन्छन् भन्ने शास्त्रीय मान्यता रहेको छ । गृहस्थधर्ममा पञ्चमहायज्ञले महत्त्वपूर्ण स्थान राख्दछ ।

अध्यापनं ब्रह्मयज्ञः पितृयज्ञस्तु तर्पणम् ।

होमो दैवो बलिर्भौतो नृयज्ञोऽतिथिपूजनम् ॥ (मनुस्मृतिः ३।७०)

वास्तुसँग सम्बन्धित शास्त्र नै वास्तुशास्त्र हो । पाणिनीय व्याकरण अनुसार वस् धातुमा तुण् प्रत्यय लागेर वास्तु-शब्द(**वसगोचरे णिच्च १।७०** उणादि तुण्प्रत्यय) निष्पन्न हुन्छ । निवासार्थक वास्तु-शब्दमा शास्त्र-शब्दको योग भएर वास्तुशास्त्र बनेको हो । सनातन वैदिक परम्पराको आध्यात्मिक चिन्तनभित्र लुकेको सांस्कृतिक प्रगतिमा वास्तुशास्त्रको योगदान उल्लेखनीय रहेको छ ।

आश्रमधर्म (ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र संन्यास)भित्र सम्पादन गरिने जन्मदेखि मृत्युपर्यन्तका १६ संस्कारहरूलाई मर्यादित एवं सुसंस्कृत शास्त्रहरूका माध्यमद्वारा त्रिकालदर्शी ऋषिमुनिहरूले विधिनिर्देशपूर्ण व्याख्या गरिदिएका छन् । ती सबैको पर्यवसान परमश्रेयको प्राप्ति हो । पूर्वीय सभ्यतामा मनुष्यले निवासका लागि भवननिर्माण गर्दा वास्तुशास्त्रको मर्यादामा रहेर मात्र निर्माण गर्ने परम्परा अद्यापि विद्यमान छ ।

श्रीमद्भगवद्गीतामा श्रीकृष्णले भन्नुभए जस्तैः 'कर्तव्य गर्नु मात्र तिम्रो अधिकार हो, फलमा आशा नगरी कर्मफलको हेतु नबन्नु र कर्मत्याग पनि नगर्नु भन्ने उपदेश मानव जीवनमा सार्थक हुन्छ ।

कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ।

मा कर्मफलहेतुर्भूर्मा ते सङ्गोऽस्त्वकर्मणि ॥ (श्रीमद्भगवद्गीता२/४७)

जीवन जीवद्वारा गरिएको कर्महरूको फल हो । प्रारब्धलाई बदल्न सकिन्न तर सत्कर्मले त्यसको गतिमा अवश्य परिवर्तन ल्याउन सकिन्छ । फलस्वरूप कर्मफलमा अन्तर आउँछ । भविष्य सुखसम्पन्न एवं सफल बनाउनका लागि वर्तमान कर्मको भूमिका महत्त्वपूर्ण हुन्छ । यसर्थ सम्यक् जीवन बाँच्नका लागि वास्तुशास्त्रको अनुसार भवननिर्माण र वास्तुदोषहरूको निवृत्तिका उपायहरू अपनाउन आवश्यक छ । विद्याध्ययनको पश्चात् गृहस्थधर्ममा प्रवृत्त भई धनार्जन गर्दै सुखभोगका लागि गृहनिर्माण गर्ने र सत्कर्म गर्दै जीवनको उत्तरार्ध ज्ञानमार्गतर्फ उद्यत रहनु नै मानवको मुख्य ध्येय हो ।

प्रथम अध्यायमा अध्ययनको पृष्ठभूमि समस्याकथन, शोधकार्यको उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको सीमा र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

द्वितीय अध्यायमा वास्तु शब्दको व्युत्पत्ति, परिभाषा, उद्देश्य, वैदिक तथा पौराणिक वास्तुको परिचय, इतिहास, वास्तु र धर्म तथा विज्ञानसँगको अन्तर्सम्बन्ध, वास्तु र मानवको सम्बन्ध, वास्तुपुरुषको स्थिति र आवासीय वास्तुसँग सम्वन्धित विषयहरूमा चर्चा गरिएको छ ।

तृतीय अध्यायमा वास्तुशास्त्रसँग सम्बन्धित विभिन्न सैद्धान्तिक दृष्टिकोणहरू प्रस्तुत गरिएको छ । हामीले बनाउने जुनसुकै भौतिक संरचनामा बनाउनु पूर्व वास्तुको यथोचित प्रयोग गर्नुपर्छ जसले गर्दा हामीमा भौतिक सुखका साथै पारमार्थिक सुख पनि प्राप्त हुन्छ तर वास्तुलाई बेवास्ता गरी आफूखुसी बनाएका भौतिक संरचनाले त्यहाँ बस्ने तथा बनाउने दुवै पक्षलाई हानि पुराउने गर्दछ ।

चतुर्थ अध्यायमा मत्स्यपुराणको २५२ अध्यायदेखि २७० अध्यायसम्म वास्तुशास्त्र सम्बन्धी विभिन्न पक्षहरूलाई व्याख्या तथा विश्लेषण गरिएको छ । जसअनुसार २५२ अध्यायमा वास्तुको प्रादुर्भाव तथा वास्तुशास्त्रका उपदेष्टाको वर्णन, २५३ अध्यायमा वास्तुचक्रको वर्णन, २५४ अध्यायमा वास्तुशास्त्र अन्तर्गत राजप्रासाद आदिको निर्माणविधि, २५५ अध्यायमा वास्तुविषयक वेधको विवरण, २५६ र २५७ अध्यायमा गृहनिर्माणविधि र गृहनिर्माणमा ग्राह्यकाष्ठ आदिको वर्णन, २५८ देखि २६७ अध्यायसम्म विविध देवताको प्रतिमा निर्माण तिनीहरूको प्रमाण, प्रतिष्ठाविधि अधिवासनविधिका साथै शिवलिङ्गको निर्माण, प्रतिमा प्रतिष्ठाका लागि कुण्डादिको निर्माण तथा प्रतिष्ठाको अङ्गभूत अभिषेक स्नानको निरूपण र २६८ अध्यायमा वास्तुशान्ति विधिको वर्णन गरिएको छ । २६९ देखि २७० अध्यायमा प्रासादहरूका भेद र तिनीहरूको निर्माणविधि तथा प्रासादसँग संलग्न मण्डपहरूको नाम, स्वरूप र तिनीहरूको निर्माणविधि बताइएको छ ।

पाँचौ उपसंहार अध्यायमा मानवजीवनमा वास्तुशास्त्रको व्यावहारिक प्रयोगबाट हुने लाभहानि, आधुनिककालमा वास्तुको प्रासङ्गिकता के कसरी सिद्ध गर्न सकिन्छ र प्रस्तुत शोधकार्यको सन्दर्भ क्षेत्रबाहिर वास्तु अन्तर्गतकै विषयहरू भविष्यको अनुसन्धान सहजताका लागि छोडिएको कुरा उल्लेख गरिएको छ ।

शोधकार्यको रूपरेखा निम्नानुसार रहेको छ :

प्रथम अध्याय	:	शोध परिचय
द्वितीय अध्याय	:	वास्तुशास्त्रको परिचय
तृतीय अध्याय	:	वास्तुशास्त्रको सैद्धान्तिक अध्ययन
चतुर्थ अध्याय	:	मत्स्यपुराणमा वास्तुशास्त्रको अध्ययन र विश्लेषण
पञ्चम अध्याय	:	उपसंहार

सन्दर्भसूची

परिशिष्ट

संक्षिप्त सङ्केतसूची

त्रि.वि.	:	त्रिभुवन विश्वविद्यालय
Skt.	:	Sanskrit
प्रा.	:	प्राध्यापक
डा.	:	डाक्टर
ई.पू.	:	ईशापूर्व
म.पु.	:	मत्स्यपुराण
म. स्मृ	:	मनुस्मृति
अ.	:	अध्याय
पृ.	:	पृष्ठ
को.नं.	:	कोड नम्बर
तै. आर.	:	तैत्तिरीय आरण्यक
वाजस.सं.	:	वाजसनेय संहिता
शु. वे.	:	शुक्लयजुर्वेद

विषयसूची

पूर्वखण्ड	पृष्ठ
शोधनिर्देशकको मन्तव्य	१
स्वीकृति-पत्र	२
कृतज्ञता-ज्ञापन	३
शोधसार	४
संक्षिप्त शब्दसङ्केतसूची	७
विषयसूची	८

शीर्षक	अध्याय	पृष्ठ
	प्रथम अध्याय (शोधपत्रको परिचय)	
१.१.	शोधशीर्षक	१
१.२.	शोधप्रयोजन	१
१.३.	विषयपरिचय	१
१.४.	समस्याकथन	२
१.५.	शोधकार्यको उद्देश्य	२
१.६.	पूर्वकार्य समीक्षा	३
१.७.	अध्ययनको औचित्य	७
१.८.	अध्ययनको सीमा	७
१.९.	शोधविधि	८
१.९.१.	सामग्री सङ्कलन विधि	८
१.९.१.१.	प्राथमिक स्रोत	८
१.९.१.२.	द्वितीय स्रोत	८
१.९.२	सामग्री विश्लेषण विधि	९
१.१०.	शोधको रूपरेखा	९
	द्वितीय अध्याय (वास्तुशास्त्रको परिचय)	
२.१.	'वास्तु' शब्दको उत्पत्ति	१०
२.२.	वास्तु-विद्या/शास्त्र	१०
२.३.	वास्तुशास्त्र र धर्म	१०
२.४.	वास्तुशास्त्र र विज्ञान	११
२.५.	वास्तु र मानवजीवनको सम्बन्ध	१४

२.५.१. वैदिक वास्तुशास्त्र	१४
२.५.१.२.स्थापत्यवेद	१५
२.५.१.३. वेदाङ्गमा ज्योतिषशास्त्र	१६
२.५.१.४. पौराणिक वास्तुशास्त्र	१६
२.५.१.५. रामायण र महाभारतमा वास्तु	१६
२.५.२. आधुनिक वास्तुशास्त्र	१७
२.५.३. वास्तुशास्त्रको इतिहास	१८
२.६. भवन विन्यास	१९
२.७. वास्तुपुरुषको स्थिति	१९
२.८. आवासीय वास्तु	२०

तृतीय अध्याय (वास्तुशास्त्रको सैद्धान्तिक अध्ययन)

३.१. वास्तुशास्त्रमा पञ्चतत्त्वको सिद्धान्त	२१
३.१.१. पृथिवी	२१
३.१.२. जल	२२
३.१.३ अग्नि /तेज	२२
३.१.४. वायु	२२
३.१.५. आकाश	२३
३.२. पञ्चतत्त्वको प्राकृतिक चक्र	२४
३.३. पञ्चतत्त्व र दिशा	२४
३.४. दिग्देवता र दिशा	२५
३.५. वास्तु र ग्रह	२६
३.६. भूमिखण्ड लक्षण	२६
३.७. ग्रामनिवास विचार	२७
३.८. वर्गमैत्री विचार	२७
३.९. काकिणी विचार	२८
३.१०. राशि र वर्गअनुसार वर्जित दिशा	२८
३.११. दशा विचार	२९
३.१२. भद्रा विचार	३०
३.१२.१.भद्रा परिहार	३१
३.१३. मुहूर्त्तप्रकरण	३१
३.१३.१ पक्ष तथा तिथि	३२
३.१४. गृहारम्भ मुहूर्त	३२
३.१५. घर छाउने मुहूर्त	३३
३.१६. पुरानो घरमा पुनः प्रवेशको मुहूर्त	३३
३.१७. चुलो बनाउने मुहूर्त	३३

३.१८. काठको खलियो बनाउने मुहूर्त ३४
३.१९. वास्तु भूमिको दीर्घता र विस्तार ज्ञान ३५
३.२०. आय अनुसार गृहद्वार विचार ३६
३.२१. गृहारम्भमा वर्ज्य विषय ३६
३.२२. घरमा व्यय र अंश-ज्ञान ३६
३.२३. गृह ध्रुवाङ्क आनयन ३७
३.२४. ध्रुवादि गृहहरूको नामाक्षर संख्या ३७
३.२४.१. घरका सोह्र नाम ३८
३.२५. गृहारम्भमा वास्तुचक्र ३८
३.२६. प्रकारान्तरले गृहारम्भ विचार ३९
३.२७. तिथि भेदले द्वार निषेध ४०
३.२८. गृहारम्भमा पञ्चाङ्ग शुद्धि ४०
३.२९. गृहारम्भमा राहुमुखको विचार ४१
३.३०. वास्तुभूमि भेदले मुहूर्त्त र कूपको शुभाशुभ फल ४२
३.३१. गृहारम्भमा ग्रहस्थिति फल ४३
३.३२. ग्रहस्थितिको योगान्तर ४३
३.३३. चिरस्थायी र लक्ष्मीयुक्त घरका तीन योग ४३
३.३४. घर अर्काको हातमा पर्ने योग ४४
३.३५. गृहारम्भमा नक्षत्र र वारको योगजनित फल ४४
३.३६.गृह-प्रवेशको पूर्व कर्तव्य ४५
३.३७. द्वारचक्र र त्यसको फल ४५
३.३८. वर्णअनुसार द्वारको व्यवस्था ४६

चतुर्थ अध्याय(मत्स्यपुराणमा वास्तुशास्त्रको अध्ययन र विश्लेषण)

४.१. मत्स्यपुराणको परिचय ४७
४.२. मत्स्यपुराणको कथासार ४८
४.३. मत्स्यपुराणमा वंशावली ४९
४.४. मत्स्यपुराणमा राजधर्म र राजनीति ४९
४.५. मत्स्यपुराणमा दुर्ग ५०
४.६. मत्स्यपुराणमा तीर्थमाहात्म्य ५०
४.७. मत्स्यपुराणमा सावित्री सत्यवान् ५१
४.८. मत्स्यपुराणमा आयुर्वेद चिकित्सा ५१
४.९. मत्स्यपुराणमा वास्तु ५१
४.१०. वास्तुशास्त्रका उपदेष्टा ५२
४.११. वास्तुपुरुषको उत्पत्ति ५२
४.१२. गृहनिर्माणको समय र फल ५३

४.१३. गृहनिर्माणका लागि प्रशस्त नक्षत्रहरू ५३
४.१४. गृहनिर्माणका लागि अप्रशस्त योगहरू ५४
४.१५. गृहनिर्माणका लागि प्रशस्त मुहूर्तहरू ५४
४.१६. गृहनिर्माणका लागि शुभ दिन ५४
४.१७. गृहनिर्माणका लागि भूमिको रङ्ग परीक्षण ५४
४.१८. गृहनिर्माणका लागि भूमिको स्वाद परीक्षण ५४
४.१९. भूमिको शुभाशुभ परीक्षण ५५
४.२०. वास्तुचक्रको वर्णन ५५
४.२१. भवननिर्माणविधि ५७
४.२१.१. चतुःशाल भवन ५७
४.२१.२. त्रिशाल भवन ५७
४.२१.३. द्विशाल भवन ५८
४.२१.४.राजभवन निर्माण ५८
४.२१.५. युवराज भवनका ५ प्रकार ५९
४.२१.६. सेनापति भवनका ५ प्रकार ५९
४.२१.७. मन्त्री भवनका ५ प्रकार ५९
४.२१.८. सामन्त, सानो राजा र सानो मन्त्री (अमात्य) भवनका ५ प्रकार ५९
४.२१.९. शिल्पकार, कंचुकी र वेश्याहरूका लागि भवनका ५ प्रकार ५९
४.२१.१०.दूत र परिवारका अन्य सदस्यका लागि भवनका ५ प्रकार ५९
४.२१.११.गुरु, ज्योतिषी, वैद्य, सभापति र पुरोहितका लागि भवनका ५ प्रकार ६०
४.२१.१२.चारै वर्णका लागि भवनका ५ प्रकार ६०
४.२२. गृहस्तम्भवर्णन ६१
४.२३. वास्तुविषयक वेध ६१
४.२४. वास्तु र वृक्ष ६२
४.२५. गृहनिर्माण विधि ६२
४.२६. गृहनिर्माणमा ग्राह्यकाष्ठ ६५
४.२७. देवप्रतिमाको प्रमाण निरूपण ६६
४.२८. प्रतिमाको उचाइ, मोटाइ र लम्बाइ ६७
४.२९. प्रतिमाको लक्षण, मान, आकार आदिको कथन ७०
४.३०. शिवको आदि मूर्तिको आकार ७०
४.३१. अर्धनारीश्वर प्रतिमाको वर्णन ७२
४.३२. उमामहेश्वर मूर्तिको लक्षण ७२
४.३३. शिवनारायण प्रतिमाको निर्माण ७३
४.३४. महावराह प्रतिमाको वर्णन ७३
४.३५. नृसिंह प्रतिमा वर्णन ७४
४.३६. वामन प्रतिमा वर्णन ७४
४.३७. ब्रह्माको प्रतिमाको वर्णन ७५

४.३८. कार्तिकेयको प्रतिमाको वर्णन ७५
४.३९. गणेशको प्रतिमाको वर्णन ७६
४.४०. भगवती कात्यायनीको प्रतिमा वर्णन ७६
४.४१. देवराज इन्द्रको प्रतिमा वर्णन ७७
४.४२. सूर्यको प्रतिमा निर्माण विधि ७७
४.४३. अग्निको स्वरूप वर्णन ७७
४.४४. यमराजको प्रतिमा वर्णन ७८
४.४५ निर्ऋतिको प्रतिमा वर्णन ७८
४.४६. महाबली वरुणको प्रतिमा वर्णन ७८
४.४७. वायुदेवको प्रतिमा वर्णन ७८
४.४८. कुबेरको प्रतिमा वर्णन ७९
३.४९. ईशानदेवको प्रतिमा वर्णन ७९
४.५०. मातृकाहरूको प्रतिमा वर्णन ७९
४.५१. लक्ष्मी, यक्षिणी र कामदेव प्रतिमा वर्णन ८०
४.५२. पीठिकाहरूको भेद, लक्षण र फल ८१
४.५३. शिवलिङ्गको निर्माण विधि ८२
४.५४. गर्भमानको प्रमाणले बन्ने लिङ्गको वर्णन ८३
४.५५. प्रतिमाको प्रतिष्ठाको प्रसङ्गमा यज्ञाङ्गरूप कुण्डादिको निर्माण विधि ८४
४.५६. नेत्र तथा अन्य चिह्नहरूको उद्धारको प्रकार ८५
४.५७. लिङ्गको लक्षणोद्धार ८६
४.५८. पुजारी र प्रतिष्ठा गराउने ब्राह्मणका लक्षण ८६
४.५९. अधिवासन विधि ८७
४.६०. मूर्तिको नाम तथा रक्षक अधिपतिको वर्णन ८९
४.६१. प्रतिमाको प्रतिष्ठाको विधि ९०
४.६२. प्रतिमाको प्रतिष्ठाको अङ्गभूत अभिषेक स्नानको निरूपण ९३
४.६३. वास्तु शान्तिविधि ९५
४.६४. प्रासाद (देवमन्दिर)हरूको भेद र निर्माणको विधि ९७
४.६५. प्रासाद संलग्न मण्डपहरूको नाम, स्वरूप, भेद र निर्माणको विधि १००
४.६६. मण्डपको लक्षण १०१

५.पञ्चम अध्याय (उपसंहार)

५.१. अध्यायगत सारांश १०३
५.२. सारांश १०४
सन्दर्भग्रन्थसूची १०६
परिशिष्ट (सुझाव तथा वास्तुसम्बन्धी नक्साहरू) १०८

प्रथम अध्याय

शोधपत्रको परिचय

१.१.शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **मत्स्यपुराणमा वास्तुशास्त्र** रहेको छ ।

१.२. शोधप्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्रसङ्काय-अन्तर्गत स्नातकोत्तर तह सामिसत्रात्मक संस्कृत विषयको Skt . C . 562A पत्रको परिपूर्ति गर्ने प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

१.३.विषयपरिचय

सनातन धर्मको एक आधार पुराण साहित्य हो । **"इतिहासपुराणाभ्यां वेदं समुपबृंहयेत्"**[१] । पुराणलाई वेदको अङ्गको रूपमा बुझिन्छ । हाम्रा वैदिक वाङ्मयभित्र श्रौतसूत्रहरू, धर्मसूत्रहरू तथा शुल्वसूत्रहरू छन् । ती सूत्रहरूमा सन्निहित ज्ञानधाराहरूबाट प्रवाहित हुने ज्ञानमा वास्तुशास्त्रको बीजतत्त्व पनि पाइन्छ ।

मानवसभ्यताको विकाससँग-सँगै वास्तुशास्त्रको पनि उत्पत्ति र विकास हुँदै आएको तथ्य प्रमाणिक प्राचीन ग्रन्थहरूको अध्ययनबाट जान्न सकिन्छ । वास्तुसँग सम्बन्धित शास्त्र नै वास्तुशास्त्र हो । संसारका प्रत्येक मानव सुखपूर्वक जीवनयापनका लागि उपयुक्त स्थानको खोजिमा रहेको हुन्छ । उसले प्राप्त गर्ने स्थानमा नै लौकिक र पारलौकिक सुखभोग, आरोग्यता, सुन्दर जीवन-साथी, सन्तान, धन, व्यापार, राष्ट्रसेवा, सामाजिक लाभ, मान-प्रतिष्ठा, शास्त्रीय ज्ञान र आत्मिक शान्ति पनि तत्स्थानमा समाविष्ट हुनुपर्दछ भन्ने चाहना गर्दछ । पाणिनीय व्याकरण अनुसार (वसेरगारे णिच्च १।७० तुण्) **वस्** धातुमा **तुण्** प्रत्यय लागेर **वास्तु** शब्द निष्पन्न हुन्छ । निवासार्थक वास्तुशब्दमा शास्त्र शब्दको योग

---

१. इतिहासपुराणाभ्यां वेदं समुपबृंहयेत् ।
विभेत्यल्पश्रुताद् वेदो मामयं प्रहरिष्यति ॥ (महाभारत, आदिपर्व १ । १ । २६७) ।

भएर वास्तुशास्त्र बनेको हो । वैदिक सनातन परम्पराको आध्यात्मिक, आधिदैविक, आधिभौतिक, मानसिक सांस्कृतिक उत्थानमा वास्तुशास्त्रको महत्त्व रहेको छ । वैदिक वास्तुकलाको प्रमुख विशेषता भनेको अध्यात्म निष्ठा नै हो ।

जन्मदेखि मृत्युपर्यन्त मनुष्यले गर्ने कर्मलाई त्रिकालदर्शी ऋषिमुनिहरूले वैज्ञानिक ढंगले मर्यादित एवं सुसंस्कृत व्याख्या शास्त्रहरूका माध्यमद्वारा विधिनिषेध पूर्वक निर्देश गरेका छन् । ती सबैको पर्यवसान परम श्रेयको प्राप्ति हो । पूर्वीय सभ्यतामा मनुष्यले आफ्नो निवासका लागि भवन निर्माण गर्दा वास्तुशास्त्रको मर्यादामा रहेर मात्र निर्माण गर्ने अभ्यास भूमण्डलमा अद्यापि विद्यमान छ ।

वास्तुशास्त्र अनुसार भवन निर्माण र वास्तुदोषहरूको निवृत्तिका लागि वास्तुसूत्रहरूको अवलम्बन गर्दै निवासस्थल निर्माण गर्नुपर्छ ।

१.४. समस्याकथन

प्रस्तुत शोधको समाधेय विषय मत्स्यपुराणमा वास्तुशास्त्रको अध्ययन गर्नु रहेको छ । प्रस्तुत शोधका समस्याहरू निम्नानुसार छन् :–

क) वास्तुशास्त्र के हो ?

ख) मत्स्यपुराणमा वास्तुशास्त्र सम्बन्धमा के कस्ता वैज्ञानिक पक्षलाई समावेश गरिएको छ ?

ग) वास्तुशास्त्र सम्बन्धी आधारग्रन्थ कुन हो र वास्तुशास्त्रको बारेमा वास्तविक विवेचना कहाँ गरिएको छ आदिका बारेमा विश्लेषण गरी निष्कर्षमा पुग्नु नै यस शोधकार्यको मूल समस्या हो ।

१.५. शोधकार्यको उद्देश्य

यस शोधबाट निम्न उद्देश्यहरू प्राप्त हुने छन् :-

- मत्स्यपुराणमा वास्तुशास्त्रको विषय, सन्दर्भ र प्रसंग भएका अध्यायहरूको पहिचान ।
- मत्स्यपुराणमा वास्तुशास्त्रसम्बन्धी विषयहरूको व्यावहारिक जीवनमा उपयोगिताको प्रस्तुति ।
- मत्स्यपुराणमा वास्तुशास्त्रका विषयहरूको आधुनिक वैज्ञानिक भाषामा विश्लेषण ।

१.६. पूर्वकार्य समीक्षा

विगतका अध्ययनले वर्तमानलाई डोऱ्याउँछ भने जस्तै पूर्वकार्यको अध्ययनविना वर्तमान कार्यको सफलता पाउन नसक्ने हुँदा कुनै पनि शोधकार्य गर्नुपूर्व सम्बन्धित विषयमा के कति अध्ययन अनुसन्धान भएका छन् भनी लेखाजोखा गरिनु उपयुक्त मानिन्छ ।

संस्कृत वाङ्मयमा धेरै नै सिद्धहस्त विद्वान्हरूले वास्तुशास्त्र सम्बन्धमा व्याख्या गरेको पाइन्छ । वेदमा गृहम्, गेहम्, शाला, भवनम् आदि गृह शब्दका पर्यायवाची शब्दहरू पाइन्छन् । वैदिक कालमा पनि वास्तुशास्त्रका आधारमा गृहनिर्माण भएका थिए ।

मत्स्यपुराणका २५२ अध्यायदेखि २७० अध्यायपर्यन्त वास्तुशास्त्र सम्बद्ध ज्ञानका लागि महत्त्वपूर्ण देखिन्छ । **निवासात् सर्वदेवानां वास्तुरित्यभिधीयते**[२] अर्थात् देवताहरूको निवासको कारणले वास्तुशब्दको ज्ञान हुन्छ । पाञ्चभौतिक तत्त्वहरू पृथिवी, जल, तेज, वायु र आकाशसँगै भवन, आवास र पर्यावरणसँगै समग्र भूमण्डलको ज्ञान गर्ने शास्त्र वास्तुशास्त्र हो । गृह (निवास) विना गृहस्थका कर्महरू सिद्ध हुँदैनन् ।[३]

अग्निपुराणमा[४] गृहवास्तुरचना, गरुडपुराणमा[५] निवास स्थान स्वरूपविषयक सन्दर्भ निरूपित छन् । रामायण-महाभारतमा पनि वास्तुसन्दर्भ पाइन्छन् ।

कमलाकान्त शुक्लद्वारा सम्पादित **वास्तुसारसंग्रह**नामक पुस्तकमा विश्लेषण गरे अनुसार वास्तुशास्त्र विज्ञानपूर्ण विद्या हो, जसको प्रभावलाई प्रत्यक्ष दृष्टि गोचर गर्न सकिन्छ । निवासका लागि उत्तम स्थानको चयन, भूमि परीक्षण, शिलान्यास, दिशा चयन, वास्तुदेवता आदिको व्याख्या शास्त्रीय रूपमा गरिएको छ । संस्कृत र हिन्दी भाषामा लेखिएका पुस्तकमा वास्तुसम्बन्धी आधुनिक वैज्ञानिक तथ्य र तर्कको अभाव पाइन्छ ।[६]

जगदीश शर्माद्वारा लिखित **वैदिक वास्तु**नामक पुस्तकमा बताइए अनुसार वास्तुको सम्बन्ध पहिले राष्ट्र, नगर र त्यसपछि स्थानविशेषसँग हुन्छ । वस्तुतः गाँउ राम्रोसँग

---

२. म. पु. २५२ । १९ ।

३. गृहस्थस्य क्रियाः सर्वा न सिध्यन्ति गृहं विना ।
यतस्तस्माद्गृहारम्भप्रवेशसमयो ब्रुवे ॥ (शुक्लश्री कमलाकान्त, वास्तुसारसंग्रह, पृ. ३)

४. अग्निपुराण ४२,४३,४४,४६,४९,५०,५१,५३,५४,५५,६०,६२, १०४ र १०६ अध्याय ।

५. गरुडपुराण, भवनदुर्गलक्षणम् ४६ र ४७, अध्याय ।

६. शुक्ल, कमलाकान्त, वास्तुसारसंग्रह, सन् २०१६ ।

बस्यो भने नगर राम्रो बन्छ । साथै गाँउ राम्रो बन्यो भने मानव सभ्य बन्छ । घर, भवन आदिको निर्माण योग्य स्थानमा गरिनु नै वास्तु हो । त्यसकारण नगर योजना वास्तुशास्त्रको सर्वाधिक महत्त्वपूर्ण अङ्ग र प्रधान विषय हो । हिन्दी भाषामा रचित पुस्तकमा विषयवस्तुको विविधता भएपनि मत्स्यपुराणको सन्दर्भ अभाव रहेको पाइन्छ । [७]

राधाकृष्ण श्रीमालीद्वारा लिखित **बृहद्वास्तुशास्त्र**नामक पुस्तक अनुसार भाग्यलाई बदल्न सम्भव हुन्न तर शास्त्रको आज्ञालाई पालन गरी त्यसको गतिलाई अवश्य परिवर्तन गर्न सकिन्छ, जसबाट कार्यफलमा अन्तर हुन जान्छ । वास्तुशास्त्रको अनुसार भवन निर्माण र वास्तुदोषहरूबाट निवृत्तिको उपायलाई अपनाउनुका पछाडि यही अवधारणाले कार्य गर्दछ । यसमा पनि मत्स्यपुराणको विषय र सन्दर्भहरूको अभाव रहेको पाइन्छ । [८]

द्विजेन्द्रनाथ शुक्लद्वारा लिखित **वास्तुप्रासाद**नामक पुस्तक अनुसार पूर्वीय वास्तुकलाको सर्वप्रमुख विशेषता अध्यात्म निष्ठा हो । प्रत्येक देश एवं जातिको वास्तु कृतिहरूमा तत् तत् देशीय एवं तत् तत् जातीय विशेषताहरूको छाप रहन्छ । हिन्दी भाषामा रचित यस ग्रन्थमा कठिन भाषा शैलीको प्रस्तुति रहेको छ साथै वैज्ञानिक विश्लेषणको अभाव पाइन्छ । यस पुस्तकमा वास्तुशास्त्र र ज्योतिषशास्त्रको अन्तरसम्बन्धलाई गहन रूपमा प्रकाशित परिएको छ । [९]

वासुदेवकृष्ण शास्त्रीद्वारा सङ्कलित **वास्तुशास्त्र ज्ञान**नामक पुस्तकका अनुसार वास्तुका शास्त्रीय सन्दर्भहरू पर्याप्त रूपमा यस पुस्तकमा समेटिए पनि वैज्ञानिक विश्लेषण भने अपर्याप्त रहेको छ । नेपाली भाषामा रचित यस पुस्तकमा मत्स्यपुराणका सन्दर्भहरू केही मात्रामा मात्र समेटिएका छन् । [१०]

प्रेमराज न्यौपानेद्वारा लिखित **वास्तु विधाननामक** पुस्तकमा गृहबाट सुख समृद्धि ऐश्वर्य प्राप्त गर्ने पद्धतिहरूको विधान रहेको छ । यस पुस्तकमा मानवसभ्यताको विकासक्रम, मानवलाई गृहनिर्माणकला सिकाउने प्राणीहरू, वास्तुविद्का विशेषताहरू, गृहनिर्माण पद्धतिको व्याख्या, वास्तुका विविध रूपहरू, भिन्नभिन्न मुलुकका प्राचीन

---

७. शर्मा, जगदीश, वैदिक वास्तु, सन् २००४ ।
८. श्रीमाली, राधाकृष्णबृहद् वास्तुशास्त्र, सन् २००७ ।
९. शुक्ल, द्विजेन्द्रनाथ, वास्तुप्रासाद, सन् २०१४ ।
१०.शास्त्री, वासुदेवकृष्ण, वास्तुशास्त्र ज्ञान, वि.सं.२०६२ ।

गृहनिर्माण पद्धति, आधुनिक प्रविधि तथा इन्जिनियरिङलाई वास्तुभित्र समायोजित गर्दै आधुनिक पद्धति अनुसार सिद्ध गर्न खोजिएको छ ।[११]

'स्थापत्यकलाको महत्त्व र विकासका सम्भावनाहरू'[१२]नामकलघुशोध अनुसन्धानमा वास्तुकलालाई वैज्ञानिक र इन्जिनियरिङको प्राविधिक भाषामा प्रस्तुत गरिएको छ । यस लघु अनुसन्धानमा शास्त्रीय तथ्यहरूको अभाव पाइन्छ साथै मत्स्यपुराणका सन्दर्भहरू नसमेटिएको पाइन्छ । नेपाली भाषामा लेखिएको शोधमा वास्तुविज्ञानका प्राविधिक विषयहरूलाई मात्र प्रकाशित गरिएको छ ।

'Cultural history from the Matsaya -Puran'[१३]शीर्षकमा भएको शोध अनुसार हाम्रो समाजमा पुराणहरूको अद्वितीय स्थान रहेको छ । पुराणहरू जनमनको भावना बोक्ने र साथै धर्म, दर्शन, पुरातत्त्व, तन्त्र आदिको तुलनात्मक अध्ययन गर्न सघाउने अत्यन्त फलदायी विद्याका रूपमा रहेको पाइन्छ । यसका अतिरिक्त मत्स्यपुराण प्राचीन इतिहास र संस्कृतिको अध्ययनका लागि अत्यन्त महत्त्वपूर्ण साहित्य मानिन्छ । साथै यसमा वैदिक भाषिक इतिहासका पनि विवरणहरू पाइन्छन् ।

'A study of Purani Vartas'[१४]भन्ने विषयको शोधमा व्रतहरूबारे विविधकुराहरू उल्लेख भएका छन् र यसको सार्थक अभ्यास कसरी गर्ने, क-कसले गर्ने भन्ने तथ्यहरूबारे पुराणहरूमा विशेषरूपमा उल्लेख गरिएको छ । यस शोधमा पुराणहरूको सन्दर्भमा उल्लेख भएको व्रतको प्रकृति र क्रियात्मक पक्षहरूबारे उजागर गरिएको छ । व्रत भन्ने शब्द पहिलो पटक ऋग्वेदमा उल्लेख भएको पाइन्छ । व्रतसँगै मूर्ति, पूजा, दान, आदिको पुराणकृत व्याख्या गरिएको छ । मत्स्यपुराणसहित अन्य पुराणहरूको सन्दर्भसहित व्रतको व्याख्या तथा विश्लेषण गरिएको छ । हिन्दु समाजमा व्रतको विशेष महत्त्व र श्रद्धालाई पुराणहरूले पुष्टि गर्दै आएका छन् । मत्स्यपुराणको सन्दर्भसहित व्रतको संवेदनशील पक्षलाई यस शोधले व्यावहारिक रूपमा पुष्टि गरेको छ । यस शोधले वास्तुशास्त्रलाई प्रत्यक्ष रूपमा नछोए पनि मत्स्यपुराणका माध्यमबाट विभिन्न सन्दर्भसहित अप्रत्यक्ष रूपमा भने जोडिएको छ ।

---

११. न्यौपाने, प्रेमराज, वास्तुविधान, वि.सं.२०७१ ।
१२. न्यौपाने, प्रेमराज स्थापत्यकलाको महत्व र विकासका सम्भावनाहरू (२०६५, ०६६) ।
१३. कान्तावाला, एस्.जी., Cultural history from the Matsaya -Puran, सन् १९५९ ।
१४. पिएरसन्, एनि.एम्, A study of Purani Vartas, सन् १९८३ ।

'Vaastu -Silpa Shastra'[१५]शीर्षक शोधमा वास्तुशास्त्र हिन्दुशास्त्रहरूको उपज हो जसका प्रमाणहरू आज पनि वेद र पुराणहरूमा संरक्षित छ । आज शिल्पशास्त्रको विविध अध्ययन र अवधारणाहरूको विकास भएको छ । आजको सन्दर्भमा पूर्व र पश्चिम दुवैतिर वास्तुशास्त्रको अवधारणालाई जन-जनले निर्माण जगत्मा व्यापक रूपमा प्रयोग गरेको पाइन्छ । वास्तुशास्त्रमा उल्लेख भएको भूमि चयन, माटो परीक्षण, गृहको आन्तिरक योजना आदि कुराहरूले मान्छेको मनोविज्ञान र लोक जीवनमा अत्यन्त धेरै भूमिका खेलेको देखिन्छ । जीवनमा खुसी, समृद्धि तथा शान्तिका लागि वास्तुको अभ्यास जरुरी हुन्छ । जसका लागि पुराणहरूको अध्ययन र अनुसन्धान आवश्यक छ । वास्तुशास्त्रलाई आजको आधुनिक स्वरूपहरूमा पनि क्रमशः विकसित गर्नुपर्ने देखिन्छ ।

'Connection between Spirituality and Sustainable Development'[१६]शीर्षकमा प्राचीन भवन निर्माणविधिः फेङशूई र वास्तुशास्त्रको मूल आधार आध्यात्मिकतालाई जनाइएको छ । दुवैको आधार प्राचीन शास्त्रहरूलाई नै मानिएको छ । वास्तुशास्त्रको जननी वेद र पुराणहरू नै हुन् भन्ने उल्लेख छ ।

'Vastu Shastra in house construction and furnishing'[१७]शीर्षकमा तयार पारिएको शोधमा आधुनिक आर्किटेक्चर र वास्तुशास्त्रलाई निकै प्राविधिक स्तरबाट तुलना र तादात्म्य स्थापना गरिएको छ । भवनको बाहिरी निर्माण र भित्री अवयवहरूको व्यवस्थापनले मानवजीवनलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा हरक्षण प्रभावित बनाइरहेको हुन्छ । घरभित्रको स्नान-घरको स्थान र स्वरूप, पूजा कोठा, भान्सा कोठा आदिको स्थानका बारेमा विस्तृत व्याख्या गरिएको छ । यस शोधमा पौराणिक विषय र सन्दर्भहरूको अभाव रहेको छ । गणितीय सूत्रहरूले भरिएको प्रस्तुत शोध सामान्य व्यक्तिका लागि बुझ्न निकै कठिन हुने देखिन्छ ।

'The Infinite Space Manifestation of bindu and mandala in architecture'[१८]शीर्षकमा तयार पारिएको यस शोधमा पौराणिक सन्दर्भमा बिन्दु र मण्डलको सांस्कृतिक पक्षलाई गहिराइमा गएर अध्ययन गरिएको छ । बिन्दु र मण्डलहरू

---

१५. पुरी, सोनलकमलेश, Vaastu -Silpa Shastra, सन् १९९७ ।
१६. जैन, निधी, Connection between Spirituality and Sustainable Development, सन् २००१ ।
१७. नीतिमा, VastuShastra in house construction and furnishing, सन् २००५ ।
१८. खान, जाफेर अयुब, The Infinite Space Manifestation of bindu and mandala in architecture सन् २०१७ ।

बीच तादात्म्य स्थापित गर्ने नियमहरू ब्रह्माण्डीय छन् र यी ब्रह्माण्डीय नियमहरूलाई आजको आधुनिक आर्किटेक्चरसँग जोड्दा यो विश्व जगत्मा बाँच्नका लागि अझ अर्थपूर्ण स्थान हुने कुरामा जोड दिइएको छ । ३० वर्षको अनुभव र परीक्षणमा आधारित यस शोधले वास्तुको सांस्कृतिक र प्राकृतिक पक्षहरूलाई पनि प्रस्तुत गरेको छ । अंग्रेजी भाषामा गरिएको यस शोधमा वास्तुको सांस्कृतिक पक्षको प्रधानता देखिन्छ भने व्यावहारिक र समग्र पक्षहरूको अभाव देखिन्छ ।

१.७. अध्ययनको औचित्य

वास्तुशास्त्रअनुसार गृह-निर्माण र वास्तुदोषहरूको निवृत्तिका उपायहरू अपनाउनाले चारवटै पुरुषार्थ प्राप्त गराउन मद्दत गर्दछ ।

मत्स्यपुराणमा वर्णित वास्तुदर्शन र विज्ञानको सान्दर्भिक व्याख्या, वास्तुको शारीरिक र मानसिक प्रभावको ग्रन्थगत मौलिक व्याख्या गरिनु, वास्तुको विशेषता खोजिनु वास्तुशास्त्रको शास्त्रीय र व्यावहारिक निष्कर्ष दिनाले नै औचित्य स्वतः सिद्ध हुन्छ ।

वास्तुशास्त्रीय अवधारणाहरूलाई बोध गर्न आधारहरू प्राप्त हुने छन् । शोधको परिणामले वास्तुको ज्ञान सबैले बुझ्ने वैज्ञानिक आयामको विकास हुनेछ । सर्वसाधारण जनले पनि यसबाट प्रत्यक्ष लाभ लिनेछन् ।

१.८. अध्ययनको सीमा

यस शोधको सीमा मत्स्यपुराणका अध्याय २५२ देखि २७० सम्मका ७९४ श्लोक भित्रका विषय वस्तुहरू हुनेछन् । मत्स्यपुराणमा वर्णित वास्तुशास्त्रका महत्त्वपूर्ण विषयवस्तुहरू यस अध्ययनको सीमाभित्र पर्छन् ।

१.९. शोधविधि

अनुसन्धान आफैँमा एक जटिल र चुनौतीपूर्ण कार्य हो । अनुसन्धान कार्यलाई व्यवस्थित, औपचारिक तथा छिटोछरितोतरिकाले सु-सम्पन्न गर्नका लागि त्यस विषयसँग सम्बन्धित विधिको उपयोग गरिन्छ । मत्स्यपुराणमा वास्तुशास्त्र शीर्षकमा अनुसन्धान गर्नका लागि मुख्यरूपमा पुस्तकालयीय विधिको र आंशिक रूपमा विशेषज्ञहरूसँगको अन्तरक्रियाविधिलाई प्रयोग गरिएको छ जसका लागि निम्नानुसारको प्रक्रिया अवलम्बन गरिएको छ ।

१.९.१. सामग्रीसङ्कलन विधि

यस अध्ययनका लागि मत्स्यपुराणको २५२ अध्यायदेखि २७० अध्यायसम्मका ७९४ श्लोकभित्रका विषयवस्तुहरू हुनेछ । त्यसमा पनि मत्स्यपुराणमा वर्णित वास्तुशास्त्रका महत्त्वपूर्ण विषयवस्तुहरूको अध्ययन गरी त्यहाँ उपदेश भए-अनुसारका सान्दर्भिक विषयवस्तुहरूलाई छनोट गरिएको छ । द्वितीय स्रोत सामग्रीका रूपमा पूर्व शोधकार्य र सम्बद्ध पुस्तक वा लेख-रचनाहरूको पुस्तकालयीय अध्ययन र मननद्वारा आवश्यक विधि र प्रक्रियाका लागि ग्रहण गरिएको छ ।

१.९.१.१. प्राथमिक स्रोत

यस अध्ययनका लागि आवश्यक सामग्री सङ्कलन गर्न विषयगत विशेषज्ञ गुरुहरूसँगको अन्तरक्रियाबाट प्राप्त सामग्रीहरू तथा मत्स्यपुराणका निर्धारित अध्याय र सम्पूर्ण मत्स्यपुराणलाई प्राथमिक सामग्रीका रूपमा ग्रहण गरिएको छ ।

१.९.१.२.द्वितीय स्रोत

अध्ययनको द्वितीय स्रोतअन्तर्गत प्राचीन र प्रसिद्ध वास्तुग्रन्थका साथै वास्तु विषयमा प्रकाशित अन्य आधुनिक पुस्तकहरू, शोधपत्रहरू, पत्रपत्रिकाहरू, लेख-रचना अवलम्बन गरिनुका साथै यस शोधकार्यलाई परिणाममुखी बनाउन सम्बन्धित विषयका व्यक्तिहरू, विद्वान्, गुरुवर्ग तथा शोधनिर्देशकको सल्लाह, सुझाव र मार्गदर्शनलाई अपनाइएको छ ।

१.९.२ सामग्री-विश्लेषणविधि

यस अध्ययनका लागि छनोट एवं सङ्कलन गरिएका सामग्रीहरूलाई केलाई त्यहाँ उल्लेख भएको वास्तुशास्त्रको विषय, सन्दर्भ र प्रसंग भएका अध्यायहरूको सङ्कलन गरी तिनीहरूको वर्गीकरण एवं सैद्धान्तिक विश्लेषण गरी ती पक्षहरूको व्यावहारिक जीवनमा उपयोगिता प्रस्तुत गरिएको छ । अन्तमा मत्स्यपुराणका ती अध्यायहरूमा प्रस्तुत भएका वास्तुशास्त्रका विषयहरूको विश्लेषण गरी सत्य-तथ्यलाई परिष्कृत स्वरूपमा विश्लेषण र विवेचना गरी कार्यान्वयन गरिएको छ ।

१.१०. शोधको रूपरेखा

शोधको रूपरेखा निम्नानुसार रहेको छः

प्रथम अध्याय : शोधपत्रको परिचय ।

द्वितीय अध्याय : वास्तुशास्त्रको परिचय

तृतीय अध्यायः वास्तुशास्त्रको सैद्धान्तिक अध्ययन

चतुर्थ अध्याय : मत्स्यपुराणमा वर्णित वास्तुशास्त्रको अध्ययन र विश्लेषण

पञ्चम अध्याय : उपसंहार

सन्दर्भग्रन्थसूचीः

परिशिष्ट (वास्तुसम्बन्धी नक्साहरू)

द्वितीय अध्याय

वास्तुशास्त्रको परिचय

२.१. 'वास्तु' शब्दको उत्पत्ति

वास्तु शब्द संस्कृतको मूल शब्द 'वासः'बाट बनेको देखिन्छ । पाणिनीय व्याकरण अनुसार वस् धातुमा (**वसेरगारे णिच्च १।७० उणादि**) तुण् प्रत्यय लागेर वास्तु शब्द निष्पन्न हुन्छ ।

२.२. वास्तु-विद्या/शास्त्र

"वेश्मभूर्वास्तुरस्त्रियाम्"[१९] अमरकोशअनुसार मनुष्य वा देवताहरूको निवास स्थानको नाम नै वास्तु हो । भवन निर्माण कला वास्तुविद्या हो, त्यही कला विज्ञान, निर्माण, व्ययवसाय वा अन्य रूपमा प्रयोग हुन्छ । वास्तुविद्या एक चमत्कारी गोपनीय ब्रह्मविद्या हो । निवासार्थक वास्तुशब्दमा शास्त्र शब्दको योग भएर वास्तुशास्त्र बनेको हो । वास्तुसँग सम्बन्धित शास्त्र नै वास्तुशास्त्र हो । मानव-जीवनलाई प्रभावित गर्ने अनेक कारकतत्त्व हुन्छन् । ती तत्त्वहरूमा वास्तु मात्र एउटा यस्तो विद्या हो जुन हाम्रो सौविध्यलाई मधुरतम बनाएर कटुतालाई कम गर्दछ ।

२.३.वास्तुशास्त्र र धर्म

वेदलाई धर्मको मूल[२०] शास्त्रको रूपमा मानिन्छ र ऋग्वेदमा स्थापत्यकला सम्बन्धी गहन तथ्यहरू प्राप्त हुनुले धर्म र वास्तुशास्त्र विविध रूपमा अन्तरसम्बन्धित रहेको छ । वैदिक तथा पूर्वीय धर्मदर्शनको चिन्तनमा शास्त्रसम्मत कार्य धर्म मानिन्छ र यसको विपरित कार्यलाई अधर्म मानिन्छ । पुराणहरूले आफ्नो उपासना पद्धतिमा विभिन्न देवताहरूको पूजा-अर्चना गर्ने शिक्षा प्रदान गरेका छन् । यसलाई आधार मानेर उपासकहरूले श्रद्धाको प्रतीकको रूपमा ती देवताहरूको विशाल मन्दिर एवं मूर्तिहरूको स्थापना गरेका छन् ।

---

१९. अमरसिंह, अमरकोश., द्वि., पुरवर्ग २.२.७९ ।
२०. वेदोऽखिलो धर्ममूलं स्मृतिशीले च तद्विदाम् ।
आचारश्चैव साधूनां आत्मनस्तुष्टिरेव च ॥ (मनुस्मृति २ । ६)

कालान्तरमा यिनै मन्दिर तथा मूर्तिहरू वास्तुशास्त्रीहरूका लागि शोधका साधन बने । राजा, महाराजा तथा सिद्ध पुरुषहरूले आफ्नो पुरुषार्थ सिद्ध गर्नका लागि ती निर्माण कार्यहरू गरेका भए पनि वास्तुशास्त्रले यसलाई भिन्न रूपमा लिन्छ । ती धरोहरहरूको निर्माण कीर्ति वा परमार्थको स्वरूपका उपज भए पनि ती रचनाको उपयोग गर्नेहरूको अधिकतम कल्याण तथा हितको भावना रहन्छ । कल्याणको भावना प्राथमिक हुन्छ र प्रभाव धार्मिक हुन्छ । धर्मशास्त्रहरूमा वर्णित देवी देवताहरूका मन्दिर मूर्ति, मानव एवं प्रकृतिबाट प्रेरित रहेको छ । देवी देवताहरूको मानवीकरण यसको उदहारण हो । मन्दिर र मूर्तिहरूमा प्रकृतिका अवयवहरूको चित्रणले यसलाई थप पुष्टि गर्दछ ।

धार्मिक अनुष्ठान तथा कार्यका लागि गरिएका जुनसुकै निर्माण कार्यहरूमा वास्तुशास्त्रको गहन मर्म अन्तर्निहित रहेको पाइन्छ । त्यहाँ वास्तुको विशिष्टता तथा वैज्ञानिकता पाइन्छ । अर्को अर्थमा वास्तु मर्मका साथ निर्मित प्राचीन सम्पदाहरूमा व्यापक रूपमा धार्मिक चित्रणहरू एवं व्यवस्थाहरू पाइन्छन् । हरेक निर्माण कार्यहरूको बनोटलाई धार्मिक आयोजन, उन्नयन तथा आध्यात्मिक विकाससँग जोडेर मात्र कल्पना एवं स्थापना गरिएको छ । जैनधर्मका निर्माण धरोहरहरू तथा बौद्धधर्मी स्तूपहरूमा पनि स्थापत्यकलाको अद्वितीय प्रयोग पाइन्छ ।

वास्तुशास्त्रको कल्पना नै भौतिक सुख र शान्तिका लागि भन्दा पनि मानसिक दुष्प्रभाव तथा आत्मिक दुष्प्रभावहरूबाट बच्नका लागि गरिएको मानिन्छ । वास्तुदोष निवारणका लागि पनि विभिन्न धार्मिक विधि पद्धतिहरूलाई अवलम्बन गरिएको हुँदा धर्म र वास्तु अत्यन्त सम्बन्धित विषयहरू हुन् । वास्तुशास्त्रको उत्पत्ति र प्रवर्तक नै धार्मिक धरातल परिवेशको रहेको छ । अतः वास्तुशास्त्रबाट यदि धार्मिक तत्त्व निकालियो भने वास्तुशास्त्रको मूल मर्म नै नष्ट भएर जान्छ । जीवनका ४ पुरुषार्थ प्राप्तिमा वास्तुशास्त्रको अत्यन्त महत्त्वपूर्ण भूमिका रहेको हुँदा यो धर्मसँग सम्बन्धित हुन्छ ।

२.४. वास्तुशास्त्र र विज्ञान

व्यवस्थित ज्ञान जो कुनै सिद्धान्तमा आधारित हुन्छ, जसमा अवलोकन र प्रयोगद्वारा सिद्धान्त प्रतिपादन गरिएको हुन्छ तथा कारण एवं परिणामका सम्बन्ध स्थापित गरिएको हुन्छ भने त्यसलाई विज्ञान भनिन्छ । विज्ञान सार्वभौमिक हुन्छ । वास्तुशास्त्र पनि ज्ञानको व्यवस्थित एवं क्रमबद्ध अध्ययन हो । वास्तुशास्त्र अनुसन्धान एवं परीक्षणमा

आधारित हुन्छ । सबै सिद्धान्तहरू तथ्यपरक छन् । वास्तुशास्त्रले सिद्धान्त कारण एवं परिणाममा सम्बन्ध राख्दछ । वास्तुशास्त्र आधुनिक विज्ञानभित्र अवश्य नै पर्दछ ।

वास्तुकलाको समस्त सिद्धान्त सबै प्रकारको धार्मिक एवं भौगोलिक स्वरूपलाई ध्यानमा राखेर बनाइएको छ । यी सिद्धान्तहरूलाई पर्यावरण र प्रकृतिपरक बनाउनका लागि सूर्य, ऊर्जा, वायु, चन्द्रमा तथा अन्य ग्रहसँग सम्बन्धित गरिएको छ । हाम्रा प्राचीन वास्तु आचार्यहरू मन्त्रद्रष्टा र तत्त्वज्ञानी थिए । आधुनिक भौतिक शास्त्रीय यन्त्रबिना नै सूर्यरश्मि सिद्धान्तलाई सम्पूर्ण प्रमाणिक वास्तुशास्त्रमा समाहित गराएका थिए । वास्तु निर्माणका लागि जुन वास्तुमण्डल वा वास्तुपुरुषको कल्पना गरिएको छ र वास्तुचक्रमा जुन जुन देवताहरूलाई दिशा सम्मुख प्रतिष्ठित गरिएको छ, ती सबै सूर्यरश्मि जलको स्पष्ट गर्ने हुन्छ ।

सूर्य सबै प्राणीहरूका आत्मवत् प्रेरणाका स्रोत हुन् । [२१]सूर्यका रश्मिहरूमा रोगलाई नष्ट गर्ने शक्ति हुन्छ । यसमा सात रङ्गहरू हुन्छन्[२२] । वास्तुशास्त्रमा पूर्व दिशालाई पर्याप्त महत्त्व दिइएको छ । पृथिवीको सतहलाई सूर्योदय एवं सूर्यास्तदेखि परिकल्पित गरिएको छ । यसकारण दिक्सम्मुखको स्थान प्रमुख हुन्छ जसबाट प्रातःकालमा सूर्योदय हुँदा सूर्यरश्मिहरू भवनको प्रत्येक भागमा प्रवेश गर्न सकून् । सूर्यको प्रकाशमा पनि समयान्तर्गत परिवर्तन आइरहन्छ । मानव शरीरलाई अपराह्नको सूर्यरश्मि त्यति राम्रो मानिन्न । सूर्यका रश्मिहरूमा रेडियो धर्मिता रहेको कुरा आधुनिक विज्ञानले पनि पुष्टि गरिसकेको छ । सूर्यार्घ प्रदान गर्ने आर्षपरम्परा सूर्यरश्मिसँग सम्बन्धित रहेको छ ।

सूर्यको ऊर्जालाई अधिक समयसम्म भवनमा प्रवेश गराई राख्नको लागि नै दक्षिण र पश्चिम भागको अपेक्षा पूर्व एवं उत्तर तर्फ भवन निर्माण तथा त्यसको सतहलाई तल राख्ने प्रयास गरिन्छ । प्रातःकालीन सूर्यरश्मिहरूमा अल्ट्राभायलेट रश्मिहरूभन्दा धेरै भिटामिन डी तथा भिटामिन एफ रहेको हुन्छ । वास्तुशास्त्रमा भवनको पूर्वी एवं उत्तरी क्षेत्र खुला राख्नुको मुख्य कारण यही हो । प्रातःकालीन सूर्यरश्मिहरू सजिलैसँग भवनमा प्रविष्ट हुनसकून् । यसप्रकार दक्षिण र पश्चिमको भवन क्षेत्रलाई उच्च राख्ने या मोटो भित्ता बनाउनु पर्ने चिन्तनको भित्री कारण सूर्यरश्मि र तापको सन्तुलन मिलाउनुनै वास्तुशास्त्रको ध्येय हो । पृथिवीले सूर्यको परिक्रमामा दक्षिण दिशातर्फबाट गर्दा त्यस समयमा पृथिवीले

---

२१. सूर्य आत्मा जगतस्तस्थुषश्च । (शुक्लयजुर्वेद १३ । ४६)
२२. अवदिवस्तारयन्ति सप्तासूर्यस्य रश्मयः ॥ (अथर्ववेद ७ । १०७ । १)

विशेष कोणीय स्थिति लिएको हुन्छ । त्यसकारण यस भागमा अधिक भार हुनाले सन्तुलन बनिरहन्छ र सूर्यको अतितापबाट बचाउन सक्छ । यसप्रकार त्यस भागमा गर्मीमा चिसो र जाडोमा न्यानो बनिरहन्छ ।[२३]

भ्याल र ढोकाका बारेमा पनि वास्तुशास्त्रको वैज्ञानिक दृष्टिकोण रहेको छ । भवनको दक्षिण वा पश्चिम भागमा पूर्व तथा उत्तरको अपेक्षामा सानो एवं कम ढोका र भ्याल राख्ने निर्देश पाइन्छ । गर्मीयाममा यस क्षेत्रका कोठामा चिसो तथा चिसोको बेलामा उष्णतापीय सन्तुलन रहोस् भन्ने मान्यता वास्तुशास्त्रमा पाइन्छ । वास्तुशास्त्रको अनुसार भान्साघरलाई आग्नेय अर्थात् दक्षिणपूर्व दिशामा राख्नुपर्छ । पूर्वबाट भिटामिन युक्त प्रातःकालीन सूर्यका रश्मिहरू तथा दक्षिणबाट शुद्ध वायुको प्रवेश हुन्छ । पृथिवीले सूर्यलाई परिक्रमा दक्षिणायनतिरबाट गर्दछ । अतः यस कोणको स्थितिको कारण भवनको यस भागलाई भिटामिन डी एवं भिटामिन एफ्ले युक्त अल्ट्राभाइलेट किरणहरू अधिक समयसम्म प्राप्त हुन्छ । यसबाट भान्साकोठामा राखिएको खाद्य सामग्री लामो समयसम्म शुद्ध रहन्छ ।

वास्तुशास्त्र अनुसार पूजाघरलाई उत्तरपूर्व अर्थात् ईशान कोणमा बनाउनका लागि उपयुक्त हुन्छ । पूजाको समय हाम्रो शरीरमाथि अपेक्षाकृत कम वस्त्र वा धौतवस्त्र लगाउने गरिन्छ । प्रातःकालीन सूर्यरश्मिहरूको माध्यमबाट भिटामिन डी हाम्रो शरीरमा प्राकृतिक रूपमा प्रविष्ट हुन्छ । उत्तरी क्षेत्रबाट हामीलाई पृथिवीको चुम्बकीय ऊर्जाको अनुकूल प्रभाव प्राप्त हुन्छ । अन्तरिक्षबाट अलौकिक शक्ति प्राप्त हुने भएकाले यस क्षेत्रलाई सबैभन्दा अधिक पवित्र मानिन्छ, यही मुख्य कारणले मन्दिर एवं साधना स्थलहरूको प्रवेशद्वार यही दिशामा बनाइएको हुन्छ ।

वायुमण्डलमा २० प्रकारको म्याग्नेटिकफिल्ड पाइन्छ । वैज्ञानिकहरूका मतानुसार यसबाट ४ प्रकारको म्याग्नेटिक फील्ड हाम्रो शारीरिक गतिविधिहरूलाई ऊर्जा प्रदान गर्नमा अत्यन्त सहायक हुन्छ । वास्तुशास्त्रले पनि आफ्नो क्रियाकलापमा यसको व्यापक सहायता लिएको छ ।

वास्तुशास्त्रले धनका लागि चुम्बकीय क्षेत्रलाई उपयुक्त मान्दछ । उत्तरी क्षेत्रले द्रव्य वा मुद्रालाई आकर्षित गर्दछ । यसकारण कुनै पनि प्रकारको वाणिज्य एवं व्यापारिक गतिविधिहरूमा सम्मिलित हुने समयमा पूर्वाभिमुख हुनुपर्छ । उत्तरी ध्रुवबाट प्रवाहित हुने

---

२३. श्रीमाली, राधाकृष्ण बृहद् वास्तुशास्त्र, सन् २००७ पृ. २० देखि २२ सम्म ।

चुम्बकीय धाराहरूले मानसिक क्रियाहरूलाई सक्रिय गर्नका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछन् । यसबाट स्मरणशक्तिमा आश्चर्यजनक रूपले वृद्धि हुन्छ । बैंकिङ्ग क्रियाकलापका सन्दर्भमा वास्तुशास्त्रको मतानुसार उत्तराभिमुख गरेर नगद, चेकबुक, ड्राफ्ट वा पासबुकको कारोबार गर्नु उचित हुन्छ । यी सबै तथ्यगत प्रमाणहरूले वास्तुशास्त्र र विज्ञानको सम्बन्धलाई प्रमाणीकृत गरेका छन् ।

२.५. वास्तु र मानवजीवनको सम्बन्ध

सम्पूर्ण विश्व उत्तरी तथा दक्षिणी ध्रुवमा बसेको छ । उत्तरी ध्रुवदेखि दक्षिणी ध्रुवतिर निरन्तर चुम्बकीय धाराहरू प्रवाहित भइरहन्छन् । चुम्बकीय धाराहरूको प्रतिकूल निर्माण गर्दा दुष्परिणाम प्राप्त हुन्छ । वास्तुशास्त्रको सिद्धान्त अनुकूल चुम्बकीय धाराहरूको ऊर्जा मानवमा निरन्तर प्रवाहित भइरहदाँ आपत्, कष्ट तथा समस्याहरूबाट बचाइरहन्छ । पाश्चात्य देशहरूमा वास्तुविद्याको कुनै न कुनै रूपमा प्रयोग भएको देखिन्छ । त्यसै कारण ती देशहरू भौतिक रूपमा सुखी र समृद्ध छन् । चीन तथा कोरियामा पनि यो विद्या 'फेंगशुई' को नामले प्रचलित छ ।[२४]

२.५.१. वैदिक वास्तुशास्त्र

वैदिक संहितामा वास्तुशास्त्रका प्रचुर सामग्रीहरू उपलब्ध छन् । धार्मिक कर्मकाण्डको यज्ञवेदी निर्माण, इष्टिकाका नाम, प्रकार र प्रयोगका साथै जनउपयोगी वास्तुमा प्रासाद, राजप्रासाद र जनताका गृहनिर्माण एवं पशुपालनका लागि तदनुकूल वन छेउँको गोठ, गृह नजिक गौशाला आदि वेदमा वर्णित छन् । ऋग्वेदमा ग्रामशब्दको प्रयोग धेरै स्थानमा भएको छ । ढुङ्गाले निर्मित दुर्गलाई 'अश्मयी' तथा फलामले निर्मित पुरलाई 'आयसीपुः' नामले प्रयोग भएको छ । ब्राह्मणग्रन्थमा (पुरी, पुरम्, पुः) इत्यादि नाम उल्लेख गरिएको छ । तत्कालिन वास्तुशास्त्रको उन्नतिको सूचकको रूपमा बुझिन्छ । वैदिक कालका क्रियाकलापहरूले जीवन सुखमय र सन्तुष्ट रहेको थियो भन्ने बुझिन्छ । राजाका लागि एकहजारमुखी भवन बनेको कुरा त्यहाँ पाइन्छ । गृहसूत्रमा उल्लिखित भए अनुसार गृहप्रवेशमा वास्तोष्पतिको पूजन गर्ने कार्यले वास्तोष्पति गृहरक्षा गर्ने देवता हुन्

---

२४. श्रीमाली, राधाकृष्ण बृहद् वास्तुशास्त्र, सन् २००७ पृ. ३८ ।

भन्ने ज्ञान हुन्छ । वास्तोष्पतिको प्रार्थनाले निरोग, धनसम्पत्ति, पशुसम्पत्ति प्राप्तिदेखि योगक्षेमको संकेत याचना गरिन्छ ।

पूर्वीय साँस्कृतिक इतिहासमा वेदको स्थान सर्वमान्य छ । ऋग्वेद कालमा जुन तरिकाले मन्त्रको उच्चारण गरिन्थ्यो आज पनि तिनको उच्चारण त्यही प्रकारले गरिन्छ । यस्ता मन्त्रको उच्चारण गृहनिर्माण, प्रतिष्ठा, वास्तु-पूजा, संस्कार आदि समारोहमा गरिन्थ्यो, सो क्रम आज पनि यथावत् छ । वैदिककालमा वास्तु-पूजा, वास्तु-भूमिचयन, स्तम्भपूजा, द्वार पूजासँगै वास्तुसिद्धान्त अत्यन्त प्रचलित थियो ।[२५] यसअन्तर्गत ऋग्वेद-कालीन वास्तु, यजुर्वेद-कालीनवास्तु, सामवेद-कालीन वास्तु तथा अथर्ववेद-कालीन वास्तु पर्छन् । साथै ब्राह्मण तथा आरण्यक-ग्रन्थहरूले निर्देश गरेको चिन्तन पनि वैदिक-वास्तु अन्तर्गत सन्निहित छन् । गृहम्, गयः, पस्त्यम्, दुरोणम्, दुर्य, दम (दम्), ओकः, योनिः, धामनः, निवेशनम्, वसति, छर्दिस्, वर्ति, वेश्मन, वरुथम्, शरणम्, वास्तुः आदि ऋग्वेदमा निवासार्थक गृहका ३३ नामहरू पाइन्छन् । त्यसै गरी गयः, कृदरः, गर्तः, हर्म्यम् आदि निघण्टुमा २२ वटा पर्यायवाची नामहरू पाइन्छन् ।

वेद नै सम्पूर्ण शास्त्रहरूको आदि स्रोत हो । शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द, ज्योतिषलाई वेदाङ्गको रूपमा बुझिन्छ । चारवेदका चार उपवेदहरू छन् । ऋग्वेदको आयुर्वेद, यजुर्वेदको धनुर्वेद, सामवेदको गान्धर्ववेद र अथर्ववेदको स्थापत्यवेद रहेका छन् । अथर्ववेदमा वास्तुरचनाको उल्लेख पाइन्छ । बाँसद्वारा निर्मित स्तम्भवर्णन, पराल खरको पर्णकुटी निर्माण, गोष्ठीशाला, भण्डारशाला, आन्तरिक शाला, यज्ञशाला, अतिथिशाला आदिको वर्णन स्थापत्यवेदमै पाइन्छ ।

२.५.१.२. स्थापत्यवेद

वैदिक परम्परामा वास्तुशास्त्रको चर्चा सबै वेदहरूमा पाइन्छ । अथर्ववेदको उपवेद स्थापत्यवेदमा वास्तुको विस्तृत वर्णन पाइन्छ । वैदिककालदेखि वर्तमानकालसम्म वास्तुशास्त्रको वर्णन सबै वैदिक साहित्यहरूमा सर्वत्र उपलब्घ देखिन्छ । वेदका षडङ्गमध्ये ज्योतिषशास्त्रमा वास्तुशास्त्र सन्निहित छ । आचार्य वराहमिहीरको बृहत्संहितामा वास्तुशास्त्रको पर्याप्त चर्चा उपलब्ध छ । वास्तु र ज्योतिषका मानक ग्रन्थहरूमा वास्तुको

---

२५. शर्मा, जगदीश, वैदिक वास्तु, पृ. ५२ ।

विस्तृत चर्चा पाइनुले ज्योतिष र वास्तुशास्त्रको अन्तरसम्बन्ध देखिन्छ । स्थापत्यवेदमा गृह, ग्राम, राजप्रासाद, वापि, कुप निर्माणविधि उल्लेख छ ।

२.५.१.३. वेदाङ्गमा ज्योतिषशास्त्र

वेदपुरुषको पाउ छन्द, हात कल्प, आँखा ज्योतिष, कान निरुक्त, घाँटी शिक्षा र मुख व्याकरण हुन् । ज्योतिषशास्त्र सिद्धान्त, संहिता र होरा गरी ३ स्कन्धमा विभाजित छ । होराशास्त्र अन्तर्गत फलित ज्योतिष पर्छ । फलित ज्योतिषमा वास्तुशास्त्र अन्तर्निहित छ ।[२६]

२.५.१.४. पौराणिक वास्तुशास्त्र

अग्निपुराण, मत्स्यपुराण, गरुडपुराण तथा उपपुराणहरूमा वास्तुशास्त्रीय चर्चा विशद रूपमा पाइन्छ । वेदको वास्तुचिन्तनलाई पुराणहरूले विस्तारित गरेका छन् ।

२.५.१.५. रामायण र महाभारतमा वास्तु

वैदिककालपछि रामायणकालमा समृद्ध अयोध्यानगरी[२७], राजा जनकको मिथिलानगरी तथा रावणको लङ्काको विशद वर्णन पाइनुले वास्तुशास्त्रको उन्नत स्वर्णकाल तत् समयमा रहेको बुझ्न सकिन्छ । विशाल राजमार्ग, व्यवस्थित बाटोघाटो, उद्यान, तलाउ र दुर्ग, विशालद्वारहरू, उन्नत महल र रत्नजडित साजसज्जाले युक्त दशयोजन लामो र दुई योजन चौडा अयोध्यानगरी थियो भन्ने उल्लेख पाइन्छ ।

---

२६. छन्दः पादौ तु वेदस्य हस्तौ कल्पोऽथ पठचते ।
ज्योतिषामयनं चक्षुर्निरुक्त श्रोत्रमुच्यते ॥
शिक्षा घ्राणं तु वेदस्य मुखं व्याकरणं स्मृतम् ।
तस्मात् साङ्गमधीत्यैव ब्रह्मलोके महीयते ॥ (पाणिनीय शिक्षा ४१, ४२)

२७. रम्यचत्वरसंस्थानां संविभक्तमहापथाम् ।
हर्म्यप्रासादसम्पन्नां गणिकावरशोभिताम् ॥
आरामोद्यानसम्पन्नां समाजोत्सवशालिनीम् ।
सुखिता विचरिष्यन्ति राजधानीं पितुर्मम ॥ (वाल्मीकिरामायण, १ । ५१ । २१, २३)
मणिभिर्वरमाल्यानां सुमहद्भिरलंकृतम् ।
मुक्तामणिभिराकीर्णं चन्दनागुरुभूषितम् ॥
महामेघसमप्रख्यमुदग्रं सुविराजितम् ।
नानारत्नसमाकीर्णं कुब्जकैरपिचावृतम् ॥ (पूर्ववत्, २ । १५ । ३३, ३९)

एवंक्रमले किष्किन्धाकाण्डमा सुग्रीवनिवास पाण्डुरङ्गको, वाटिकायुक्त स्वर्णतोरणले विभूषित तथा वानरादिहरूको निवासस्थल (हर्म्य) गुफाहरू त्यसमा गृहपतिलाई अलग अलग बस्न मिल्ने सुविधा, सुन्दर पुष्पहरूले शोभित र केही विशेष गुफाहरू रत्नजडित पनि थिए भन्ने कुरा उल्लेख पाइन्छ । विन्ध्य, मेरु आदि पर्वतका नामबाट (हर्म्य) प्रासादको नामकरण गरेका थिए । राक्षसादि वर्ग लङ्कामा निवास गर्दथे । स्वर्णमयी लङ्का[२८] त्रिकुट पर्वतको फेदीमा थियो । भिन्नभिन्न वृक्षहरूले शोभित, स्वर्ण तोरण र दिव्य लताहरूले शोभायमान, सुन्दर कुवा र तलाउ, वाटिकाहरूले शोभित, स्वर्णद्वार, मणिजडित, पद्म, स्वस्तिक विन्यासपूर्वकका भवनहरू रहेको लङ्कामा लङ्काधिपति रावण पर्वतको टाकुरामा बस्दथे । रावणको भवन र पुष्पकविमानको[२९] वर्णन गर्दै हनुमान्‌ले लङ्कालाई भूलोकको स्वर्गसँग तुलना गरेका छन् । [३०]महाभारत प्राचीन भारतवर्षको इतिहास हो । भृगु आदि १८ जना वास्तुशास्त्रका आचार्यहरूमध्ये दानवराज मय पनि एक हुन् । उनको वास्तुशिल्प मयमतम् यस नामले लोकमा प्रचलित छ । महाभारत उद्योगपर्वको कथनअनुसार मय दानवनिर्मित विमान आकारको सभामण्डपलाई देखेर दुर्योधन ईर्ष्याजनित भएको प्रसंगले तत्समयमा मय एक कुशल वास्तुशास्त्री भएको प्रमाण देखिन्छ ।

२.५.२. आधुनिक वास्तुशास्त्र

यस अन्तर्गत फेंगसूई चिनियावास्तु, मुगल[३१], युनान, तथा रोमको[३२] वास्तुकला आदिलाई आधुनिक वास्तु अर्न्तगत राख्न सकिन्छ । आधुनिक विज्ञान प्रविधिको विकाससँगै सुरुवात भएको वास्तुशास्त्रको व्यवस्थित अध्ययन आधुनिक वास्तुशास्त्र अन्तर्गत पर्छ । आधुनिक संसारमा वास्तुशास्त्रलाई आर्किटेक्चर भनिन्छ ।

---

२८. प्राकारेणार्कवर्णेन भास्वरेणाभिसंवृतम् ।
रूप्यकोपहितैश्चित्रैस्तोरणैर्हेमभूषणैः ॥
विचित्राभिश्च कक्षाभिर्द्वारैश्च रुचिरैर्वृतम् ॥ (वाल्मीकिरामायण ५ । ६ । २, ४)
२९. वसन्तपुष्पोत्करचारुदर्शनं वसन्तमासादपि चारुदर्शनम् ।
स पुष्पकं तत्र विमानमुत्तममं ददर्श तद् वानरवीरसत्तमः ॥ (पूर्ववत्, ५ । ८ । ८)
३०. महीतले स्वर्गमिव प्रकीर्णं श्रिया ज्वलन्तं बहुरत्नकीर्णम् ।
नानातरुणां कुसुमावकीर्णं गिरेरिवाग्रं रजसावकीर्णम् ॥ (पूर्ववत्, ५ । ७ । ६)
३१. शर्मा, जगदीश, वैदिक वास्तु, पृ.२१८ ।
३२. न्यौपाने, प्रेमराज, वास्तु विधान, पृ.२११ देखि २१३ सम्म ।

२.५.३. वास्तुशास्त्रको इतिहास

वास्तुविद्याको सुरुवात कहिले र कसले गरेको भन्ने विषयमा निश्चित रूपले तोक्न नसकिए पनि ब्रह्मा, विष्णु, महेशदेखि प्रारम्भ भएको मानिन्छ । त्यसपछि विभिन्न ऋषिमुनिहरूले गुरुशिष्य-परम्परा अनुसार यस विद्याको प्रचार गर्दै आइरहको इतिहास पाइन्छ ।

वास्तुविद्याको महत्त्व पुरातन समयदेखि नै चलिआएको छ । पुराणहरूमा विस्तृत रूपले यसको उल्लेख गरिएको छ । आर्यहरूले विशेष गरेर धर्म, अर्थ, काम र मोक्षप्राप्तिका लागि वास्तुलाई प्रमुख साधनको रूपमा अपनाएको पाइन्छ । मानव सभ्यताका चारैवटा प्राचीन सभ्यताहरू सिन्धुघाँटीको सभ्यता, मेसोपोटामियाको सभ्यता, मिश्रको सभ्यता र चीनको सभ्यताले वास्तुको समृद्ध इतिहास प्रस्तुत गर्दछन् । वर्तमान सन्दर्भमा वास्तुशास्त्रको जुन स्वरूप छ, त्यसलाई यस रूपमा आउनका लागि ऋषिमुनिहरूको साधनाबाट प्रारम्भ भएर २१ औं शताब्दीमा पूर्वीय र पाश्चात्य वास्तुविद्हरूका शोधसम्म रहेको छ । वास्तुशास्त्रका सिद्धान्तहरूको उल्लेख सर्वप्रथम ऋग्वेदका सूत्रहरूमा पाइन्छ । चारवटै वेदहरू पछि चार उपवेद पनि लेखिएका छन् जसमध्ये एक स्थापत्यवेद पनि रहेको छ । कालान्तरमा यही स्थापत्यवेद नै वास्तुशास्त्रको रूपमा विकसित भएको पाइन्छ ।

शास्त्रहरूमा विश्वकर्मालाई वास्तुको प्रवर्तकको रूपमा स्थापित गरिएको छ । यो कथा समराङ्गणसूत्रमा रहेको छ । ब्रह्माले सृष्टिको रचना गरिसकेपछि विश्वको संरचनाको लागि महाराज पृथुलाई चयन गरे । राजा पृथुलाई वास्तुसम्बन्धमा केही ज्ञान नभएकाले ब्रह्मालाई असक्षमता जनाएपछि ब्रह्माले विश्वकर्मालाई उक्त कार्य सुम्पिए । विश्वकर्माको साथ लिएर ब्रह्माले संसारको रचना गरे । विश्वकर्माले जगत् रचना गर्दा वास्तुशास्त्रलाई नियमबद्ध गरे । वास्तुशास्त्रीलाई सामुद्रिक शास्त्र, गणित, ज्योतिष र छन्दको ज्ञान हुनु आवश्यक हुन्छ भन्ने कुरामा उनको जोड थियो । विश्वकर्मा देवताहरूका वास्तुशास्त्री हुन् । यिनले नै स्थापत्य र कला विद्यालयको स्थापना तथा विकास कार्यप्रारम्भ गरेका हुन् । अतः विश्वकर्मा नै वास्तुशास्त्रका प्रवर्तक हुन् ।

वैदिक कालमा नै वास्तुको समुचित विकास भएको थियो । पुराणहरू र आगमहरूको कालमा वास्तुले नयाँ आयाम प्राप्त गर्‍यो । वास्तुको विकास काल यसरी नै लगातार १३ औं शताब्दीसम्म चलिरह्यो । तत्पश्चात् वास्तुशास्त्रले अनेक बाधा तथा

उल्झन झेल्दै यसको धेरै ठुलो भाग नष्ट भएर गयो तापनि प्राप्य भागहरूले मात्र भए पनि विश्वमा आफ्नो विशिष्ट स्थान बनाई वर्तमान निर्माण सन्दर्भमा महत्त्वपूर्ण इन्जिनियरिङ्ग आर्किटेक्चर विषयको जननी विद्याको रूपमा स्थापित भएको पाइन्छ ।

२.६.भवन विन्यास

वैदिक भवनहरूको सूक्ष्म अध्ययनपश्चात् भवनका मुख्य ३ अङ्गहरू हुन्छन् । पहिलो अङ्ग गृहद्वार जसमा आँगन हुन्छ । दोस्रो अङ्ग बैठक हो जसलाई समयान्तरसँगै सभाकक्ष वा आस्थान मण्डप भनिन्छ । तेस्रो अङ्ग अन्तःपूर वा पत्नी सदन हो । आर्यहरूले अग्न्याधानको लागि भवनमा एउटा कोठा वा आच्छादित स्थान राख्दथे जसलाई अग्निशाला भनिन्थ्यो । विशाल भवन वा प्रासादहरूमा अग्निशालालाई देवगृह भनिन्थ्यो । कालान्तरमा यसको प्रयोग पूजास्थलका रूपमा हुन थाल्यो । निर्माण सामग्रीहरू जस्तै बाँस, काठ, पात, आदि प्रयुक्त हुन्थे । कालक्रमसँगै ईट्टाको प्रयोग हुन थाल्यो । मन्दिरहरूको निर्माण ढुङ्गा तथा धातुहरूले गरिन्थ्यो । दुर्ग वा गढको निर्माणमा पनि यसको प्रयोग हुन्थ्यो ।

२.७. वास्तुपुरुषको स्थिति

भूखण्डको प्रत्येक भागमा वास्तुपुरुषको स्थितिअनुसार कुनै न कुनै अङ्ग अवश्य नै पर्छ । वास्तुशास्त्रअनुसार भूखण्डको योजना १००, ८१ व ६४ पद (उपखण्ड) हुन्छ जुन सबै प्रकारमा वास्तु पुरुषको अस्तित्व हुन्छ । वास्तुपुरुषको चित्रण कुनै भुखण्डमा आधा मुख पल्टिएको पुरुषका रूपमा गरिन्छ । यस पुरुषको शिर ईशानमा, काँध उत्तर पूर्वमा, कुहिना वायव्य एवं आग्नेयमा तथा दुवै खुट्टा आपसमा जोडिएको, पैताला जोडिएको नैर्ऋत्यमा अवस्थित हुन्छ । यस कल्पनाको अनुसार वास्तुपुरुषको पेट भूखण्डको मध्य स्थानमा पर्छ जसलाई ब्रह्म स्थान भनिन्छ । यस्तो मान्यता छ कि यदि निर्माण कार्य वास्तुपुरुषको जुन पद विरुद्ध स्थापना गरिन्छ त्यसै पदको अधिपति देवता आफ्नो प्रकृतिका अनुरूप विपरीत फल दिन्छ । जुन पदको स्वामीको अनुकूल स्थापना गरिन्छ, पदस्वामीले आफ्नो प्रकृतिको अनुसार शुभफल दिन्छ ।

वास्तुपुरुषको पूजा विभिन्न चरणहरूमा गरिन्छ । द्वार बनाउने बेलामा, भवन निर्माण सम्पन्न भएपछि, गृह प्रवेशको समय वा यसका अतिरिक्त पनि विभिन्न कार्यहरूको

लागि पनि वास्तुपुरुषको पूजा फलदायी हुन्छ । यज्ञोपवीत, विवाह, जीर्णोद्धार, बिजुली र अग्निद्वारा जलेको गृहलाई पुनः बनाउने बेला, भत्केको गृहको नवीकरण पछि, सर्प चाण्डाल एवं उल्लुले युक्त गृहमा, पुनर्वास गर्ने समय, जुन गृहमा ७ दिनसम्म काग बसेको, बिरालो वा अन्य जनावर मरेको, माहुरीको घार भएको, परेवाको वास भएको, लामो समयसम्म रोगी मानिस बसेको वा स्त्रीहरूका बीच झै झगडा भईरहेको निवासस्थलमा वास्तुपुरुषको पूजा उपासना गर्नुपर्छ । यसो गर्नाले वास्तुदोष तथा अन्य दोषहरू पनि निराकरण हुन्छन् । पुत्रको जन्म एवं सबै प्रकारको यज्ञको प्रारम्भमा वास्तुपुरुषको पूजा गर्नाले घरका समस्त दोषहरू र कष्टहरूको शमन हुन्छ । सुख, शान्ति तथा कल्याणको प्राप्ति हुन्छ ।

२.८. आवासीय वास्तु

आधुनिक आवासीय भवनहरूमा अनेक प्रकारका कक्षहरू जस्तैः भान्साघर, शौचालय, शयनकक्ष, पूजाघर, अन्नभण्डार, अध्ययनकक्ष, स्वागतकक्ष, आदिको आ-आफ्नो महत्त्वपूर्ण स्थान हुन्छ । वास्तु भूमिको पूर्वतिर स्नानकक्ष, आग्नेय कोणमा पाककक्ष, दक्षिणमा शयन कक्ष, नैर्ऋत्यमा शस्त्रको, पश्चिममा भोजनकक्ष, वायव्यमा अन्नको भण्डार, उत्तरमा ढुकुटीको, ईशानमा देवस्थान र पूजाकक्ष, पूर्व र आग्नेय कोणको माझमा घृतकक्ष, दक्षिण र नैर्ऋत्यको माझमा शौचालय, नैर्ऋत्य र पश्चिमको माझमा विद्याभ्यासकक्ष, पश्चिम र वायव्यको माझमा कोपभवन, वायव्य र उत्तरको माझमा स्त्रीसमागमकक्ष, उत्तर ईशानको माझमा औषधी कक्ष, ईशान र पूर्वको माझमा सर्व-संग्रहको कक्षहरू बनाएमा शुभ हुन्छ । [३३]

पूर्व

उत्तर

देवता	सर्वसंग्रह	स्नान	मन्थन	पाक
औषधी				आज्य
भण्डार	आगन			शयन
रति				शौचालय
धान्य	शयन	भोजन	विद्याभ्यास	अस्त्र

दक्षिण

पश्चिम

---

३३. स्नानाग्निपाकशयनास्त्रभुजेश्च धान्यः,
भाण्डारदैवतगृहाणि च पूर्वतः स्युः ।
तन्मध्यतस्तु मथनाज्यपुरीषविद्या-
ऽभ्यासाख्यरोदनरतौषधसर्वधाम ॥ (मुहूर्तचिन्तामणि, गृहवास्तुप्रकरणम्,२१) ।

तृतीय अध्याय

वास्तुशास्त्रको सैद्धान्तिक अध्ययन

३.१. वास्तुशास्त्रमा पञ्चतत्त्वको सिद्धान्त

ब्रह्माण्ड एवं मनुष्यको रचना पञ्चमहाभूत (आकाश, वायु, तेज, जल र पृथिवी) बाट मानिन्छ । मानव शरीरलाई ऊर्जा प्रदान गर्ने अन्नका सार तत्त्वहरू कार्बोहाइड्रेट, प्रोटिन आदि पञ्चतत्त्वले बनेको हुन्छ र यसले शरीरलाई आन्तरिक शक्ति सन्तुलन कायम गर्दछ । प्रकृतिको वायु, जल, तेज आदिले शरीरलाई बाहिरबाट ऊर्जा र सन्तुलन प्रदान गर्दछ । प्रकृतिको नियम विरुद्ध आचरण गरे यो सन्तुलन बिग्रन्छ । ऊर्जा विमार्गगमन भएर असन्तुलन भई दबाब र तनाव उत्पन्न हुन्छ । फलतः शारीरिक अस्वस्थता र मानसिक अशान्ति हुन्छ ।

यसर्थ सुखी र खुसी मानव जीवनका लागि पञ्चतत्त्वको सन्तुलन आवश्यक हुन्छ । त्यसरी नै निर्माण सामग्रीहरू पनि यिनै पञ्चतत्त्वहरूबाट निर्मित हुन्छन् । भवन निर्माणमा पनि यी पञ्चतत्त्वहरूको सन्तुलन नहुँदा निवास गर्ने मानव सुख एवं शान्तिले रहित हुन्छ ।

३.१.१. पृथिवी

तर्कसंग्रह अनुसार धर्तीको गन्ध दिने गुण हुन्छ ।[३४] सौर्यमण्डलको नवग्रहमा पृथिवीले सूर्यलाई परिक्रमा गर्दछ । पृथिवीमा पानी, ध्रुवीय क्रियाहरू र गुरुत्वाकर्षण शक्तिका कारण जीवन सम्भव भएको हो । पृथिवीको जुनसुकै स्थानमा रहेको सजीव तथा निर्जीव वस्तुहरू सूर्यबाट, ध्रुवीय क्रियाहरूबाट, गुरुत्वाकर्षण शक्ति आदिबाट बहुपक्षीय रूपमा प्रभावित भएको हुन्छ । पृथिवीले आफ्नो गुणले अन्न आदिको उब्जाउ गरी जीवहरूलाई जीवनयापन गराउने भएकाले यसलाई माताको रूपमा पनि सम्बोधन गरिन्छ । यी विशेषताहरूकै कारण वास्तुशास्त्रीय निर्माण सम्बन्धि कार्यका लागि भूमिसंस्कारको विधान राखिएको छ । भूमि विना कुनै पनि भवनको कल्पना सम्भव हुन्न । अतः माटोको गुण, आकार, प्रकार, संरचना, आदि भवन निर्माणमा निकै महत्त्वपूर्ण हुन्छ ।

३४. अन्नंभट्ट, तर्कसंग्रहः, गन्धवती पृथिवी, प्रत्यक्षपरिच्छेद पृ. ६ ।

३.१.२. जल

जलचक्र नै जीवनको कारण हो । यसमा शब्द, स्पर्श, रूप र रस हुन्छ ।[३५] रसायनशास्त्रीय अवधारणाअनुसार जलको संरचना २ वटा हाइड्रोजनको अणु र एउटा अक्सिजनको अणु मिलेर बनेको हुन्छ । ठोस, तरल र ग्यास तीनै स्वरूपमा प्राप्त हुनु नै जलको अद्भुत विशेषता हो । शुद्ध जल वास्तुशास्त्रीय सबै प्रकारका विधिहरूमा उपयोग गरिन्छ । जसरी जलले पृथिवीमा भएको जीवनलाई सम्भव र सन्तुलित तुल्याउँदछ, त्यसरी नै भवननिर्माण कार्यमा पनि जलको सन्तुलित उपयोगले भवन सबल, सन्तुलित र शान्तिदायक बन्छ । पृथिवीका लगभग सबै सभ्यताहरू जलकै स्रोतहरूको समीप विकास भएको छ ।

३.१.३ अग्नि /तेज

अग्निको प्रतीक सूर्य हो । सूर्य सम्पूर्ण ऊर्जाको द्योतक हो । शास्त्रहरूमा यसलाई ज्ञानको प्रतीक मानिन्छ । सूर्यको तेजले नै जीवन प्रकाशमान हुन्छ ।[३६] अग्निमा शब्द, रूप तथा स्पर्श गुण पाइन्छ । यज्ञयागादि संस्कारहरू अग्निको अनुपस्थितिमा सम्भव हुन्नन् । जीवको जठराग्नि पनि अग्निकै स्वरूप हो ।

३.१.४. वायु

रूपरहित स्पर्श अनुभवगम्य वायु हो[३७] । वायुविना मानवजीवन एवं वनस्पतिहरूको जीवन असम्भव हुन्छ । मानवका साथै सजीव वनस्पतिहरूको प्राण वायुमा नै निहित भएकाले प्राणवायु भनिन्छ । पृथिवीको वायुमण्डलमा विभिन्न ग्यासहरूको निश्चित अनुपात हुन्छ । जीवनयापनका लागि निश्चित परिमाणमा वायुको आवश्यकता हुन्छ । मानवका लागि अक्सिजन तथा वनस्पतिहरूका लागि कार्बनडाईअक्साइडको आवश्यकता हुन्छ । यसमा स्पर्श र शब्द गुण हुन्छ । स्पर्शले संवेदना, संवेदनाले चेतना र चेतनाको प्रतिक्रियाबाट प्राप्त हुने अर्थद्वारा वायु शुभ अशुभको कारक बन्दछ । यी

---

३५. अन्नंभट्ट, तर्कसंग्रहः, शीतस्पर्शवत्यापः, प्रत्यक्षपरिच्छेद पृ. ७ ।
३६. उष्णस्पर्शवत्तेजः, पूर्ववत्, पृ. ७ ।
३७. रूपरहितस्पर्शवान् वायुः, पूर्ववत्, पृ. ७ ।

कारणहरूले गर्दा गृह निर्माणमा वायुको प्रवेश, वायुको गमन आदिको विशेष रूपमा ख्याल गरिन्छ ।

वायुमण्डलका घटकहरूको प्रतिशत[३८]

अक्सिजन	: २१ %
कार्बनडाइअक्साइड्	: ०.०३%
नाइट्रोजन	: ७८%
पानी बाफ	: ५-७%

३.१.५. आकाश

आकाश असीम, अनन्त, अथाह ऊर्जा, प्रकाश, लौकिक किरणहरू, विद्युतीय र चुम्बकीय बल तथा गुरुत्वाकर्षण शक्तिको प्रतीक हो । आकाशको गुण शब्द हो ।[३९] शब्दकै कारण आकाशमा पर्यावरण र त्यसैको माध्यमबाट ध्वनिको उत्पत्ति हुन्छ । गृह निर्माणमा आकाश (खाली ठाँउ)लाई विशेष रूपमा ध्यान दिनुपर्छ । यसैकारण गृहको आकार, लम्बाइ, चौडाइ, आदि विशेष रूपमा ख्याल गरी निर्धारण गरिएको हुन्छ । यस चराचर जगत्मा पञ्चतत्त्वको प्रधानता रहेको छ । यिनको पहिचान मानव आफ्ना ज्ञानेन्द्रिय तथा कर्मेन्द्रियद्वारा राम्रोसँग गर्न सक्दछन् । अग्निको नेत्रद्वारा, वायुको त्वचाद्वारा, पृथिवीको नासिकाद्वारा तथा जलको जिह्वाद्वारा अनुभव गर्न सकिन्छ । सृष्टिको समान मानव शरीरमा पनि पञ्चतत्त्वको प्रधानता र विद्यमानता छ । शरीरको खाली भाग आकाशतत्त्वको रूपमा, पसिना जलतत्त्वको रूपमा, मांस मज्जा पृथिवीतत्त्वको रूपमा, जठराग्नि अग्नि तत्त्वको रूपमा तथा श्वास वायुको रूपमा समाहित छ । भन्नुको तात्पर्य मानव शरीरको बाह्य र आन्तरिक तत्त्वहरू बीच असन्तुलन भए अनिष्ट हुन्छ । यी तत्त्वहरूको वस्तुनिष्ठ सन्तुलनले मानव जीवन कृतार्थ र परमार्थ उन्मुख हुन सम्भव गराउँदछ ।

---

३८. श्रीमाली, राधाकृष्ण, बृहद् वास्तुशास्त्र, सन् २००७ ।
३९. अन्नंभट्ट, तर्कसंग्रहः, शब्दगुणकमाकाशम्, पत्यक्षपरिच्छेद, पृ. ७ ।

पञ्चतत्त्व[४०]	गुण	इन्द्रिय
अग्नि	दृष्टि	नेत्र
वायु	स्पर्श	त्वचा
आकाश	ध्वनि	कान
पृथिवी	गन्ध	नासिका
जल	स्वाद	जिह्वा

३.२.पञ्चतत्त्वको प्राकृतिक चक्र

सूर्यको उष्माले पृथिवीको जल बाफ बनेर उडेर जान्छ । जलका अणुहरू मिलेर बादलको निर्माणहुन्छ । आकाशमा वायुद्वारा ती बादलको चाल बनेर बर्षाको कारण बन्दछ । यस प्रकार पञ्चतत्त्वको सन्तुलन निरन्तर बनिरहेको हुन्छ, जसमा संसार विद्यमान छ । यदि कुनै प्रकारले असन्तुलन भए प्राकृतिक विपत्ति आउँछ । यही सूत्र मानवमाथि पनि लागू हुन्छ । पञ्चतत्त्व, चित्त र प्राणको योगले मात्र मनुष्यको अस्तित्त्व सम्भव हुन्छ । पञ्चतत्त्वको सम्बन्ध ऊर्जा विकिरणहरूसँग पनि हुन्छ जसले उसलाई आकर्षित गर्दछ । यसलाई निम्नानुसार स्पष्ट पार्न सकिन्छ ।[४१]

शक्ति वा ऊर्जाको स्वरूप	तत्त्व
सूर्य	अग्नि
वायु	वायु
वर्षा	जल
गुरुत्वाकर्षण वा चुम्बकीय शक्ति	पृथिवी
ध्वनि	ऋाकाश

३.३.पञ्चतत्त्व र दिशा

उत्तर-पूर्वदिशा (ईशान) को स्वामी जल हो, अतः गृह निर्माण गर्दा पानीको स्रोत या पानीको क्रियाकलाप हुने स्थान यस दिशामा राख्नुपर्छ । दक्षिण-पूर्व दिशा (आग्नेय) को

४०. श्रीमाली, राधाकृष्ण, बृहद् वास्तुशास्त्र, सन् २००७, पृ.२९ ।
४१. पूर्ववत्, पृ. ३० ।

स्वामी अग्नि हो, अतः अग्निसम्बन्धी कार्य (भान्साघर, कलकारखाना, भट्टी आदि) यस दिशामा हुनपर्छ । उत्तर-पश्चिम दिशा (वायव्य) को स्वामी वायु हो, अतः यस दिशामा अतिथि गृह तथा सामानको भण्डार कक्ष बनाउनुपर्छ । दक्षिण-पश्चिम दिशा (नैर्ऋत्य) को स्वामी पृथिवी हो, पृथिवी सबै तत्त्वहरूमा स्थीर हुन्छ । अतः यस दिशालाई आफ्नो प्रयोगका लागि सुरक्षित राख्नुपर्छ । केन्द्रको स्वामी आकाश हो, अतः यस भागको गतिविधिलाई शून्य राख्नुपर्छ अथवा गतिविधि कम गर्नुपर्छ ।[४२]

३.४.दिग्देवता र दिशा

पूर्व दिशामा सूर्य उदित हुन्छ, अतः सूर्यको उपासनाका लागि पूर्व दिशाको महत्त्वहुन्छ । पृथिवीका लागि सूर्य सम्पूर्ण ऊर्जाहरूको स्रोत भएका कारण वास्तुको दृष्टिले पूर्व दिशालाई प्रधान रूपमा राखिएको हो । 'समरांगणसूत्र' नामक ग्रन्थमा विभिन्न दिशाहरू तथा विदिशाहरूका बारेमा विशेष विवरण दिइएको छ ।

पूर्व दिशाका स्वामी इन्द्र हुन् । यस दिशामा विष्णु, सूर्य तथा इन्द्रको निवास स्थान मानिएको छ । पश्चिम दिशाका स्वामी वरुण हुन् । यो दिशा विश्वकर्मा, सागर एवं नदीहरूको साथै वरुणको पनि निवास स्थान हो । उत्तर दिशाका स्वामी कुबेर हुन् भने विशाख, स्कन्द, सोमको पनि निवास स्थान हो । दक्षिण दिशाका स्वामी यम हुन् । यो दिशा गणेश, मातृका, भूत प्रेतको साथै यमराजको पनि निवास स्थान हो । आग्नेय दिशाका स्वामी अग्नि हुन् । यो सनत्कुमार, सावित्रीका साथै हनुमान्को पनि निवास स्थान हो । नैर्ऋत्य दिशाका स्वामी राक्षस हुन् । यो दिशा भद्रकाली तथा पितृगण आदिको निवास स्थान हो । वायव्य दिशाका स्वामी वायु हुन् । यो दिशा शनि र कात्यायनीको निवास स्थान हो । ईशान दिशाको स्वामी शङ्कर हुन् । यो दिशा महेश तथा लक्ष्मीको निवास स्थान हो । पूजाका लागि ईशानलाई सर्वाधिक उपयुक्त मानिन्छ । यसकारण पूजास्थलको निर्माणका लागि ईशान कोण उत्तम हुन्छ ।

यस बाहेक प्रतिमा तथा चित्रको मुखलाई दिशा विशेषमा राख्नुको आफ्नै महत्त्व हुन्छ । विष्णु, शिव, इन्द्र, सूर्य र कार्तिकेयको मूर्तिहरूको मुख पूर्व वा पश्चिममा राख्नुपर्छ । गणेश, कुबेर र षोडश मातृकाका मूर्तिहरूको मुख दक्षिण दिशामा हुनु उचित हुन्छ । हनुमान्को मूर्तिको मुख सदैव नैर्ऋत्य कोणमा हुनुपर्छ ।

---

४२. श्रीमाली, राधाकृष्ण, बृहद् वास्तुशास्त्र, सन् २००७, पृ. ३७ ।

आराधना वा साधनाको समयमा मन मस्तिष्कलाई एकाग्रचित्त बनाउनु आवश्यक हुन्छ । पूजास्थल ईशान कोणमा भयो भने आराधनाको समय मनमस्तिष्कलाई उत्तरतिरबाट प्रवाहित हुने चुम्बकीय तरङ्गहरूबाट ऊर्जा गति प्राप्त हुन्छ जुन एकाग्रता तथा आध्यात्मिक शान्तिका लागि अत्यावश्यक हुन्छ ।[४३]

३.५.वास्तु र ग्रह

ज्योतिषशास्त्र र वास्तुशास्त्रको सम्बन्ध प्राचीनकालदेखि नै विद्यमान रहेको छ । यी दुवैको प्रभाव एकअर्कामाथि पर्छ । मानव जीवनमाथि सबै ग्रहहरूको शुभाशुभ प्रभाव परिरहन्छ । ग्रहहरूको स्थिति अनुकूल तथा प्रतिकूल भएमा मानवले जीवनमा अनेक प्रकारका सुख-दुःखको भोग गर्दछ । ग्रहहरूले निर्जीव वस्तुहरूमा पनि आफ्नो प्रभाव पार्दछन् ।[४४]

दिशा	ग्रह	शुभनिर्माण	राशि
पूर्व	सूर्य	स्नानघर	मेष
पश्चिम	शनि	अध्ययन कक्ष, बच्चाहरूको शयन कक्ष	तुला
उत्तर	बुध	धनभण्डार	मकर
दक्षिण	मंगल	भान्साघर	कर्कट
ईशान	गुरु	पूजाघर, वैठक कोठा	कुम्भ, मिथुन
आग्नेय	शुक्र	भान्साघर	वृष, मीन
नैर्ऋत्य	राहु	वयस्कहरूका लागि शयन कक्ष	सिंह, कन्या
वायव्य	चन्द्र	अतिथिगृह, भण्डारगृह	वृश्चिक, धन

३.६. भूमिखण्ड लक्षण

वास्तुशास्त्र अनुकूल भूखण्डको चयन गर्नुपर्छ । वर्गाकार, गजाकार, अश्वाकार, गौमुखाकार, सिंहाकार, वृत्ताकार, त्रिशूलाकार, शिवलिङ्गाकार र कलशाकार भूमि निवास योग्य शुभ मानिन्छन् । त्रिकोणाकार, चक्राकार, धनुषाकार, तबलाकार, मृदङ्गाकार,

---

४३. श्रीमाली, राधाकृष्ण, बृहद् वास्तुशास्त्र, सन् २००७, पृ. ३७ ।
४४. पूर्ववत्, पृ. ४२ ।

अण्डाकार र अर्धवृत्ताकार भूमि निवासका लागि अशुभ मानिन्छन् । दृश्यमा मनोरम भए पनि अयोग्य हुने कारणले प्रयत्नपूर्वक भूखण्ड परीक्षण गर्नुपर्छ । [४५]

३.७. ग्रामनिवास विचार

गृहस्वामीको जन्मराशिबाट रोजिएको ग्रामको राशि दोस्रो, नवौँ, एघारौँ र दसौँ स्थानमा भएमा नक्षत्रदृष्टिबाट निवास योग्य हुन्छ भने जन्मराशिबाट प्रथम, तेस्रो, सातौँ, चौथो, आठौँ, छैठौँ र बाह्रौँ भएमा निवास योग्य हुँदैन । [४६]

ग्रामको नक्षत्रबाट आरम्भ गरेर गृहस्वामीको जन्मनक्षत्रसम्म गणना गर्दा ७ नक्षत्र शिर भागको, ७ नक्षत्र पीठको, ७ नक्षत्र हृदयको र ७ नक्षत्र पाउको राख्नुपर्छ । जुन अङ्गमा गृहस्वामीको नक्षत्र पर्छ त्यही अनुसार शिरमा पर्दा धन र मान प्राप्ति, पीठमा पर्दा हानि र धनहीनता, हृदयमा पर्दा सुख प्राप्ति एवं पाउमा पर्दा गृहस्वामीलाई भ्रमण (देशाटन) लाभ प्राप्त हुन्छ । [४७]

३.८. वर्गमैत्री विचार

अ (स्वर),कवर्ग, चवर्ग, टवर्ग, तवर्ग, पवर्ग, य, र, ल, व, श, ष, हका स्वामीहरू क्रमशः गरुड, बिरालो, सिंह, कुकुर, सर्प, मुसा, हात्ती एवं भेडा हुन्छन् । आफ्नो वर्गबाट

---

४५. चतुरस्त्रां द्विपाकारां सिंहोक्षाश्वेभरूपिणीम् ।
वृत्तञ्च भद्रपीठञ्च त्रिशूलं लिङ्गसन्निभम् ॥
प्रासादध्वज कुर्मादि देवानामपि दुर्लभम् ।
त्रिकोणं शकटाकारां शूर्पव्यजनसन्निभाम् ॥
मुरजाकारसदृशां सर्पमण्डूकरूपिणीम् ।
मुद्गराभां तथोलूककाकसर्पनिभां तथा ॥
शूरोष्ट्राऽजसदृशां धनुंपरशुरूपिणीम् ।
कृकत्मासशवाकारां दुर्गम्यां च विवर्जयेत् ॥
मनोरमां च या भूमिः परीक्षेत प्रयत्नतः ॥ (विश्वकर्मा प्रकाश, २७-३०)

४६. यद् ग्रामभं द्वचङ्कसुतेशकाष्ठा
मितं भवेल्लाभमतः शुभेशः ।
यद् भं शशाङ्काग्निनगाब्धितुल्यः
मध्योऽष्टषट् कार्कमतो निषिद्धः ॥ (वास्तुरत्नाकर, श्लोक २२, पृ. ४)

४७. ग्रामे यत्र भवेद्दक्षे तदाद्याः सप्त मस्तके ।
पृष्ठे सप्त हृदि सप्त पादे सप्त स्वतारकाः ॥
मस्तके च धनी मान्यः पृष्ठे हानिश्च निर्धनम् ।
हृदये सुखसम्प्राप्तिः पादे पर्यटनं फलम् ॥ (बृहद्दैवज्ञरञ्जन, श्लोक.१७-१८)

पाँचौं वर्ग शत्रुवर्ग हुन्छ ।[४८] ग्राम र गृहस्वामीको नामको वर्ग प्रथम वा तृतीय परेको हुन्छ भने वर्गमैत्री हुन्छ । त्यस्तै दोस्रो परेमा सम्बन्ध उदासीन हुन्छ । गृहस्वामी र ग्रामको एउटै वर्ग पर्छ भने त्यो सर्वोत्तम हुन्छ ।[४९] उदाहरणार्थ गरुडवर्गबाट पाँचौं वर्ग सर्प गरुड वर्गको शत्रुवर्ग हुन्छ ।

ईशान पूर्व आग्नेय

उत्तर

श ष स ह	अ इ उ ए ओ	कवर्ग
य र ल व		चवर्ग
पवर्ग	तवर्ग	टवर्ग

दक्षिण

वायव्य पश्चिम नैर्ऋत्य

३.९. काकिणी विचार

आफ्नो नामको आदि अक्षरको वर्गसंख्यालाई दुई गुणा गरी ग्रामको वर्गसंख्या जोडी आउने योगफललाई ८ ले भाग गर्दा रहेको शेषभागले गृहस्वामीको काकिणी ज्ञान हुन्छ । त्यस्तै ग्रामको काकिणी जान्नका लागि ग्रामको प्रथम अक्षरको वर्गसंख्यालाई दुईगुणा गरी आफ्नो नामको वर्गसंख्या जोडी आउने योगफललाई ८ ले भाग गर्दा शेष बचेको भागबाट काकिणीको ज्ञान हुन्छ । यी दुबै तरिकाबाट काकिणीको ज्ञान गर्दा ग्रामको वा अमुक व्यक्तिमध्ये जसको काकिणी बढी हुन्छ त्यो ऋणी हुन्छ । ग्रामको भन्दा स्वनामको काकिणी बढी शुभ हुन्छ ।[५०]

३.१०. राशि र वर्गअनुसार वर्जित दिशा

वृष, सिंह, मकर एवं मिथुन राशि भएकालाई ग्रामको मध्य भागमा निवास गर्न वर्जित छ । वृश्चिक राशि भएकालाई पूर्वमा, मीनलाई आग्नेयमा, कन्यालाई दक्षिणमा,

---

४८. अकचटतपयशवर्गाः खगेशमार्जारसिंहशुनोः ।
सर्पाखुमृगावीनां निजपञ्चमवैरीनामष्टौ ॥ (पाण्डेय, शैलजा, गृहवास्तुप्रदीप, श्लोक ४, पृ. ४८)

४९. स्ववर्गात् पञ्चमः शत्रुः स्वर्क्षे स्वेति मित्रसंज्ञकः ।
तृतीयो मित्रसंज्ञः स्यादुदासीनो द्वितीयकः ।
नामग्रामैकयोर्वर्गे चैके स्यादुत्तमोत्तमः ॥ (पूर्ववत् श्लोक ५, पृ. ४८)

५०. स्ववर्गं द्विगुणं कृत्वा परवर्गेण योजयेत् ।
अष्टाभिस्तु हरेद् भागं योऽधिकः स ऋणी भवेत् ॥ (वास्तुप्रवोध, श्लोक १३, पृ. ५)

कर्कटलाई नैर्ऋत्यमा, धनुलाई पश्चिममा, तुलालाई वायव्यमा, मेषलाई उत्तरमा, कुम्भलाई ईशानमा निवास गर्न वर्जित गरिएको छ । आफ्नो वर्गबाट पाँचौं वर्गको दिशालाई छोडेर पूर्वादि दिशा बली हुन्छ । उदाहरणार्थ तवर्ग र वृश्चिक राशिलाई पूर्वमा, पवर्ग एवं मीनलाई आग्नेयमा, 'य र ल व' एवं कन्या राशिलाई दक्षिणमा, 'श ष स ह' एवं कर्कट राशिलाई नैर्ऋत्यमा, 'अ इ उ ए ओ' एवं धनु राशिलाई पश्चिममा, कवर्ग एवं तुला राशिलाई वायव्यमा, चवर्ग एवं मेष राशिलाई उत्तरमा, टवर्ग एवं कुम्भ राशिलाई ईशानमा निवासका लागि वर्जित गरिएको छ । प्रतिकूल दिशाहरूलाई छोडेर शेष दिशाहरू शुभदायक मानिन्छन् भने बाँकी ८ दिशाहरू यी राशिका लागि शुभदायक हुन्छन् ।[५१]

८ ईशान   १. पूर्व   २.आग्नेय

७. उत्तर

कुम्भ, टवर्ग	वृश्चिक, तवर्ग	मीन, पवर्ग
मेष, चवर्ग	वृष, सिंह, मकर, मिथुन	कन्या, य र ल व
तुला, कवर्ग	धनु, अ इ उ ए ओ	कर्कट, शष स ह

३. दक्षिण

६. वायव्य   ५. पश्चिम   ४. नैर्ऋत्य

३.११. दशा विचार

अ, क, च, ट, त, प, य र श वर्गका संख्या क्रमशः ८, ५, ६, ४, ७, १, ३, २ मानिन्छ । मनुष्यको वर्गको संख्या ग्रामको वर्गसंख्या एवं दिग्वर्ग संख्यालाई जोड्दा आउने योगफललाई ९ ले भाग गर्दा बचेको शेष सूर्यादि दशा हुन्छ भन्ने बोध गर्नुपर्छ । १ शेष आएमा सूर्य, २ चन्द्रमा, ३ मंगल, ४ राहु, ५ बृहस्पति, ६ शनि, ७ बुध, ८ केतु र ९ शुक्रको

---

५१. गोसिंहनक्रमिथुनं निवसेन्न मध्ये
ग्रामस्य पूर्वककुभोऽलिझषाङ्गनाश्च ।
कर्को धनुस्तुलभमेषधटाश्च तद्वत्
वर्गाः स्वपञ्चमपरा बलिनः सुरैन्द्रयाः ॥ (मुहूर्तचिन्तामणि, गृहवास्तुप्रकरणम् २)

दशा बोध गर्नुपर्छ । सूर्यको दशावर्ष ६ वर्ष, चन्द्रमाको १० वर्ष, मंगलको ७ वर्ष, राहुको १८ वर्ष, बृहस्पतिको १६ वर्ष, शनिको १९ वर्ष बुधको १७ वर्ष, केतुको ७ वर्ष एवं शुक्रको २० वर्ष मानिन्छ । [५२]सूर्य, मंगल, शनि, राहु र केतु पापग्रह हुन् भने चन्द्र, बुध, बृहस्पति र शुक्र शुभ ग्रह हुन् । पाप ग्रहको दशा परेमा अशुभ कारक र शुभग्रहको दशा परेमा शुभकारक मानिन्छ ।

३.१२.भद्रा विचार

गृहारम्भ गर्दा भद्रा विचार गर्नुपर्छ । यदि चन्द्रमा कुम्भ, मीन, कर्कट र सिंह राशिमा छन् भने भद्रा मर्त्यलोक (पृथिवी) मा हुन्छन् । मेष, वृष, मिथुन र वृश्चिक राशिमा छन् भने स्वर्ग लोकमा र तुला, धन, मकर र कन्याराशिमा छन् भने पातालमा भद्राको वास हुन्छ । जुन लोकमा भद्राको निवास हुन्छ त्यस लोकमा भद्राको अशुभ फल हुन्छ । शुक्लपक्षको अष्टमी र पूर्णिमाको पूर्वार्धमा तथा एकादशी र चतुर्थीको परार्धमा भद्रा हुन्छ । यस्तै कृष्णपक्षको तृतीया र दशमीको परार्धमा एवं सप्तमी र चतुर्दशीको पूर्वार्धमा भद्रा हुन्छ । [५३]स्वर्गमा भद्रा हुँदा सुखप्राप्ति, पातालमा हुँदा धनागम हुन्छ भने मर्त्यलोकमा भद्रा हुँदा कार्यहानि हुन्छ । वर्जित भद्रामा कुनै पनि मंगल कार्य नगर्नु यदि त्यस्तो मंगल कार्य गरेमा सर्वकार्य नष्ट हुन्छ । [५४]

---

५२. अथाष्टवर्गाः क्रमतोऽष्टबाणरसाब्धिसप्तेन्दुगुणाश्विनश्च ।
नृग्रामदिग्वर्गमिताङ्कयोगे सूर्याद्दशेशा नवभक्तशेषात् ॥
सूर्येन्दुभौमास्त्वगुजीवमन्दाः सौम्याश्च केतुर्भृगुजः क्रमेण ।
षट्दिग्नगाधृत्यवनीश्वराङ्कचन्द्राः घनाः सप्तनखाः क्रमेण ॥
(पाण्डेय, शैलजा, श्लोक ८, ९, पृ. ५०, गृहप्रकरणम् गृहवास्तुप्रदीप)

५३. शुक्ले पूर्वार्धेऽष्टमीपञ्चदश्योर्भद्रैकादश्यां चतुर्थ्यां परार्धे ।
कृष्णेऽत्यार्धे स्यात्तृतीयादशम्योः पूर्वे भागे सप्तमीशम्भुतिथ्योः ॥
(तिवारी, मणिप्रसाद, पृ.२४८, त्रिकाल जन्मकुण्डली दर्पण)

५४. कुम्भकर्कद्वये मर्त्ये स्वर्गेऽब्जे जात्रयेऽलिगे ।
स्त्रीधनुर्जूनक्रेऽधोः भद्रा तत्रैव तत्फलम् ॥
स्वर्गे भद्रा भवेत् सौख्यं पाताले च धनागमः ।
मृत्युलोके यदा भद्रा कार्यसिद्धिस्तदा न हि ॥
न कुर्यान्मंगलं विष्ठयां जीवितार्थी कदाचन ।
कुर्वन्नज्ञस्तदा क्षिप्रं तत्सर्वं नाशयेत्पुमान् ॥ (पूर्ववत्, पृ.२४८, २४९,)

भद्रादिशा			
तिथि	दिशा	तिथि	दिशा
३	ईशान	१०	वायव्य
४	पश्चिम	११	उत्तर
७	दक्षिण	१४	पूर्व
८	आग्नेय	१५	नैर्ऋत्य

३.१२.१. भद्रा परिहार

रातमा लागेको भद्रा दिनमा र दिनमा लागेको भद्रा रातमा भएमा भद्राको दोष लाग्दैन । भद्रालाई छलेर कार्य गर्दा कार्य सिद्ध हुन्छ । [५५]

१) यदि कुनै दिन वैधृति, व्यतिपात, भद्रा अथवा कुनै अशुभ छ तर त्यसै दिन अमृत एवं सिद्धा आदि शुभ योग पनि छ भने अशुभयोग नाश हुन्छ ।

२) भद्राको - मंगलवार, शनिवार, व्यतिपात जन्मदिनको दोष मध्याह्नपछि रहँदैन ।

३) लग्न शुद्ध छ भने त्यसमा सबै कुयोग नाश हुन्छ । गृह प्रवेश गर्दा पनि भद्राको ध्यान राखी मुख्य द्वारबाट गर्नुपर्छ । भद्रा अगाडि अथवा देब्रे पार्नु हुँदैन ।

३.१३.मुहूर्त्तप्रकरण

वास्तुशास्त्रीय निर्माण पञ्चाङ्ग[५६] हेरेर शुभ मुहूर्त्तमा गर्नुपर्छ । परिसरको निर्माण सदैव शुभ मुहूर्तमा गर्नुपर्छ । यसबाट निर्माण प्रक्रियामा कुनै बाधा उत्पन्न हुन्न । तिथि, वार, नक्षत्र, योग, करण, पक्ष, मास, लग्न र अयनादि पूर्णतः विचार गरी गृहनिर्माण गर्दा सुख शान्तिसँगै निवासस्थलको विपत्ति निवारण गर्दछ ।

---

५५. रात्रि भद्रा यदाह्नीस्यात् दिवा भद्रा यदानिशि ।
न तत्र भद्रादोषः स्यात्सर्वकर्माणि साधयेत् ॥
(तिवारी, मणिप्रसाद, पृ.२४८, त्रिकाल जन्मकुण्डली दर्पण पृ. २४९)

५६. तिथिर्वारश्च नक्षत्रं योगः करणमेव च । (आप्टे, वामनशिवराम, संस्कृत हिन्दीकोश, पृ. ५६२)

३.१३.१ पक्ष तथा तिथि

चन्द्रमाको कला (बिम्ब) बढ्दो क्रममा उन्मुख हुन्छ भने शुक्लपक्ष र घट्दो क्रममा हुन्छ भने कृष्णपक्ष मानिन्छ । प्रतिपदादेखि पूर्णिमापर्यन्त शुक्लपक्ष र प्रतिपदादेखि अमावास्यापर्यन्त कृष्णपक्ष हुन्छ । सामान्यतया १५ दिनको एक पक्ष हुन्छ । वास्तुशास्त्र अनुसार निर्माण कार्यका लागि शुक्लपक्ष ग्राह्य हुन्छ ।

द्वितीया, तृतीया, पञ्चमी, षष्ठी, सप्तमी, दशमी, एकादशी, द्वादशी तथा त्रयोदशी तिथिहरू र पूर्णिमालाई शुभ मानिन्छ । कुनै पनि निर्माण कार्य प्रतिपदा, चतुर्थी, अष्टमी, नवमी र चतुर्दशी तिथिहरूमा तथा अमावस्यामा प्रारम्भ गर्नु हुँदैन । प्रतिपदामा निर्धनता, चतुर्थीमा धनहीनता, अष्टमीमा उन्नतिमा बाधा, नवमीमा अन्नको क्षति, चतुर्दशीमा नारीको लागि विशेष हानिकारक, अमावास्यामा राजभयादि दुष्प्रभाव दिने हुन्छन् ।

३.१४.गृहारम्भ मुहूर्त

फागुनमा कुम्भमा सूर्य हुँदा, साउनमा कर्कट वा सिंहमा सूर्य हुँदा, पुषमा मकरको सूर्य हुँदा पूर्व-पश्चिममुख हुने गृहको आरम्भ गर्नुपर्छ । वैशाखमा मेष राशि वा वृष राशिका सूर्य हुँदा, मंसिरमा वृश्चिक वा तुलाको सूर्य हुँदा दक्षिण-उत्तर मुख हुने गृहको आरम्भ गर्नुपर्छ । चैत्रमा शोक, वैशाखमा धान्य, जेठमा मृत्यु, आषाढमा पशुहानि, श्रावणमा धनको वृद्धि, भाद्रमा विनाश, आश्विनमा युद्ध, कार्तिकमा सेवकहानि, मार्गशीर्षमा धनलाभ, पुषमा भय, माघमा अग्निभय, फाल्गुनमा लक्ष्मीप्राप्ति हुन्छ ।

रोहिणी, मृगशिरा, उत्तराफाल्गुनी, हस्ता, चित्रा, स्वाति, अनुराधा, उत्तराषाढा, धनिष्ठा, शतभिषा, उत्तराभाद्रपद, रेवतीएवं पुष्य यी १३ नक्षत्रमा गृहारम्भ गर्नुपर्छ । सूतिका गृहको आरम्भमा पुनर्वसु एवं प्रवेश श्रवण तथा अभिजित् नक्षत्रमा गर्नुपर्छ ।[५७]

कर्ताको सूर्य, चन्द्र, गुरु बलि भई जामित्र विवाहोक्त सम्पूर्ण दोष छाडी वैशाख, श्रावण, कार्तिक, मार्गशीर्ष, पौष, फाल्गुन महिना, १ । २ । ३ । ५ । ६ । ८ । १० । ११ । १२ ।

---

५७. कुम्भेऽर्के फाल्गुने प्रागपरमुखगृहं श्रावणे सिंहकर्क्यो:
पौषे नक्रे च याम्योत्तरमुखसदनं गोऽजगेऽर्के च राधे ।
मार्गे जूकालिगे सद्ध्रुवमृदुवरुणस्वातिवस्वर्कपुष्यै:
सूतीगेहन्त्वदित्यां हरिभविधिभयोस्तत्र शस्त: प्रवेश: ॥
(मुहूर्तचिन्तामणि, गृहवास्तुप्रकरणम्, श्लोक १५)

१३ । १५ तिथि सोम, बुध, गुरु, शुक्र र शनिवार, रोहिणी, मृगशिरा, उत्तराफाल्गुनी, उत्तराषाढा, उत्तराभाद्रपदा, हस्ता, चित्रा, स्वाती, अनुराधा, धनिष्टा, शतभिषा र रेवती नक्षत्रमा अष्टम/द्वादश स्थान शुद्ध र केन्द्र त्रिकोणमा शुभग्रह ३ । ६ । ११ स्थानमा पापग्रहयुक्त लग्नमा वृषवास्तु समेत जुराई गृहारम्भ गर्दा शुभ हुन्छ ।[५८]

३.१५.घर छाउने मुहूर्त

२ । ३ । ५ । ७ । १० । १३ तिथि, रोहिणी, पुष्य, तिष्य, हस्ता, चित्रा, स्वाती, अनुराधा, अभिजित्, उत्तराषाढा नक्षत्रमा तथा सोम, मंगल, बुध र शनिवार शुभ तर धनिष्ठा पञ्चक छाड्नुपर्छ ।[५९]

३.१६.पुरानोघरमा पुनः प्रवेश मुहूर्त

श्रावण, कार्तिक मार्गशीर्ष, महिनामा रोहिणी, मृगशिरा, तिष्य, चित्रा, स्वाती, अनुराधा, धनिष्ठा, शतभिषा र रेवती नक्षत्रमा वास्तुसमेत गरी गृहप्रवेश गर्दा शुभ हुन्छ ।
६०

३.१७.चुलोबनाउने मुहूर्त

साउनबाहेक अन्य महिनामा अश्विनी, रोहिणी, आर्द्रा, तिष्य, पूर्वफाल्गुनी, पूर्वाषाढा, पूर्वाभाद्रपदा, उत्तरफाल्गुनी, उत्तराषाढा, उत्तराभाद्रपदा नक्षत्रमा चुल्लीचक्र समेत जुराई चूल्हो बनाउँदा शुभ हुन्छ ।[६१]

---

५८. मुहूर्तचिन्तामणि, गृहवास्तुप्रकरणम्, १,२,३ ।

५९. व्यास, सोहनलाल, मूहुर्तपारिजात, प्रतिष्ठाप्रकाण्ड, पृ. २२५ ।

६०. जीर्णे गृहेऽग्न्यादिभयान्नवेऽपि मार्गोर्जयोः श्रावणिकेऽपि सत्स्यात् ।
देशोऽम्बुपेज्यानिलवासवेषु नावश्यमस्तादिविचारणात्र ॥ (मुहूर्तचिन्तामणि, गृहप्रवेशप्रकरणम्,२) ।

६१. सूर्यर्क्षाद्रस ६ पृष्ठभैः सुखयुतं वेदैः ४ शिरो मृत्युदं
बाहौ नाग ८ सुसौख्यभोगमतुलं गर्भे शरै ५ र्नाशयेत् ।
द्वौ द्वौ २ भुक्तिकरौ कलत्रमरणमंघ्रौ द्वयं २ च क्रमात्
चुल्लीचक्रविचारणं सुधिषणैः प्रोक्तं हि गर्गादिभिः ॥ (अनुष्ठानप्रकाश, वास्तुप्रकरणम् १०३) ।

चुल्लीचक्रम् (सूर्यको नक्षत्रबाट गन्ने)		
स्थान	**नक्षत्र**	**फलम्**
पृष्ठे	६	श्रीलाभः
शीर्षे	१०	मृत्युभयम्
बाहौ	१८	सुखम्
गर्भे	२३	विनाशः
हस्ते	२५	सुमुक्तिः
चरणे	२७	कलत्रमृति

३.१८.काठको खलियो बनाउने मुहूर्त

रोहिणी, आर्द्रा, तिष्य, पूर्वफाल्गुनी, हस्ता, स्वाती, विशाखा, अनुराधा, मूल, पूर्वषाढा, शतभिषा यी नक्षत्रमा आइत, सोम, मङ्गल, बुध र शुक्रवार काष्ठस्थापनाचक्र जुराई काठको खलियो छाउँदा शुभ हुन्छ । [६२]

काष्ठस्थापनचक्रम् (सूर्यभात्)	
नक्षत्र	**फलानि**
६	रसपाकः
८	शवदाहः
१२	सर्पभीः
१६	मित्रसंगः
२०	रोगभीः
२४	क्वाथः
२८	सुखम्

६२. सूर्याक्षाद्रिरसभैरधःस्थलगतैः पाको रसैः संयुतः
शीर्षे युग्ममितेः शवस्य दहनं मध्ये युगैः सर्पभीः ।
प्रागाशादिषु वेदभैः स्वसु हृदां स्यात्संगमो रोगभीः
क्वाथादेः करणं सुखं च गदितं काष्ठादिसंस्थापनम् ॥ (मुहूर्तचिन्तामणि, नक्षत्रप्रकरणम्, ४९)

३.१९.वास्तुभूमिको दीर्घता र विस्तारज्ञान

निवास गर्ने व्यक्तिलाई विवाह प्रकरणमा बताइएअनुसार जुन नक्षत्रसित गणना राम्रो बन्दछ, त्यही नक्षत्रलाई गृह-निर्माणमा इष्टर्क्ष कल्पना गर्नु, इष्टर्क्षको संख्यामा १ घटाएर शेषले १५२ लाई गुणा गर्नु र इष्ट आयको संख्यामा १ घटाएर शेषले ८१ लाई गुनेर गुणनफल पूर्वको फलमा जोड्नु । फेरि त्यसमा १७ जोडेर २१६ ले भाग दिनाले जो शेष बच्दछ त्यही वास्तु भूमिको क्षेत्रफल हुन्छ । त्यस क्षेत्रफललाई अभीष्ट लम्वाइले भाग दिएपछि चौडाइ र त्यही चौडाइले भाग दिएपछि लम्वाइ बन्दछ । त्यस पिण्ड वा क्षेत्रफलमा आठले भाग दिएपछि शेषमा क्रमले एक ध्वज, दुई धूम, तीन सिंह, चार श्वान, पाँच वृष, छ खर, सात गज र आठ ध्वाङ्क्ष- यी आय कहिन्छन् ।[६३]

उदाहरणका लागि कमलनाथ मृगशिरा नक्षत्रको आद्रा नक्षत्रकासाथ विवाह गणना अनुसार ३४ गुण मिल्दछ, यसै कारण इष्ट नक्षत्र आर्द्रा ६ र इष्ट विषम आय सिंह तीन कल्पना गरेर क्षेत्रफल तयार गर्नुपर्छ ।

अव इष्टर्क्ष ६ मा एक घटाउनाले पाँच भयो, त्यसले १५२ लाई गुणा गर्दा ७६० भयो । इष्ट आय तीनमा एक घटाएर शेष दुईले ८१ लाई गुनेर १६२ लाई ७६० मा जोडि दिंदा ९२२ भयो । फेरि यसमा जोड्दाले ९३९ भयो । यसमा २१६ ले भाग दिंदा शेष ७५ नै इष्ट नक्षत्र र इष्ट आय बाट उत्पन्न वास्तु भूमिको क्षत्रफल भयो । यसैप्रकार अर्को इष्टर्क्ष र इष्ट आयहरूबाट अनेकानेक पिण्ड बन्दछन् । अब त्यो पिण्ड अर्थात् क्षेत्रफलमा यदि दैर्घ्य १० राख्ने इच्छा भए दशले भाग दिए विस्तार ७१/२ बन्दछ । अथवा दैर्घ्य १५ राख्यो भने ७५ मा १५ ले भाग दिएपछि विस्तार पाँच हुन्छ । यसै गरी विस्तारको कल्पना गरेर त्यसले भाग दिए पनि दैर्घ्य जान्न सकिन्छ ।

उक्त क्रमले प्राप्त पिण्डमा कर्ताको अभीष्ट घरको सिद्धि भएन भने अर्थात् त्यो भन्दा अझ ठुलो घर बनाउने मन भए लब्ध क्षेत्रफलमा आदि गुणित २१६ जोडेर पिण्ड बनाउनुपर्छ । उपरोक्त उदाहरणमा ७५ पिण्डमा २१६ जोड्नाले २९१ अथवा ४३२

---

६३. एकोनितेष्टर्क्षहता द्वितिथ्यो रूपोनितेष्टायहतेन्दुनागैः ।
युक्ता धनैश्चापि युता विभक्ता भूपाशिवभिः शेषमितोहिपिण्डः ॥
स्वेष्टायनक्षत्रभवोऽथ दैर्घ्यकहृत्स्याद्विस्तृतिहृच्च दीर्घता ।
आया ध्वजोधूमहरिश्वगोखरेभध्वाङ्क्षकाः पिण्ड इहाष्टशेषिते ॥
(मुहूर्त्तचिन्तामणि, गृहवास्तुप्रकरणम्, श्लोक ३, ४) ।

जोड्नाले ५०७, वा ६४८ जोड्नाले ७२३ इत्यादि क्षेत्रफल बन्दछन् । यी पिण्डहरूबाट कल्पित दैर्घ्य र विस्तार पनि बनाउनै पर्छ ।

३.२०.आयअनुसार गृहद्वार विचार

आय साधन गरिसकेपछि यदि ध्वज'आय' आयो भने घरमा सबै दिशातर्फ द्वार बनाए हुन्छ । सिंह आए पूर्व, दक्षिण र उत्तरतर्फ, वृष आए पूर्वमा, गज आए पूर्व र दक्षिणमा द्वार बनाउनु उपयुक्त हुन्छ । ब्राह्मणले पश्चिम, क्षत्रियले उत्तर, वैश्यले पूर्व र शूद्रले दक्षिण दिशामा द्वार बनाए उचित र शुभफल प्रदायक हुन्छ ।[६४]

३.२१.गृहारम्भमा वर्ज्य विषय

घरको स्वामीको जन्मराशिबाट गोचरीय विचारले सूर्य निर्बल, अशुभ स्थानमा अस्त वा नीच राशिमा भएको अवस्थामा गृहारम्भ गर्नाले गृह स्वामीको नाश हुन सक्दछ । चन्द्रमा निर्बल, अस्त वा नीच भए स्त्रीनाशक हुन्छ । बृहस्पति अस्त वा नीच भए पुत्रको नाश हुने छ र शुक्र कमजोर भए धन सम्पतिको नाश हुने छ ।[६५]

यदि चन्द्रमाको दैनिक नक्षत्र र वास्तुको दैर्घ्य-विस्तारबाट उत्पन्न एक नक्षत्र सम्मुख छ भने गृहारम्भ गर्नाले त्यस घरमा गृहपतिको निवास वा स्थिति हुन असम्भव छ । त्यस्तै चन्द्र नक्षत्र र वास्तु नक्षत्रपछि पारी गृहारम्भ गर्दा घरमा चोरीको सम्भावना रहन्छ । गृहारम्भमा चान्द्र नक्षत्र र वास्तु नक्षत्र सम्मुख र पृष्ट भागमा पार्नु हुँदैन । दायाँ र बायाँ शुभ मानिन्छ ।

३.२२.घरमा व्यय र अंश-ज्ञान

घरको कल्पित नक्षत्रको संख्यामा आठले भाग दिएपछि शेष व्यय कहिन्छ । त्यस व्ययमा घरको ध्रुव आदि नामाक्षरलाई जोडेर फेरि घरको क्षेत्रफल जोडी तीनले भाग दिँदा

---

६४. ध्वजादिकाः, सर्वदिशि ध्वजे मुखं कार्यं हरौ पूर्वयमोत्तरे तथा ।
प्राच्यां वृषे प्राग्यमयोर्गजेऽथवा पश्चादुदक्यपूर्वयमे द्विजादितः ॥
(मुहूर्त्तचिन्तामणि, गृहवास्तुप्रकरणम्, श्लोक ५) ।

६५. गृहेशतत्स्त्रीसुतवित्तनाशोऽर्केन्द्वीज्यशुक्रे विवलेऽस्तनीचे ।
कर्तुः स्थितिर्नो विधुवास्तुनेर्भे पुरः स्थिते पृष्ठगते खनिः स्यात् ॥ (पूर्ववत् श्लोक ६) ।

एक शेष रहे इन्द्र, दुई शेष रहे यम, तीन शेष रहे भूप नामको अंश बन्दछ । गृहारम्भमा यम अंश अशुभ मानिन्न । अनि इन्द्र र भूप अंश शुभ मानिन्छ ।[६६]

उदाहरण- जस्तै इष्टर्क्ष आर्द्राको संख्या ६ मा आठले भाग दिंदा शेष ६ रह्यो । अतः व्यय ६ भयो । अब अंशको साधन गर्दा कर्तालाई पूर्व, दक्षिण र पश्चिम मुख भएको घर बनाउनु छ भने अगाडिका आठ र नवौ श्लोकअनुसार घरको ध्रुवादिक आठौं, नाउँ तीन अक्षर भएको 'सम्मुख' भयो । अतः पूर्व साधित व्यय ६ मा सुमुखको तीन अक्षर जोडिँदा नौ हुन्छ । त्यसमा पूर्वको पिण्ड वा क्षेत्रफल ७५ जोड्नाले ८४ भयो । त्यसमा ३ ले भाग दिँदा शेष भूप अंश शुभ मानिन्छ ।

३.२३.गृह ध्रुवाङ्क आनयन

घरमा पूर्वद्वार एक, दक्षिणमा दुई, पश्चिममा चार र उत्तरमा आठ शाला ध्रुवा अथवा घरहरूको ध्रुवाङ्क भए । जतातिरको द्वार बनाउनु छ, त्यसको यथा सम्भव ध्रुवाङ्कहरूको योग गरी त्यसमा एक मिलाएर जुन संख्या बन्दछ, त्यही अगाडि ध्रुवादि नामको त्यो घर तयार हुन्छ ।[६७]

कसैको घरमा पूर्व र उत्तर द्वार बनाउनु छ भने श्लोकअनुसार एक र आठ शाला ध्रुवहरूको योग नौमा एक जोड्नाले संख्या दश भयो । अतः अगाडि आउने नवौं र दशौं श्लोकअनुसार त्यस घरको नाम 'उग्र' भन्ने बन्दछ ।

३.२४.ध्रुवादि गृहहरूको नामाक्षर संख्या

'शाला ध्रुवाङ्क संयोगः सैकः' यो तरिकाले घरको संख्या यदि १५ । १२ । ८ । १६ । ९ । ११ । १४ मध्ये एक भए घरको नाम तीन अक्षरको हुने छ । यदि १ । २ । ४ । ५ । ६ । १० ।

---

६६. भं नागतष्टव्यय ईरितोऽसौ ध्रुवादिनामाक्षरयुक् सपिण्डः ।
तष्टो गुणैरिन्द्रकृतान्तभूपा ह्यंशा भवेयुर्न शुभोऽन्तकोऽत्र ॥
(मुहूर्त्तचिन्तामणि, गृहवास्तुप्रकरणम्, श्लोक ७) ।

६७. दिक्षु पूर्वादितः शालाध्रुवा भूद्वौ कृता गजाः ।
शालाध्रवाङ्क संयोगः सैको वेश्म ध्रुवादिकम् ॥ (पूर्ववत् श्लोक ८) ।

३ । १३ मध्ये कुनै संख्या भए घरको नाम दुई अक्षरको हुने छ । [६८]घरको संख्या ७ भए चार अक्षरको नाम सम्भव छ ।

३.२४.१. घरका सोह्र नाम

धुव, धान्य, जय, नन्द, खर, कान्त, मनोरम, सुमुख, दुर्मुख, उग्र, रिपुद, वित्तद, नाश, आक्रन्द र विपुल गृहका १६ नामहरू हुन् । जुन घरको जस्तो नाम छ फल पनि त्यस्तै नै जान्नुपर्छ । खर, दुर्मुख, रिपुद, नाश, आक्रान्त, नामका घर उत्तम मानिन्नन् । घर बनाउनुभन्दा अगाडि नै यी कुराहरू विचार गर्दा उत्तम हुन्छ । [६९]

३.२५.गृहारम्भमा वास्तु चक्र

गृहारम्भमा सूर्यको नक्षत्रवाट 'वृषवास्तु' चक्र हेर्दा सूर्य रहेको नक्षत्रबाट तीन नक्षत्र वृषको शिरमा जान्नुपर्छ । यो अवस्थामा गृहारम्भ गर्नाले गृह स्वामीको दाह हुन्छ । त्यसपछि अगाडि खुट्टा हुने चार नक्षत्रहरूमा शून्य फल हुन्छ । सूर्य रहेको नक्षत्रबाट पहिलो सात नक्षत्रहरू अशुभ मानिन्छन् । पछाडि खुट्टा हुने चार नक्षत्रहरूमा गृहस्वामीलाई स्थिरता हुन्छ । पिठिउँका तीन नक्षत्रमा लाभ हुन्छ । त्यस्तै सात पछिका एघार नक्षत्र शुभ मानिन्छन् । पुछारतिरका तीन नक्षत्रहरूमा गृह स्वामीको नाश हुन्छ । बायाँ कोखका चार नक्षत्रहरूमा दरिद्रता र अन्त्यमा मुख हुने तीन नक्षत्रहरूमा गृहारम्भ गर्दा गृहस्वामीलाई सधैं पीडा र कष्ट हुन्छ । [७०]

---

६८. तिथ्यार्कार्ष्टाष्टिगोरुद्रशक्रे नामाक्षरं त्रयम् ।
भूद्व्यब्धीष्वङ्गदिग्वह्निविश्वेषु द्वौ नगेऽब्धयः ॥
(मुहूर्त्तचिन्तामणि, गृहवास्तुप्रकरणम्,श्लोक ९) ।

६९. धुव-धान्ये जय-नन्दौ खर-कान्त-मनोरम-सुमुख-दुर्मुखोग्रं च ।
रिपुदं वित्तद-नाशे चाक्रान्द-विपुल-विजयाख्यां स्यात् ॥ (पूर्ववत् श्लोक १०) ।

७०. गेहाद्यारम्भेऽर्कभाद्वत्सशीर्षे रामैर्दाहो वेदभैरग्रपादे ।
शून्यं वेदैः पृष्ठपादे स्थिरत्वं रामैः पृष्ठे श्रीर्युगैर्दक्षकुक्षौ ॥
लाभो रामैः पुच्छगैः स्वामिनाशो वेदैर्नैः स्वं वामकुक्षौ मुखस्थैः ।
रामैः पीडा सन्तनं वाकधिष्ण्यादश्वैरुद्रैर्दिग्भिरुक्तं ह्यसत्सत् ॥ (पूर्ववत् श्लोक १३, १४)

वृषवास्तु चक्र-								
सूर्यार्क्षबाट नक्षत्र	३	४	४	३	४	४	४	३
फल	दाह	शून्य	स्थिरता	श्रीः	लाभ	नाश	दारिद्र	पीडा
फल	अशुभ	अशुभ	शुभ	शुभ	शुभ	अशुभ	अशुभ	अशुभ

प्रकारान्तरले वैशाख, श्रावण, कार्तिक, मार्गशीर्ष, पौष र फाल्गुनमा, रोहिणी, मृगशिरा, तिष्य, ३ उत्तरा, हस्ता, चित्रा, स्वाती, अनुराधा, शतभिषा, रेवती नक्षत्रमा शुक्लपक्षको २ । ३ । ५ । ६ । ९ । ११ । १२ तिथिमा वास्तु पुरुषको पूजा र भूत बलिदिई गृहवास्तु गर्दा शुभ हुन्छ ।

३.२६.प्रकारान्तरले गृहारम्भ विचार

कतिपय आचार्यहरूको मतमा-सूर्य मेष राशिमा चैत्रमा, वृषमा जेठ, कर्कमा सूर्य रहँदा आषाढमा, सिंहमा भए भदौमा, तुलामा भए आश्विनमा, वृश्चिकमा भए कार्तिकमा, मकरमा भए पौषमा, मकर-कुम्भमा सूर्य भए माघ महिनामा गृहारम्भ शुभ फलदायक मानिन्छ । यहाँ महिनाको गणना कृष्ण पक्षबाट गर्नुपर्छ । अर्थात् फाल्गुनको पूर्णिमापछि वैशाखको पूर्णिमासम्म 'चान्द्र वैशाख मास' भन्ने जान्नुपर्छ । [७१]

यसमा अमावास्यादेखि अमावास्यासम्मको चान्द्रमासको गणना गरिन्न । मिथुन, कन्या, धनु र मीन राशिमा सूर्य रहँदा गृहारम्भ वर्जित गरिएको छ । त्यसमा पनि मिथुनस्थ सूर्यमा ज्येष्ठ-आषाढको सम्भावना, कन्याको सूर्यमा भाद्र र आश्विनको, धनुको सूर्यमा पौष र माघको, अनि मीनको सूर्यमा फाल्गुन र चैत्रको सम्भावना बढी रहन्छ । यदि चैत्र (फाल्गुन पूर्णिमाबाट चैत्र पूर्णिमासम्म) मा जबदेखि सूर्य मेष राशिमा जान्छन्, तब चैत्रमा पनि गृहारम्भ गर्न हुन्छ । मीन राशिमा सूर्य भएको चैत्र महिना त्याग्नुपर्छ । वैशाखमा यदि सूर्य वृषमा भए शुभ, मिथुनका सूर्यमा ज्येष्ठ र आषाढ दुवै अशुभ, कर्कटको सूर्यमा आषाढ शुभ, सिंहमा सूर्य छ भने भाद्र शुभ, कन्यामा सूर्य सरेपछि अशुभ, तुलामा सूर्य गएपछि आश्विन शुभ, तुला र वृश्चिकमा अशुभ मानिन्न । मकरमा सूर्य गएपछि पौष महिना शुभ मानिन्छ । धनुमा सूर्य रहेसम्म पौष र माघ दुवै अशुभ जान्नुपर्छ । यसै क्रममा यदि मीनमा सूर्य गए फाल्गुन पनि अशुभ मानिन्छ । सूर्य मिथुन, कन्या, धनु र मीनमा हुँदा गृहारम्भ वर्जित छ । शेष आठ राशिहरूमा गृहारम्भ गर्न बाधा पर्दैन ।

---

७१. कैश्चिन्मेषरवौ मधौ वृषभगे ज्येष्ठे शुचौ कर्कटे
भाद्रे सिंहगते घटेऽश्वयुजि चोर्जेऽलौ मृगे पौषके ।
माघे नक्रघटे शुभं निगदितं गेहं तथोर्जो न सन्
कन्यायां च तथा धनुष्यपि न सन् कृष्णादिमासाद्भवेद् ॥ (पूर्ववत् श्लोक १६) ।

त्यहाँ चान्द्रमासको प्रधानता रहन्न, बरु सौरमासनै मुख्य मानिन्छन् । गृहारम्भमा मात्रै होइन कि विवाह व्रतबन्धादि शुभ कार्यमा पनि सौरमास नै प्रधान मानिन्छ । विशेष रूपमा गृहारम्भमा शुक्लपक्ष ग्रहण गर्नु आवश्यक छ । कृष्ण पक्षमा केवल पञ्चमीसम्म मात्र लिन सकिन्छ ।

३.२७.तिथि भेदले द्वार निषेध

पूर्णिमाबाट कृष्णपक्षको अष्टमी तिथिसम्म पूर्वमुखको, कृष्णपक्षको नवमीवाट चतुर्दशीसम्म उत्तर मुख, अमावास्यावाट शुक्लपक्षको अष्टमीसम्म पश्चिम मुखको र शुक्लपक्षको नवमीबाट चर्तुदशीसम्म दक्षिण मुख भएका घर निर्माण गर्न शुभ मानिएको छ। जता मुख भएको घर निर्माण गर्नु छ, त्यसको प्रतिकूल तिथिहरूलाई छाडेर बनाउन आरम्भ गरेमा मंगलमय हुने छ ।[७२]

३.२८.गृहारम्भमा पञ्चाङ्ग शुद्धि

मंगल र रविवार रिक्ता, आमावास्या, प्रतिपदा र अष्टमी तिथिले रहित दिनमा चर अर्थात् मेष, कर्कट, तुला र मकर राशिलाई छाडेर अन्य स्थिर र द्विसंज्ञक लग्नमा पञ्चक बाहेक नक्षत्रमा शुभग्रह जब लग्नबाट बाह्रौं र आठौंभन्दा अन्य अन्य स्थानमा रहेका र पाप ग्रह ३ । ६ । ११ स्थानमा छन् भने गृहारम्भ उत्तम मानिएको छ ।[७३]

धनिष्ठा, शतभिषा, पूर्वभाद्रपद, उत्तरभाद्रपद र रेवती यीपाँच नक्षत्रहरूलाई पञ्चक मानिन्छ । गृहारम्भमा पञ्चकत्याज्य छन् भन्ने सिद्ध हुन्छ । पञ्चकको त्याग गृहारम्भपछिको स्तम्भारोपणमा मानिन्छ । गृहारम्भमा मानिन्न भन्ने माण्डव्य ऋषिको मत छ ।[७४]

---

७२. पूर्णेन्दुतः प्राग्वदनं नवम्यादिपुत्तरस्यां त्वथ पश्चिमास्यम् ।
दर्शादितः शुक्लदले नवम्यादौ दक्षिणस्यां न शुभं वदन्ति ॥
(मुहूर्त्तचिन्तामणि, गृहवास्तुप्रकरणम्,श्लोक १७) ।

७३. भौमार्करिक्तामाद्यूने चरोनेऽङ्गे विपञ्चके ।
व्यप्टान्तस्थैः शुभैर्गेहारम्भस्त्र्यायारिगैः खलैः ॥ (पूर्ववत् श्लोक १८) ।

७४. धनिष्ठा पञ्चके नैव कुर्यात् स्तम्भ समुच्छ्रयम् ।
सूत्राधार शिलान्यास प्राकारादि समारभेत् ॥
(टीकाकार वशिष्ठ गौरीशंकर मुहूर्तचिन्तामणि पृष्ठाङ्क २००) ।

३.२९. गृहारम्भमा राहुमुखको विचार

राहुरूपी कालसर्प तीनकोण ढाकेर बस्छ । त्यसकारण कालसर्पको शिरपुच्छर पृष्ठ भएका कोणमा खातारम्भ नगरेर कालसर्प नभएको कोणमा खातारम्भ गर्नुपर्छ । राहु (कालसर्प) उल्टो गरी पुच्छरतिरबाट हिँड्ने हुँदा भाद्र, आश्विन, कार्तिकमा ईशान कोणमा शिर हुन्छ भने मंसिर, पुष र माघमा वायव्यमा राहुको मुख हुन्छ ।

वास्तुन्यासमा घडेरीभित्र कीला गाड्दा सर्पाकार वास्तु पुरुष जुराउनुपर्छ । वास्तुपरुष देब्रे कोल्टो र उत्तानो लमतन्न परेर सुत्छ । वास्तुपुरुषको शिर, पुच्छर पृष्ठमा दाहिनेतिर प्रथम खात गर्नु हुँदैन । उत्तानो सुत्दा देब्रे जता पर्छ उतैतिर प्रथम शङ्कु (कीलो) गाडी खातारम्भ गर्नुपर्छ । वास्तुपुरुष सुत्दा पूर्व-पश्चिम-उत्तर-दक्षिण भएर सुत्छ । घडेरीको पूर्व-पश्चिम अथवा उत्तर-दक्षिण वास्तु पुरुषको शिरपुच्छर अनुसार २८ भाग लगाउनु र पुच्छरतिर १७ भाग र शिरतिर १० भाग छोडी माझमा १ भाग नाभि हुन्छ । त्यसै नाभिनिर देब्रेतिर किलो गाड्नुपर्छ ।

वास्तुपुरुषको (सर्पको) चाल दाहिने र कालराहुको चाल देब्रे हुन्छ । राहुरूपी सर्पको स्थिति विदिशा (आग्नेय, नैर्ऋत्य, वायव्य, ईशान) मा र वास्तुपुरुषको स्थिति दिशा (पूर्व, पश्चिम, उत्तर, दक्षिण) मा हुन्छ ।

देवालय, मठ-मन्दिरको आरम्भमा मीनबाट तीन-तीन राशिमा, वासस्थानको प्रारम्भमा सिंहबाट तीन-तीन राशिमा, जलाशय तलाउ आदिको आरम्भमा मकरबाट तीन-तीन राशि क्रमले ईशान कुनावाट विपरीत दिशा अर्थात् ईशान, नैऋत्य, वायव्य, र आग्नेयमा राहुको मुख हुन्छ । त्यसको उल्टो भागमा राहुको पीठ पर्छ । घरको जगमा मुखभन्दा पिठिउँको दिशा शुभ मानिन्छ । यदि ईशानतिर मुख भए आग्नेय कोणमा जग राख्नु । वायव्यमा राहु मुख भए ईशानमा तथा नैऋत्यमा मुख भए वायव्यमा र आग्नेयतिर मुख भए नैऋत्यमा जग हाल्नु उत्तम हुनेछ ।[७५]

आरम्भमा	मुख्य पृष्ठभेद	ईशानमा	वायव्यमा	नैर्ऋत्यमा	आग्नेयमा
देवालयमा	राहुमुखराशयः	१२।१।२ को सूर्यमा	३।४।५। को सूर्यमा	६।७।८। को सूर्यमा	९।१०।११ को सूर्यमा
देवालयमा	जग राख्ने दिशा	आग्नेय	ईशान	वायव्य	नैर्ऋत्य
गृहारम्भमा	राहुमुखाशयः	५।६।७ को सूर्यमा	८।९।१० को सूर्यमा	११।१२।१ को सूर्यमा	२।३।४ को सूर्यमा
गृहारम्भमा	नीवको दिशा	आग्नेय	ईशान	वायव्य	नैर्ऋत्य
जलाशयमा	राहुमुखाशयः	१०।११।१२ को सूर्यमा	१।२।३ को सूर्यमा	४।५।६ को सूर्यमा	७।८।९ को सूर्यमा
जलाशयमा	जग राख्ने दिशा	आग्नेय	ईशान	वायव्य	नैर्ऋत्य

---

७५. देवालये गेहविधौ जलाशये राहोर्मुखं शम्भुदिशो विलोमतः ।
मीनार्कसिंहार्कमृगार्कतस्त्रिभे खाते मुखात् पृष्ठविदिक्शुभाभवेत् ॥
(मुहूर्तचिन्तामणि, गृहवास्तुप्रकरणम्, श्लोक १९) ।

३.३०. वास्तुभूमि भेदले मुहूर्त्त र कूपको शुभाशुभफल

उत्तरभाद्रपद, उत्तरफाल्गुनी, उत्तराषाढा, रोहिणी, तिष्य, मृगशिरा, हस्ता, अनुराधा, पूर्वाषाढा, धनिष्ठा, शतभिषा, रेवती नक्षत्रमा पापग्रह बलरहित भएको लग्न पारी लग्नमा वुध/गुरु र दशममा शुक्र, जलचर राशिमा चन्द्र लग्न पारी कूपचक्र समेत जुराई जलाशय खन्दा शुभ हुन्छ ।[७६]

कूप चक्रम् धातृभावाद् गणना (रोहिणीदेखि गन्ने)		
पृष्ठे	४	शुभजलम्
नाभौ	४	बुद्धिनाशः
हृदि	४	स्थिरता
मध्ये	४	कलहः
नेत्रयो	४	धनाप्राप्ति
पादयो	८	अनर्थ

वास्तुको मध्यभागमा कुवा बनाए गृहस्वामीको धननाश हुने छ । ईशान कोणमा कुवा भए पुष्टि, पूर्वमा भए धनवृद्धि, आग्नेयकोणमा सन्तान हानि, दक्षिणमा पत्नीको नाश, नैर्ऋत्यमा मृत्यु, पश्चिममा धनागमन, वायव्यमा शत्रु पीडा र उत्तरमा सौख्य फल बताइएको छ । निवासस्थानको ईशान, पूर्व, पश्चिम र उत्तरभागमा कुवा बनाए उत्तम हुने छ ।[७७]यदि कुवा वा अन्य कुनै जलाशय पहिलेदेखि नै बनेको भएमा, त्यस जलाशयको विपरीत वायव्य, उत्तर, ईशान र आग्नेय भागमा घर बनाउनु अशुभ मानिन्छ ।

---

७६. मित्रार्कध्रुववासवाम्बुपकघातोयान्त्यपुष्येन्दुभिः
पापैर्हीनबलैस्तनौ सुरगुरौ ज्ञे वा भृगौ खे विधौ ।
आप्ये सर्वजलाशयस्य खननं व्यम्भोमघैः सेन्द्रभै-
स्तैर्नृत्यं हिवुकशुभैस्तनगृहे ज्ञेऽब्जे ज्ञराशौ शुभम् ॥(मुहूर्तचिन्तामणि, नक्षत्रप्रकरणम्, श्लोक २५)

७७. कूपे वास्तोर्मध्यदेशेऽर्थनाशस्त्वैशान्यादौ पुष्टिरैश्वर्यवृद्धिः ।
सूनोर्नाशः स्त्रीविनाशो मृतिश्च सम्पत् पीडा शत्रुतः स्याच्च सौख्यम् ॥
(मुहूर्त्तचिन्तामणि, नक्षत्रप्रकरणम्, श्लोक २०) ।

जलाशयारम्भ नक्षत्र शुद्धीचक्र-[७८]									
सूर्यको नक्षत्रबाट ३-३ नक्षत्रहरूमा	३	३	३	३	३	३	३	३	३
क्रमले फल	शुभ	अशुभ	शु.	अ.	शु.	अ.	शु.	अ.	शु.

३.३१.गृहारम्भमा ग्रहस्थिति फल

लग्नमा गुरु, छैटौंमा सूर्य, सातौंमा बुध, चौथोमा शुक्र र तेस्रोमा शनि, भएमा आरम्भ गरिने घरको आयु सय वर्षसम्म रहने मानिन्छ । लग्नमा शुक्र, तेस्रो सूर्य, छैठौं मंगल र पाचौं गुरु, छन् भने गृहको प्रारम्भिक आयु दुई सय वर्षसम्मको बताइएको छ । [७९]

३.३२.ग्रहस्थितिको योगान्तर

लग्नमा शुक्र, दशौं बुध, एघारौं सूर्य, तथा गुरु केन्द्रमा छ भने त्यस्तो अवसरमा आरम्भ गरिएको घरको आयु सय वर्षको मानिन्छ । चौथोमा गुरु, दशौंमा चन्द्रमा र शनि-मंगल सँगसँगै एघारौं स्थानमा छन् भने गृहको आयु असी वर्षको हुन्छ भनेर बताइएको छ । [८०]

३.३३.चिरस्थायी र लक्ष्मीयुक्त घरका तीन योग

मीन राशिको उच्च शुक्र लग्नमा छ, अथवा उच्चको गुरु चतुर्थ स्थानमा छ र शनि उच्च भएर एघारौं स्थानमा छ भने यी ३ वटै योगमा आरम्भ गरिने घर धेरै वर्षपर्यन्त लक्ष्मीले परिपूर्ण रहन्छ । [८१]

---

७८. कूपेऽर्कभान् मध्यगतैस्त्रिभिर्भैः स्वादूदकं पूर्वदिशि त्रिभिर्भैः ।
खण्डं जलं स्वादुजलं जलक्षयं स्वादूदकं क्षारजलं शिलाजलम् ॥
क्षारं जलं मृष्टजलं क्रमाद् भवेद् वा सूर्यभात् त्रित्रिमितैः शुभाशुभम् ।
(टीकाकार वशिष्ठ गौरीशंकर मुहूर्तचिन्तामणि पृष्ठाङ्ग २०२)

७९. जीवार्कविच्छुक्रशनैश्चरेषु लग्नारिजामित्रसुखत्रिगेषु ।
स्थितिः शतं स्याच्छरदां सितार्कारिज्ये तनुत्र्यङ्गसुते शते द्वे ॥
(मुहूर्तचिन्तामणि, गृहवास्तुप्रकरणम् श्लोक २२) ।

८०. लग्नाम्बरायेषु भृगुज्ञभानुभिः केन्द्रे गुरौ वर्षशतायुरालयः ।
बन्धौ गुरु व्योम्नि शशी कुजार्कजौ लाभे तदाऽशीतिसमायुरालयः ॥
(मुहूर्तचिन्तामणि, गृहवास्तुप्रकरणम् श्लोक २३) ।

८१. स्वच्चे शुक्रे लग्नगे वा गुरौ वेश्मगतेऽथवा ।
शनौ स्वोच्चे लाभगे वा लक्ष्म्या युक्तं चिरं गृहम् ॥ (पूर्ववत् श्लोक २४) ।

३.३४.घर अर्काको हातमा पर्ने योग

एउटा पनि ग्रह शत्रु ग्रहको नवांशमा भएर लग्नबाट सातौँ वा दशौँ स्थानमा छ र वर्ण-गृह-स्वामीको वर्णको स्वामीग्रह यदि निर्बल छ भने त्यो आरम्भ गरिएको घर एक वर्षभित्र नै घरको स्वामी अर्कै व्यक्ति बन्छ ।[८२]

३.३५.गृहारम्भमा नक्षत्र र वारको योगजनित फल

बृहस्पतिले संयुक्त पुष्य, ध्रुवसंज्ञक, मृगशिरा, श्रवण, अश्लेषा र पूर्वाषाढा यिनका कुनै एक नक्षत्रमा तथा गुरुवार आरम्भ गरिएको घर गृहस्वामीको पुत्र र राज्यको वृद्धि गर्ने हुन्छ । शुक्रले संयुक्त विशाखा, अश्विनी, चित्रा, धनिष्ठा, शतभिषा र आर्द्रा मध्ये कुनै पनि नक्षत्रमा शुक्रवारको दिन आरम्भ गरेको घर धन-धान्यदायक हुने छ ।[८३] मंगल ग्रहले संयुक्त हस्ता, पुष्य, रेवती, मघा, पूर्वाषाढा र मूलमध्ये कुनै पनि एक नक्षत्रमा र मंगलबारमा बनाउन थालेको घरले गृहस्वामीलाई अग्निभय र पुत्रकष्ट दिने हुन्छ । बुधले संयुक्त रोहिणी, अश्विनी, उत्तर फाल्गुनी, चित्रा र हस्ता नक्षत्रमा आरम्भ गरिएको घर सुख र पुत्रप्रद हुने छ ।[८४]शनिले संयुक्त पूर्वभाद्रपद, उत्तरभाद्रपद, ज्येष्ठा, अनुराधा, स्वाती र भरणीमध्ये कुनै एक नक्षत्रमा र शनिबारमा आरम्भ गरिएको घर राक्षसहरू र भूत-प्रेतका उपद्रवले दुःखदायी हुने छ ।[८५]

३.३६.गृह-प्रवेशको पूर्व कर्तव्य

घर बनिसकेपछि शुभ मुहूर्तमा गृहप्रवेश गर्नुपर्छ । सूर्य उत्तरायण श्रावण, माघ, फाल्गुन र वैशाख मासमा मृगशिरा, रेवती, चित्रा, अनुराधा, ३ उत्तरा, रोहिणी, यी ८ नक्षत्रमा जन्मराशि वा लग्नदेखि ३ । ६ । ११ मा पाप ग्रह १ । २ । ५ । ७ । ९ । १० स्थानमा शुभ

---

८२. द्यूनाम्बरे यदेकोऽपि परांशस्थो ग्रहो गृहम् ।
अब्दान्तः परहस्तस्थं कुर्याच्चेद्वर्णपोऽवलः ॥ (पूर्ववत्, श्लोक २५) ।

८३. पुष्यध्रुवेन्दुहरिसर्पजलैः सजीवैस्तद्वासरेण च कृतं सुतराज्यदं स्यात् ।
द्वीशाश्विवतक्षवसुपाशिशिवैः सशुक्रैर्वारे सितस्य च गृहं धनधान्यदं स्यात् ॥ (पूर्ववत्, २६) ।

८४. सारैः करैज्यन्त्यमघाम्बुमूलैः कौजेऽह्नि वेश्माग्निसुतार्तिदं स्यात् ।
संज्ञैः कदास्त्रार्यमतक्षहस्तैज्ञस्यैव वारे सुखपुत्रदं स्यात् ॥
(मुहूर्तचिन्तामणि, गृहवास्तुप्रकरणम् २७) ।

८५. अजैकपादहिर्बुध्न्यशक्रमित्रानिलान्तकैः ।
समन्दैर्मन्दवारे स्याद्रक्षोभूतयुतं गृहम् ॥ (पूर्ववत्, श्लोक २८) ।

ग्रह र ४ । ८ स्थान शुद्ध गरी जन्मर्क्ष, लग्नदेखि अष्टम लग्न छाडी, आइतवार, मंगलवार, रिक्ता र प्रतिपदा, षष्ठी, एकादशी तथा अमावास्या तिथि र चरलग्न चरांशक चैत्र मास छाडी शुद्ध भकुटमा जलपूर्ण कलश, ब्राह्मण कन्या अघि लगाई, कलश चक्रसमेत जुराई गृह प्रवेश गर्नुपर्छ ।[८६] तर गुरु-शुक्रको अस्तमा गृहप्रवेश गर्नु हुँदैन ।

कलशचक्रम् सूर्यको नक्षत्रबाट हेर्ने (गृहप्रवेशमा)		
स्थान	नक्षत्र	फलम्
मुखे	१	अग्निदाहः
पूर्वे	५	जनवासशून्यम्
दक्षिणे	९	द्रव्यलाभः
पश्चिमे	१३	श्रीप्राप्तिः
उत्तरे	१७	कलहः
गर्भे	२१	विनाशः
गुदे	२४	स्थैर्यशुभम्
कण्ठे	२७	स्थिरत्वम्

३.३७.द्वारचक्र र त्यसको फल

सूर्य जुन नक्षत्रमा छ, त्यसको अगाडिका चार नक्षत्र द्वारचक्रअनुसार शिरमा हुन्छन् । ती नक्षत्रमा द्वारारम्भ गर्नाले गृहस्वामीलाई लक्ष्मी प्राप्ति हुने छ । त्यसपछिका आठ नक्षत्रहरू कोणमा रहन्छन्, ती नक्षत्रमा द्वारारम्भ गर्नाले घर छोडेर भाग्नु पर्ने हुन्छ । त्यसपछिका शाखा दैलोठेलोको आठ नक्षत्रहरूमा सुख प्राप्त हुन्छ । त्यसपछिका मझेरीका तीन नक्षत्रहरूमा मृत्यु सम्भव छ । त्यसपछि माझमा चार नक्षत्रहरूमा सुख प्राप्त हुन्छ । अतः यस चक्रलाई विचार गरेर विद्वान् दैवज्ञले द्वारको आरम्भ गराउनु उत्तम हुन्छ ।[८७]

---

८६. मृदुध्रुवक्षिप्रचरेपु मूलभे वास्त्वर्चनं भूतवलिं च कारयेत् ।
त्रिकोणकेन्द्रायधनत्रिगैः शुभैर्लग्ने त्रिपष्ठायगतैश्च पापकैः ॥
शुद्धाम्वुरन्ध्रे विजनुर्भमृत्यौ व्यर्कारररिक्ताचरदर्शचैत्रे ।
अग्रेऽम्वुपूर्णं कलशं द्विजांश्च कृत्वा विशेद्वेश्म भकूटशुद्धम् ॥
(मुहूर्त्तचिन्तामणि, गृहप्रवेशप्रकरणम्, श्लोक ३,४)

८७. सूर्याक्षांद्युगभैः शिरस्यथ फलं लक्ष्मीस्ततःकोणभै-
र्नागैरुद्वसनं ततो गजमितैः शाखासु सौख्यं भवेत् ।
देहल्यां गुणभैर्मृतिर्गृहपतेर्मध्यस्थितैर्वेदभैः
सौख्यं चक्रमिदं विलोक्य सुधिया द्वारं विधेयं शुभम् ॥ (पूर्ववत्, श्लोक २९)

द्वारचक्र					
सूर्यको नक्षत्रवाट नक्षत्रहरूको संख्या	४	८	८	३	४
फलम्	शुभ	अशुभ	शुभ	अशुभ	शुभ

३.३८.वर्णअनुसार द्वारको व्यवस्था

कर्कट, वृश्चिक र मीन राशिहरू ब्राह्मण वर्णका, मेष, धनु र सिंह राशिहरू क्षत्रिय वर्णका, वृष, कन्या र मकर राशिहरू वैश्य वर्णका तथा मिथुन, तुला र कुम्भ राशिहरू शूद्र वर्णका मानिन्छन् । ब्राह्मण राशिका लागि घरको ढोका पूर्वदिशामा, क्षत्रियका लागि उत्तर दिशामा, वैश्यका लागि दक्षिण दिशामा र शूद्रका लागि पश्चिम दिशामा हुनुपर्छ।[८८] गृहनिर्माणको समयमा गृहस्वामी राशिबाट गणनामा सूर्य, चन्द्र, गुरु तथा शुक्र बलवान् हुनुपर्छ । सूर्य निर्बल भए गृहपतिको नाश, चन्द्र निर्बल भए स्त्रीनाश, गुरु निर्बल भए सुखनाश र शुक्र निर्बल भए द्रव्यनाश हुने सम्भावना हुन्छ । गृहनिर्माणकर्ता यदि ब्राह्मण भए गुरु शुक्र, क्षत्रिय भए सूर्य भौम, वैश्य भए चन्द्र-बुध र शूद्र भए शनि विशेष बलवान् हुनु आवश्यक छ ।

---

८८. कर्कालिमीनाः द्विजराशयः स्युर्महीश्वरा मेषधनुर्मृगेन्द्राः ।
वृषश्च कन्या मकरोऽथ वैश्याः शूद्राः नृयुक्कुम्भतुलाः भवन्ति ॥
स्यात्प्राङ्मुखं ब्राह्मणराशि सद्म चोदङ्मुखं क्षत्रियराशिकानाम् ।
वैश्यस्य तद्दक्षिणदिङ्मुखं हि शूद्राभिधानामथ पश्चिमास्याम् ॥
(पाण्डेय, शैलजा, गृहवास्तुप्रदीप पृ .६१, ६२)

चतुर्थ अध्याय

मत्स्यपुराणमा वास्तुशास्त्रको अध्ययन र विश्लेषण

४.१. मत्स्यपुराणको परिचय

महर्षि वेदव्यास प्रणीत अठार पुराणहरूमध्ये मत्स्यपुराणको आफ्नै विशिष्ट स्थान छ। भगवान् विष्णुका दश अवतारहरूमध्ये 'मत्स्य' अवतार प्रथम अवतार हो । ऋषि सुतले नैमिषारण्य निवासी शौनक आदि मुनिहरूलाई सुनाइएको कथाका रूपमा यस पुराणको निर्माण भएको छ । भगवान् मत्स्यले वैवस्वत मनु तथा सप्तर्षिहरूलाई दिनुभएको दिव्य उपदेश नै मत्स्यपुराणको कथावस्तु हो । हयग्रीव नामक दानवले वेदादि शास्त्रहरूलाई हरण गरेर आफ्नो पाताल लोकमा लिएर गएपछि भगवान् विष्णुले मत्स्य अवतार धारण गर्नुभएको र शास्त्रोद्धार गर्नुभएको कुरा मत्स्यपुराणमा उल्लेखित छ ।[८९]

प्रचण्ड वेगको प्रवृत्ति झैं ताण्डव नृत्यको आवेशले दिग्गज गणलाई पर-पर फ्याँकिदिने शक्तिस्वरूप भगवान् शङ्करले हाम्रो विघ्नलाई पनि त्यसै गरेर नाश गर्नु भएकाले त्यो नृत्य गर्ने परमात्माका चरणकमलको वन्दनापूर्वक मत्स्यपुराणको प्रथम श्लोकले मङ्गलाचरण गर्दै ग्रन्थ प्रारम्भ भएको छ ।

मत्स्यपुराण १८ पुराणहरूमा एक मुख्य पुराण हो । यसमा १४ हजार श्लोक एवं २९१ अध्याय छन् । भगवान् विष्णुको मत्स्य अवतारसँग सम्बद्ध भएको कारणले यस पुराणलाई मत्स्यपुराण भनिएको हो । मत्स्यावतारी भगवान्‌ले राजा वैवश्वत मनु तथा सप्त ऋषिहरूलाई जुन कल्याणकारी उपदेश दिनुभयो, त्यही नै मत्स्यपुराण हो ।

मत्स्यपुराणमा वर्णित मुख्य विषयहरूमा मत्स्यावतारको उत्पत्ति, मनुमत्स्य संवाद, सृष्टिवर्णन, तत्त्वमीमांसा, मन्वन्तर र पितृवंशको वर्णनका साथसाथै चन्द्रवंशमा र सूर्यवंशमा उत्पन्न राजकुलवर्णन, श्राद्ध विवेचन आदि रहेको पाइन्छ । साथै राजा ययाति चरित्रद्वारा समस्त मानवलाई भोगमार्ग त्याग गर्दै पारमार्थिक मार्गतर्फ उन्मुख हुनुपर्ने अभिप्रेरणा प्राप्त हुन्छ ।

---

८९. प्रचण्डताण्डवाटोपे प्रदिप्ता येन दिग्गजाः ।
भवन्तु विघ्नभङ्गाय भवस्य चरणाम्बुजाः ॥ (म. पु. अ. १ । १) ।

गृहस्थाश्रममा धर्म, अर्थ, काम र मोक्ष चार पुरुषार्थमा प्रवृत्त हुनुपर्छ । पुरुषार्थका लागि व्रतोपासना, तीर्थराज प्रयागको माहात्म्य, काशी तथा नर्मदा महिमासँगै ऋषिकुलको वंशवर्णन तथा सत्यवान् सावित्रीको कथाले सत्यमार्गमा विजय प्राप्ति हुने प्रसङ्गले मनुष्यजीवनका आध्यात्मिक, आधिदैविक र आधिभौतिक दुःख निवृत्तिमा सहायक सिद्ध हुन्छ र चौँथो पुरुषार्थ मोक्ष मार्गमा डोऱ्याउँछ ।

ज्योतिषशास्त्रसँग सम्बन्धित यात्राकाल, स्वप्नशास्त्र, नवग्रहशान्ति, अङ्गस्फुरण फल, खगोल र भूगोल, चारयुगको आयुप्रमाण, रत्नविज्ञानसँगै वास्तुशास्त्रको प्रादुर्भावको कथा मत्स्यपुराणको अध्याय २५२ मा वर्णित छ । साथै वृषोत्सर्गविधिको वर्णन पनि अध्याय २०७ मा पाइन्छ ।

४.२. मत्स्यपुराण कथासार

कृतमाला नदीमा स्नानपश्चात् सन्ध्योपासनाको क्रममा सूर्यार्घ दिँदा मनु महाराजका अञ्जुलिमा सानो माछो पर्छ र मानवीय भाषामा आफूलाई अन्य जीवाणुबाट बचाइदिन कारुणिक अनुनय गरिरहेको त्यस माछालाई राजाले कमण्डलुमा राखेर आफ्नो दरबारमा लैजान्छन् । एक रातमा नै मत्स्य (माछो)ले ठुलो रूप लिन्छ र राजालाई पुनः अनुनय गरेपछि क्रमशः ठुलो घडामा, त्यसपछि पोखरीमा, त्यसपछि गंगा नदीमा त्यसपछि समुद्रमा पुग्दा पनि मत्स्यको आकार एकपछि अर्को स्थान परिवर्तन गर्दा बढ्दै जानुले मनु आश्चर्य चकित भई त्यो दिव्यशक्तिरूप भएको माछालाई नै श्रीहरि रूपमा प्रार्थना गर्दा मत्स्यरूपधारी भगवान्ले महाप्रलयको समय आउने पूर्व सूचना मनु महाराजालाई दिनुहुन्छ । भीषण महाप्रलयको समयमा मनुले एउटा डुङ्गा लिएर समुद्रतटमा जाँदा भगवान् मत्स्य प्रकट भई आफ्ना सिँगहरूमा डुङ्गालाई बाँध्न लगाउँदै सम्पूर्ण वेदादिशास्त्र र सबै बीउ औषधी राखेर सम्पूर्ण जगत् डुब्दै गर्दा जोगाउँदै राजालाई र सप्तर्षिहरूलाई गर्नुभएको धर्मोपदेश नै मत्स्यपुराण हो । मत्स्य भगवान्ले प्रलयको अन्त्यकालमा हयग्रीवनामक दानवलाई मारेर वेदादिशास्त्र ब्रह्मालाई फिर्ता दिनुभयो ।

४.३.मत्स्यपुराणमा वंशावली

'मत्स्यपुराण'मा मन्वन्तर, सूर्यवंश, चन्द्रवंश, इक्ष्वाकुवंश, पितृवंश,[९०]यदुवंश, क्रोष्टुवंश, पुरुवंश, कुरुवंश र अग्निवंश[९१] आदिको वर्णन छ । साथै ऋषि मुनिहरूको वंशको उल्लेख पनि गरिएको छ ।

४.४. मत्स्यपुराणमा राजधर्म र राजनीति

मत्स्यपुराणमा 'राजधर्म' र 'राजनीति'को वर्णन छ । यस दृष्टिले 'मत्स्यपुराण' अत्यन्त महत्त्वपूर्ण छ । प्राचीनकालमा राजाको विशेष महत्त्व हुने गर्दथ्यो । यसकारण सुरक्षामा बहुतै ध्यान दिनुपर्दथ्यो । राजाको सुरक्षाले नै राज्यको सुरक्षा र श्रीवृद्धि सम्भव हुन्छ भन्ने मान्यता थियो । 'मत्स्यपुराण'अनुसार राजा आफ्नो सुरक्षाका दृष्टिले अत्यन्तसतर्क रहनुपर्छ । विना परीक्षण भोजन कदापि गर्नुहुन्न । शय्यामा जानुपूर्व राम्रोसँग दृष्टिगत गरेर मात्र जानुपर्छ। त्यहाँ कसैले कुनै विषधर आदि छोडेको पनि हुन सक्छ । राजा कहिले पनि भीड या जलाशयमा एक्लै प्रवेश गर्नुहुन्न । अज्ञात अश्व र हात्तीमाथि पनि चढ्नुहुँदैन साथै कुनै अज्ञात स्त्रीसँग सम्बन्ध बनाउनु पनि हुँदैन ।[९२] राज्य सञ्चालनार्थ साम-दाम-दण्ड-भेद[९३] नीतिको पनि अवलम्बन गर्नुपर्छ ।

---

९०. आदित्यवंशमखिलं वद सूत यथाक्रमम् ।
सोमवंशं च तत्वज्ञ यथावद् वक्तुमर्हसि (म. पु. अ. ११ । १)
अथान्विषन्तो राजानं भ्रातरस्तस्य मानवाः ।
इक्ष्वाकुप्रमुखा जग्मुस्तदा शरवणान्तिकम् ॥ (पूर्ववत्, १२ । १)
भगवञ्छ्रोतुमिच्छामि पितृणां वंशमुत्तमम् ।
रवेश्च श्राद्धदेवत्वं सोमस्य च विशेषतः ॥ (पूर्ववत्, १३ । १)

९१. पूर्ववत्, अध्याय ४३ देखि ५१ सम्म ।

९२. पूर्ववत्, (राजधर्म, साम, दान, दण्ड, भेद नीति)अध्याय २२० देखि २२७ सम्म ।

९३. साम भेदस्तथा दानं दण्डश्च मनुजेश्वर ।
उपेक्षा च तथा माया इन्द्रजालं च पार्थिव । (पूर्ववत्, २२२ । २)
परस्परं तु ये दुष्टाः क्रुद्धा भीतावमानिताः ।
तेषां भेदं प्रयुञ्जीत भेदसाध्या हि ते मताः ॥ (पूर्ववत्, २२३ । १)
सर्वेषामप्युपायानां दानं श्रेष्ठतमं मतम् ।
सुदत्तेनेह भवति दानेनोभयलोकजित् ॥ (पूर्ववत्, २२४ । १)
न शक्या ये वशे कर्तुमुपायत्रितयेन तु ।
दण्डेन तान् वशीकुर्याद् दण्डो हि वशकृन्नृणाम् ॥ (पूर्ववत्, २२५ । १)

४.५. मत्स्यपुराणमा दुर्ग

यस पुराणमा छ प्रकारका दुर्ग (धनुदुर्ग, महीदुर्ग, नरदुर्ग, वाक्षदुर्ग, जलदुर्ग र गिरिदुर्ग) को निर्माणको कुरा बताइएको छ । सेना र प्रजाका लागि सबै प्रकारका खाद्यसामग्री, अस्त्र-शस्त्र एवं औषधीहरूको संग्रह गरेर आपत्कालका लागि राख्नुपर्छ । राजाले हरेक समय काकदृष्टिले सतर्क रहनु पर्छ । विश्वसनीय कर्मचारीहरूको चयन गरी तिनीहरूसँग मधुर व्यवहार गर्नुपर्छ । राजाले कोइली जस्तै सम्मान साथ मधुर वचनले व्यवहार गर्नुपर्छ भन्ने मान्यता पाइन्छ । राजाले एकाएक कसैमाथि पनि पूर्ण विश्वास नगरी सदैव प्रजाको विश्वास र समर्थन प्राप्त गर्दै गुप्तचरहरूद्वारा राज्यका गतिविधिहरूको सूचना लिइरहनुपर्छ ।[९४]

४.६. मत्स्यपुराणमा तीर्थमाहात्म्य

हिमालय पर्वत, कैलाश मानसरोवर, नर्मदा एवं मोक्षदायक वाराणसीको सौन्दर्यवर्णन सुन्दर भाषा र भावमा गरिएको छ ।[९५]देवी र भगवान् विष्णुको उपासना, वाराणसी एवं नर्मदा नदीको माहात्म्य, व्रत, तीर्थ र दानको महिमा सँगसँगै अनेकानेक लोकोपयोगी आख्यानहरू पाइन्छन् ।[९६]

---

९४. तत्र दुर्गं नृपः कुर्यात् षण्णामेकतमं बुधः ।
धन्वदुर्गं महीदुर्गं नरदुर्गं तथैव च ॥
वाक्षं चैवाम्बुदुर्गं च गिरिदुर्गं च पार्थिव ।
सर्वेषामेव दुर्गाणां गिरिदुर्गं प्रशस्यते ॥ (म. पु. अ. २१७ । ६, ७)

९५. इदं गुह्यतमं क्षेत्रं सदा वाराणसी मम ।
सर्वेषामेव भूतानां हेतुर्मोक्षस्य सर्वदा ॥ (पूर्ववत्, १८० । ४७) ।

९६. नर्मदा सरितां श्रेष्ठा सर्वपापप्रणाशिनी ।
तारयेत् सर्वभूतानि स्थावराणि चराणि च ॥ (पूर्ववत्, १८६ । ८) ।

४.७.मत्स्यपुराणमा सावित्री सत्यवान्

पतिव्रता धर्मका प्रतापले आफ्ना सत्यव्रत नामक मृत पतिलाई यमराजबाट छुटाएर ल्याउने सामथ्य सावित्रीर्ले राख्दथिन् । अटल पतिप्रेमको प्रदर्शनले समाजलाई युगयुगसम्म असल दाम्पत्य जीवनको सत्प्रेरणा सावित्री सत्यवान् कथाबाट प्राप्त हुन्छ ।[९७]

४.८.मत्स्यपुराणमा आयुर्वेद चिकित्सा

आयुर्वेद चिकित्साजन्य जडीबुटीहरूको नाम, प्रयोग र चिकित्साको वर्णन गरिएको छ ।[९८]

४.९.मत्स्यपुराणमा वास्तु

मत्स्यरूपधारी विष्णु भगवान्ले मनुलाई सर्वप्रथम वास्तुशास्त्रको उपदेश गर्नुभएको छ ।[९९]

ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र संन्यास आश्रमहरूमध्ये वास्तुको बढी महत्त्व गृहस्थ आश्रममा नै छ । गृहस्थ आश्रमभित्र रहेर गरिने श्रौतस्मार्तकर्महरूको अभ्यासमा मत्स्यपुराणको श्रवण-अध्ययन मनन-निदिध्यासनले धर्म, अर्थ, काम, मोक्ष प्राप्तिको मार्गमा प्रवृत्त गराउन सहायता गर्दछ ।

---

९७. पतिर्हि दैवतं स्त्रीणां पतिरेव परायणम् ।
अनुगम्यः स्त्रिया साध्व्या पतिः प्राणधनेश्वरः ॥ (म. पु. अ., २१० । १७)
स्तवेन भक्त्या धर्मज्ञे मया तुष्टेन सत्यवान् ।
तव भर्त्ता विमुक्तोऽयं लब्धकामा प्रजाबले ॥ (पूर्ववत्, २१३ । १२)

९८. बिल्वाटकी यवाक्षारं पाटला बाह्लिकोषणा
श्रीपर्णी शल्लकीयुक्तो निक्वाथः प्रोक्षणं परम् ॥
सविषं प्रोक्षितं तेन सद्यो भवति निर्विषम् ।
यवसैन्धवपानीयवस्त्रशय्यासनोदकम् ॥
कवचाभरणं क्षत्रं वालव्यजनवेश्मनाम् ।
शेलुः पाटलातिविषा शिग्रु मूर्वा पुनर्नवा ॥
समङ्गा वृषमूलं च कपित्थवृषशोषितम् ।
महादन्तशठं तद्वत् प्रोक्षणं विषनाशनम् ॥ (पूर्ववत्, २१८ । २-५) ।

९९. तदिदानीं प्रवक्ष्यामि वास्तुशास्त्रमनुत्तमम् ।
पुरान्धकबधेघोर घोररूपस्य शूलिनः ॥ (पूर्ववत्, २५२ । ५) ।

४.१०.वास्तुशास्त्रका उपदेष्टा

मत्स्यपुराणका अनुसार वास्तुशास्त्रका उपदेष्टाहरू मानिएका छन् । भृगु, अत्रि, वशिष्ठ, विश्वकर्मा मय, नारद, नग्नजित्, भगवान् शङ्कर, इन्द्र, ब्रह्मा, कुमार, नन्दीश्वर, शौनक, गर्ग, वासुदेव, अनिरुद्ध, शुक्र तथा बृहस्पति यी आचार्यहरू हुन् ।[१००]

४.११. वास्तुपुरुषको उत्पत्ति

अन्धक नामक असुरको वध गर्ने समयमा भगवान् शङ्करको ललाटबाट खसेको स्वेदबिन्दुबाट विकराल मुख भएको प्राणीको उत्पत्ति भयो । सप्तद्वीपसहित पृथ्वी र आकाशलाई पनि निल्ने छ कि भन्ने आभास दिने भीषण प्राणीले युद्धवाट पृथिवीतलमा खसेका सबै रक्तबिन्दुपान गरेर पनि सन्तुष्ट नभएपछि भगवान् शङ्करको घोर तपस्या गऱ्यो । भोकले व्याकुल त्यो प्राणीले पुनः त्रिलोककै भक्षण गर्न उद्यत हुँदा भगवान् शङ्करले ईप्सित वर प्रदान गर्नुभयो । जगतै भक्षण गर्न सक्ने वरदान प्राप्त गरिसकेपछि आफ्नो विशाल शरीरले त्रिलोकलाई र समस्त आकाश मण्डललाई नै अवरुद्ध गर्दै पृथिवीमा आएर ढलेको त्यो प्राणीलाई सम्पूर्ण देवताहरू र दानवगणले तत् स्थानमै स्तम्भित गरिदिंदा त्यो प्राणी त्यही निवास गर्न थाल्यो । स्तम्भित गर्ने देवताहरू र दानवहरू पनि त्यो प्राणीसँगै स्थापित हुन पुगे । सम्पूर्ण देवताहरूद्वारा स्तम्भित गरिएको त्यो प्राणीले आफ्नो जीवनरक्षाका लागि देवताहरूसँग प्रार्थना गर्दा ब्रह्मादि देवताले बलिवैश्वदेव आदिमा, सम्पूर्ण बलिआदि कर्ममा, यज्ञमा दिइने बलिको भागमा, अज्ञानपूर्वक गरिएका सम्पूर्ण यज्ञ आहारको रूपमा प्राप्त हुनेछ भन्ने आश्वासनले सन्तुष्ट त्यो प्राणी वास्तुपुरुषको रूपमा पूजित हुने परम्परा आरम्भ भयो । वास्तुपुरुषले सम्पूर्ण देवताहरूसँगै वस्न पाउने भएकाले वास्तुमण्डल चक्रमा पनि यज्ञविधान उल्लिखित रहेको हुन्छ ।[१०१]

---

१००. भृगुरत्रिर्वसिप्ठश्च विश्वकर्मा मयस्तथा ।
नारदो नग्नजिच्चैव विशालाक्षः पुरंदरः ॥
ब्रह्मा कुमारो नन्दीशः शौनको गर्ग एव च ।
वासुदेवोऽनिरुद्धश्च तथा शुक्रबृहस्पती ॥
अप्टादशैते विख्याता वास्तुशास्त्रोपदेशकाः ।
संक्षेपेणोपदिप्टं यन्मनवे मत्स्यरूपिणा ॥ (म. पु. अ., २५२ । २-५) ।

१०१. तदिदानीं प्रवक्ष्यामि वास्तुशास्त्रमनुत्तमम् ।
पुरान्धकवधे घोरे घोररूपस्य शूलिनः ॥
ललाटस्वेदसलिलमपतद् भुवि भीपणम् ।
करालवदनं तस्माद् भूतमुद्भूतमुल्वणम् ॥ (पूर्ववत्, २५२ । ५, ६)

४.१२. गृहनिर्माणको समय र फल

मत्स्यपुराणअनुसार चैत्र महिनामा घर बनाउने मनुष्यलाई व्याधि, वैशाखमा बनाउनेलाई धेनु र रत्न तथा जेठमा बनाउनेलाई मृत्यु प्राप्त हुन्छ । असारमा बनाउनेलाई नोकर, रत्न र पशुहरूको प्राप्ति, श्रावणमा घर बनाउनेलाई नोकरी प्राप्ति, भदौमा निर्माण गर्नेलाई हानि हुन्छ । आश्विनमा बनाउनेको पत्नीको नाश हुन्छ, कार्तिकमा धनधान्यवृद्धि हुन्छ, मंसिरमा श्रेष्ठ भोजन प्राप्ति हुन्छ, पुषमा घर बनाउनेलाई चोरको भय, माघमा अनेक लाभ हुन्छ तर अग्निको भय रहन्छ, फाल्गुनमा सुवर्ण तथा अनेक पुत्रहरूको प्राप्ति हुन्छ । यसप्रकार गृह निर्माणको समय र फल बताइएको छ ।[१०२]

४.१३.गृहनिर्माणका लागि प्रशस्त नक्षत्रहरू

गृहारम्भमा अश्विनी, रोहिणी, मूल, उत्तरभाद्रपदा, उत्तरफाल्गुनी, उत्तराषाढा, मृगशिरा, स्वाती, हस्त र अनुराधा यी नक्षत्रहरूलाई प्रशस्त मानिएको छ । चन्द्रमा र सूर्यको बलको साथ-साथै शुभ लग्नको पनि निरीक्षण गर्नुपर्छ । सर्वप्रथम अन्य कुराहरूलाई छोडेर स्तम्भारोपण गर्नुपर्छ । यही विधि प्रासाद कूप एवं इनारहरूको निर्माणमा पनि मान्य हुन्छ ।[१०३]

---

१०२. चैत्रे व्याधिमवाप्नोति यो गृहं कारयेन्नरः ।
वैशाखे धेनुरत्नानि ज्येष्ठे मृत्युं तथैवच ॥
आपाढे भृत्यरत्नानि पशुवर्गमवाप्नुयात् ।
श्रावणे भृत्यलाभं तु हानिं भाद्रपदे तथा ॥
पत्नीनाशोऽश्विने विद्यात् कार्तिके धनधान्यकम् ।
मार्गशीर्पे तथा भक्तं पौपे तस्करतो भयम् ॥
लाभं च बहुशो विद्यादग्निं माघे विनिर्दिशेत् ।
फाल्गुने काञ्चनं पुत्रानिति कालबलं स्मृतम् ॥ (म. पु. अ., २५३ । २ देखि ५ सम्म) ।

१०३. अश्विनी रोहिणी मूलमुत्तरात्रयमैन्दवम् ।
स्वाती हस्तेऽनुराधा च गृहारम्भे प्रशस्यते ॥
स्तमभोच्छ्रायादि कर्तव्यमन्यत्तु परिवर्जयेत् ।
प्रसादेप्वेवमेवं स्यात् कूपवापीपु चैव हि ॥ (पूर्ववत् २५३ । ६ र १० ।)

४.१४.गृहनिर्माणका लागि अप्रशस्त योगहरू

गृहनिर्माणका लागि व्याघात, शूल, व्यतीपात, अतिगण्ड, विष्कम्भ, गण्ड, परिघर वज्र यी योगहरू अप्रशस्त वताइएका छन्। यी योगहरूमा गृह निर्माण गर्नु हुँदैन ।[१०४]

४.१५.गृहनिर्माणका लागि प्रशस्त मुहूर्तहरू

श्वेत, मैत्र, माहेन्द्र, गान्धर्व, अभिजित, रौहिण, वैराज र सावित्र यी योगहरूमा गृहारम्भ गर्नुपर्छ ।[१०५]

४.१६. गृहनिर्माणका लागि शुभ दिन

आइतवार र मंगलवार बाहेक बाँकी सबैदिनलाई शुभ मानिएको छ ।[१०६]

४.१७.गृहनिर्माणका लागि भूमिको रङ्ग परीक्षण

प्रथमतः भूमि परीक्षणपछि मात्र गृह निर्माण गर्नु उचित मानिन्छ । श्वेत, रक्त, पहेंलोर कालो माटो क्रमशः ब्राह्मणादि चारै वर्णका लागि प्रशंसित मानिन्छ ।[१०७]

४.१८.गृहनिर्माणका लागि भूमिको स्वाद परीक्षण

ब्राह्मणका लागि मधुर, क्षत्रियका लागि कटु(टर्रो), वैश्यका लागि अम्लीय र शूद्रका लागि कषाय भूमि उत्तम मानिएको छ ।[१०८]

---

१०४. वर्ज्य व्याघातशूले च व्यतीपातातिगण्डयोः ॥
विष्कम्भगण्डपरिघवज्रयोगे न कारयेत् । (म. पु. अ., २५३ । ८) ।

१०५. श्वेत मैत्रेऽथ माहेन्द्रे गान्धर्वाभिजिति रौहिणे ॥
तथा वैराजसावित्रे मुहूर्ते गृहमारभेत् । (पूर्ववत् २५३ । ९) ।

१०६. आदित्यभौमवर्ज्यास्तु सर्वे वाराः शुभावहाः । (पूर्ववत्, २५३ । ७) ।

१०७. पूर्वं भूमिं परीक्षेत पश्चादास्तुं प्रकल्पयेत् ।
श्वेता रक्ता तथा पीता कृष्णा चैवानपूर्वशः ॥ (पूर्ववत्, २५३ । ११) ।

१०८. पूर्वं भूमिं परीक्षेत पश्चाद्वास्तुं प्रकल्पयेत्
श्वेता रक्ता तथा पीता कृष्णा चैवानुपूर्वशः ॥
विप्रादः शस्यते भूमिरतः कार्यपरीक्षणम् ।
विप्राणां मधुरा स्वादा कटुका क्षत्रियस्य तु ॥
तिक्ता कषाया च तथा वैश्यशूद्रेषु शस्यते ।
अरत्निमात्रे वै गर्ते स्वानुलिप्ते च सर्वशः ॥ (पूर्ववत्, २५३ । ११, १२, १३) ।

४.१९.भूमिको शुभाशुभ परीक्षण

एउटा गहिरो खाल्डो खनेर त्यसलाई सबैतिरवाट लिपपोत गरेर स्वच्छ गर्नुपर्छ । त्यसपछि एउटा चारमुखी दियो/वास्तुदीपकमा घ्यु भरेर त्यसमा ४ वटा बत्ती वालेर चारै दिशामा पर्ने गरी त्यस खाल्डोमा राख्नुपर्छ । यदि पूर्व दिशातिरको बत्ती अधिक समयसम्म बलिरह्यो भने ब्राह्मणका लागि त्यो भूमि शुभ हुन्छ । यसै प्रकारले उत्तर, पश्चिम र दक्षिणको बत्ती अधिक समयसम्म बलिरह्यो भने क्रमशः क्षत्रिय, वैश्य एवं शूद्रका लागि कल्याणकारक सम्झिनुपर्छ । यदि त्यो वास्तुदीपक चारै दिशामा समान रूपले बलिरह्यो भने प्रासाद एवं साधारण गृहनिर्माणका लागि त्यो भूमि सबै वर्णका लागि शुभदायिनी मानिन्छ ।[१०९]

पहिले एक हात गहिरो खाल्डो खन्ने र त्यहाँबाट निस्केको माटोले नै त्यही खाल्डो फेरि पुर्ने यसो गर्दा अन्त्यमा यदि माटो शेष रहन्छ भने धनको प्राप्ति हुन्छ । यदि न्यून हुन जान्छ भने हानि हुन्छ र यदि सम हुन्छ भने समभाव प्राप्ति हुन्छ भन्ने सन्दर्भ मत्स्यपुराणमा बताइएको छ ।

भूमिलाई हलोले पहिले जोत्ने र त्यसमा सबै प्रकारका बीज छर्ने, यदि ती बीज ३, ५ वा ७ रातमा अङ्कुरित हुन्छ भने त्यस भूमिहरूलाई क्रमशः उत्तम, मध्यम र कनिष्ठ मान्नुपर्छ । कनिष्ठ भूमि गृह निर्माणको लागि अनुपयुक्त हुन्छ यसर्थ त्यसको सर्वथा त्याग गर्नुपर्छ ।

४.२०.वास्तुचक्रको वर्णन

१०० पदको, ८१ पदको र ६४ पदका गरी वास्तुचक्र ३ प्रकारका हुन्छन् । ६४ पदको वास्तुलाई श्रेष्ठ मानिएको छ ।[११०] ८१ वास्तुपदचक्रमा ४५ देवताहरू विराजित छन् ।

---

१०९. घृतमामशरावस्थं कृत्वा वर्तिचतुष्टयम् ।
ज्वालयेत् भूपरीक्षार्थं तत्पूर्णं सर्वदिङ्मुखम् ॥
रत्निमात्रमधोगर्त्ते परीक्ष्यं खातपूरणे ॥
अधिके श्रियमाप्नोति न्यूने हानिं समे समम् ।
फालकृष्टेऽथवा देशे सर्वबीजानि वापयेत् ॥
त्रिपञ्चसप्तरात्रे च यत्रारोहन्ति तान्यपि । (म. पु. अ., २५३ । १४, १६, १७, १८) ।

११०. चतुः पष्टिपदो वास्तुः प्रासादे ब्रह्मण स्मृतः ।
ब्रह्मा चतुष्पदस्तत्र कोणेष्वर्धपदस्तथा ॥ (पूर्ववत्, २५३ । ४६)

भूमि परीक्षणपश्चात् उक्त प्रस्तावित भूमिमा पञ्चगव्य र सर्वौषधीहरू मिश्रित जलले भूमिको सेचन गरिसकेपछि सुवर्णको सलाईद्वारा रेखा खिचेर त्यस भूमिमा ८१ कोष्ठ बनाउनुपर्छ ।

पिठोले १० रेखा पूर्वबाट पश्चिमतिर र १० रेखा उत्तरदेखि दक्षिणतिर खिच्नुपर्छ । फेरि त्यस कोष्ठहरूमा अवस्थित ४५ देवताहरूको पूजा गर्नुपर्छ । त्यस ४५ देवतामध्ये ईशान कोणमा पूजा गरिने ३२ देवताहरूको बाहिरबाट -शिखी, पर्जन्य, जयन्त, इन्द्र, सूर्य, सत्य, भृश, अन्तरिक्ष, वायु, पूषा, वितथ, बृहत्क्षत, यम, गन्धर्व, भृङ्गराज, मृग, पितृगण, दौवारिक, सुग्रीव, पुष्पदन्त, जलाधिप, असुर, शोष, पाप, रोग, अहि, मुख्य, भल्लाट, सोम, सर्प, अदिति र दिति) र अग्निकोणमा पूजा हुने देवताहरू-आप, सावित्र, जय, रुद्र र मध्यको नौ भागमा बस्ने ब्रह्मासहित अर्यमा, सविता, विवस्वान्, विबुधाधिप, मित्र, राजयक्ष्मा, पृथिवीधर र आपवत्सहरूलाई भित्रबाट पूजा गरिन्छ ।[१११]

---

१११. शिखी चैवाथ पर्जन्यो जयन्तः कुलिशायुधः ।
सूर्यसत्यौ भृशश्चैव आकाशो वायुरेव च ॥
पुषा च वितथश्चैव बृहत्क्षतयमावुभौ ।
गन्धर्वो भृङ्गराजश्च मृगः पितृगणस्तथा ॥
दौवारिकोऽथ सुग्रीवः पुष्पदन्तो जलाधिपः ।
असुरः शोषपापौ च रोगोऽहि मुख्य एव च ॥
भल्लाटः सोमसर्पौ च अदितिश्च दितिस्तथा ।
बहिर्द्वात्रिंशदेते तु तदन्तस्तु ततः श्रृणु ॥
ईशानादिचतुष्कोणसंस्थितान् पूजयेद् बुधः ।
आपश्चैवाथ सावित्रो जयो रुद्रस्तथैव च ॥
मध्ये नवपदे ब्रह्मा तस्याष्टौ च समीपगान् ।
साध्यानेकान्तरान् विद्यात् पूर्वाद्यान् नामतः श्रृणु ॥
अर्यमा सविता चैव विवस्वान् विबुधाधिपः ।
मित्रोऽथ राजयक्ष्मा च तथा पृथिवीधरः स्मृतः ॥
अष्टमश्चापवत्सस्तु परितो ब्रह्माणः स्मृतः ।
आपश्चैवापवत्सश्च पर्जन्योऽग्निर्दितिस्तथा ॥
पदिकानां तु वर्गोऽयमेवं कोणेष्वशेष्तः ।
तन्मध्ये तु बहिर्विंशद् द्विपदास्ते तु सर्वशः ॥
अर्यमा च विवस्वांश्च मित्रः पृथिवीधरस्तथा ।
ब्रह्मणः परितो दिक्षु त्रिपदास्ते तु सर्वशः ॥ (म. पु. अ.,पूर्ववत्, २४ देखि ३३) ।

४.२१.भवन-निर्माणविधि

४.२१.१.चतु:शाल भवन

चारैतिर भवन, द्वार तथा पिँढीहरूले युक्त भवन चतु:शाल भवन हो । राजभवन र देवमन्दिरका लागि चतु:शाल भवन मंगलकारक हुन्छ । यसलाई सर्वतोभद्र पनि भनिन्छ । यदि पश्चिम द्वारले हीन भए नन्द्यावर्त, दक्षिणद्वारले हीन भए वर्धमान, पूर्वद्वारले रहित भए स्वस्तिक, उत्तरद्वारले विहीन भए रुचक भनिन्छ । चतु: शालका दुई स्वरूप हुन्छन् ।[११२]

४.२१.२.त्रिशाल भवन

उत्तर दिशाको शाला रहित त्रिशाल भवनलाई धान्यक भनिन्छ । यो मनुष्यका लागि कल्याणवृद्धि गर्ने हुन्छ । दक्षिण दिशाको शालाविहीन त्रिशाल भवनलाई विशाल भनिन्छ । यो मनुष्यको कुलक्षय गर्ने तथा सबै प्रकारको व्याधि र भय दिने हुन्छ ।

पूर्व दिशाको शालाविहीन त्रिशाल भवनलाई सुक्षेत्र भनिन्छ । यो धन, यश र आयु प्रदान गर्ने तथा शोक मोहको विनाशक हुन्छ । पश्चिम दिशाको शालाविहीन त्रिशाल भवनलाई पक्षघ्न भनिन्छ । यो मित्र, बन्धु र पुत्रहरूको विनाशक तथा सबै प्रकारको भय उत्पन्न गर्ने हुन्छ ।

---

११२. चतु शालां प्रवक्षामि स्वरूपान्नामतस्तथा ।
चतु: शालं चतुर्द्वारैरलिन्दैः सर्वतोमुखम् ॥
नाम्ना तत् सर्वतोभद्रं शुभं देवनृपालये ।
पश्चिमाद्वारहीनं च नन्द्यावर्तं प्रचक्षते ॥
दक्षिणद्वारहीनं तु वर्धमानमुदाहृतम् ।
पूर्वद्वारविहीनं तत् स्वस्तिकं नाम विश्रुतम् ॥
रुचकं चोत्तरद्वारविहीनं तत् प्रचक्षते ।
सौम्यशालाविहीनं यत् त्रिशालं धान्यकं च तत् ॥
क्षेमवृद्धिकरं नृणां बहुपुत्रफलप्रदम् ।
शालया पूर्वया हीनं सुक्षेत्रमिति विश्रुतम् ॥ (म. पु. अ. २५४ । १ देखि ५) ।

४.२१.३.द्विशाल

दक्षिण र पश्चिम दुई शालाले युक्त भवनलाई धनधान्यप्रद भनिन्छ । यो मनुष्यका लागि कल्याणवर्धक एवं पुत्रप्रद भनिएको छ । पश्चिम र उत्तर दुई शालाले युक्त भवनलाई यमसूर्य भनिन्छ । यो मनुष्यका लागि राजा र अग्निसँग भयदायक एवं कुल विनाशक हुन्छ । पूर्व र उत्तर दुई शालाले युक्त भवनलाई दण्ड भनिन्छ । यो अकाल मृत्यु तथा शत्रु पक्षबाट भय उत्पन्न गर्ने हुन्छ । पूर्व र दक्षिण दुई शालाले युक्त भवनलाई धन भनिन्छ । यो मनुष्यका लागि शस्त्र तथा पराजयको भय उत्पन्न गर्ने हुन्छ । पश्चिम र पूर्व दुई शालाले युक्त भवनलाई चुल्ली भनिन्छ । यो मृत्युसूचक हुन्छ । यो स्त्रीका लागि विधवा दोषदायक हुन्छ । तथा अनेक प्रकारको भय उत्पन्न गर्दछ । उत्तर र दक्षिण दुई शालाले युक्त भवन भयदायक हुन्छ । यस्तो भवन निर्माण गर्नु हुन्न । बुद्धिमान्हरूले सिद्धार्थ (८कोणीय स्तम्भ) तथा वज्र (पश्चिम र दक्षिणतर्फ भवन भएको) द्विशालले भिन्न द्विशालभवनको निर्माण गर्नुपर्छ ।[११३]

४.२१.४.राजभवन निर्माण

राजभवन पाँच प्रकारका मानिन्छन् । पहिलो प्रकारमा १०८ हात चौडाइ भएको राजभवन उत्तम मानिन्छ । अन्य चार प्रकारका लागि उत्तमभन्दा क्रमैसँग ८-८ घट्दै जान्छ । यी पाँच प्रकारमा लम्बाइ, चौडाइभन्दा चतुर्थांशले बढी हुने हुन्छ ।[११४]

---

११३. मित्रबन्धुसुतान् हन्ति तथा सर्वभयावहम् ।
यामयापराभ्यां शालाभ्यां धनधान्यफलप्रदम् ॥
क्षेमवृद्धिकरं नृणां तथा पुत्रफलप्रदम् ।
यमसूर्यं च विज्ञेयं पश्चिमोत्तरशालकम् ॥
राजग्निभयदं नृणां कुलक्षयकरं च यत् ।
उदक्पूर्वे तु शाले दण्डाख्ये यत्र तद् भवेत् ॥
अकालमृत्युभयदं परचक्रभयावहम् ।
धनाख्यं पूर्वयाम्याभ्यां शालाभ्यां यद् शालकम् ॥
तच्छस्त्रभयदं नृणां पराभवभयावहम् ।
चुल्ली पूर्वापराभ्यां तु सा भवेन्मृत्युसूचनी ॥ (म. पु. अ., ८ देखि १२) ।

११४. अथातः संप्रवक्षामि भवनं पृथिवीपतेः ॥ १४ ॥
पञ्चप्रकारकं तत् प्रोक्तमुत्तमादिविभेदतः ।
अष्टोत्तरं हस्तशतं विश्तरश्चोत्तमो मतः ॥ (पूर्ववत्, १४ र १५) ।

४.२१.५.युवराज भवनका ५ प्रकार

पहिलो प्रकार-उत्तम भवनको चौडाइ ८० हातको हुन्छ । अन्य ४ को चौडाइ क्रमशः छ-छ हात कम हुने गर्दछ । यी पाँचै प्रकारमा लम्बाइ, चौडाइभन्दा एक तिहाई बढी हुने हुन्छ ।

४.२१.६.सेनापति भवनका ५ प्रकार

पहिलो प्रकार-उत्तम भवनको चौडाइ ६४ हातको हुन्छ । अन्य ४ को चौडाइ क्रमशः छ-छ हात कम हुन्छ । यी पाँचै प्रकारमा लम्बाइ, चौडाइभन्दा षष्ठांशले बढी हुने हुन्छ ।

४.२१.७.मन्त्री भवनका ५ प्रकार

पहिलो प्रकार-उत्तम भवनको चौडाइ ६० हातको हुन्छ । अन्य ४ को चौडाइ क्रमशः चार-चार हात कम हुने हुन्छ । यी पाँचै प्रकारमा लम्बाइ, चौडाइभन्दा अष्टांशले बढी हुने हुन्छ ।

४.२१.८.सामन्त, सानो राजा र सानो मन्त्री (अमात्य) भवनका ५ प्रकार

पहिलो प्रकार-उत्तम भवनको चौडाइ ४८ हातको हुन्छ । अन्य ४ को चौडाइ क्रमशः चार-चार हात कम हुने हुन्छ । यी पाँचै प्रकारमा लम्बाइ, चौडाइभन्दा एक चौथाइ बढी हुने हुन्छ ।

४.२१.९.शिल्पकार, कंचुकी र वेश्याहरूका लागि भवनका ५ प्रकारः

पहिलो प्रकार-उत्तम भवनको चौडाइ २८ हातको हुन्छ । अन्य ४ को चौडाइ क्रमशः आधा-आधा हात कम हुने हुन्छ । यी पाँचै प्रकारमा लम्बाइ, चौडाइभन्दा दुई गुणाले बढी हुने हुन्छ ।

४.२१.१०.दूत र परिवारका अन्य सदस्यका लागि भवनका ५ प्रकार

पहिलो प्रकार-उत्तम भवनको चौडाइ १२ हातको हुन्छ । अन्य ४ को चौडाइ क्रमशः आधा-आधा हात कम हुने हुन्छ । यी पाँचै प्रकारमा लम्बाइ, चौडाइभन्दा एक चौथाइले बढी हुने हुन्छ ।

४.२१.११.गुरु, ज्योतिषी, वैद्य, सभापति र पुरोहितका लागि भवनका ५ प्रकार

पहिलो प्रकार-उत्तम भवनको चौडाइ ४० हातको हुन्छ । अन्य ४ को चौडाइ क्रमशः चार-चार हात कम हुने हुन्छ । यी पाँच प्रकारमा लम्बाइ, चौडाइभन्दा षष्ठांशले बढी हुने हुन्छ ।[११५]

४.२१.१२.चारै वर्णका लागि भवनका ५ प्रकार

पहिलो प्रकार-ब्राह्मणको भवनको चौडाइ ३२ हातको हुन्छ । अन्य ४ को चौडाइ क्रमशः चार-चार हात कम हुने हुन्छ । ब्राह्मणको घरको लम्बाइ चौडाइको दशांश, क्षत्रियका लागि अष्टमांश, वैश्यका लागि एक तिहाइ र शूद्रका लागि एक चौथाइ मानिएको छ । सोह्र हातभन्दा कम चौडाइ अन्त्यजहरूका लागि मात्र हुन्छ । सेनापति तथा चारै वर्णहरूको गृहको मध्य भागमा सर्वदा राज्यको पूज्य मानिसहरूको निवासार्थ गृह बनाइनुपर्छ । यसका अतिरक्त विभिन्न जातिहरूका लागि एवं वनचरहरूका लागि ५० हातको घर शयनका लागि बनाईनु पर्छ । सेनापति र राजाको गृहको प्रमाणमा ७० जोडेर १४ ले भाग गर्दा आउने शालाको व्यासलाई न्यास भनिएको छ । त्यसमा ३५ हात पर पिँढीको स्थान रहेको मानिन्छ । ब्राह्मणको शाला ३६ हात७ अङ्गुल लामो र क्षत्रियको शाला ब्राह्मणको भन्दा १० अङ्गुल बढी हुनुपर्छ । वैश्यका लागि ३५ हात १३ अङ्गुल लामो शाला र शूद्रको शाला ३५ हात १५ अङ्गुली परिमाणको हुन्छ ।

शालाको लम्बाइको ३ (पहिलो भाग १/१६ परिमाण वा चार हात, दोस्रो १/१२ परिमाण र तेस्रो १/१२ परिमाण) भागमा यदि अगाडिबाट गल्ली बनेको छ भने त्यो सोष्णीष नामक वास्तु हो । पछाडिबाट गल्ली बनेको छ भने त्यसलाई श्रेयोच्छ्रय भनिन्छ यदि दुवै पछाडिमा बनेको (वीथिका) भयो भने त्यो सुस्थितनामक वास्तु भनिन्छ । यी चारै प्रकारको वीथिका चारै वर्णका लागि मङ्गलदायी हुन्छ ।[११६]

---

११५. चत्वारिंशत् तु विस्ताराच्चतुर्भिर्हीयते क्रमात् ।
पञ्चस्वेतेषु दैर्घ्यं च षड्भागेनाधिकं भवेत् ॥ (म. पु. अ., २२) ।

११६. चतुर्वर्णस्य वक्ष्यामि सामान्यं गृहपञ्चकम् ।
द्वात्रिंशतः कराणां तु चतुर्भिर्हीयते क्रमात् ॥ (पूर्ववत्, २८) ।

४.२२.गृहस्तम्भवर्णन

गृह स्तम्भको परिमाण गृहको उचाइको मानलाई ७ ले गुणा गरेर त्यसको १/८० औं भागको बराबर हुनुपर्छ । स्तम्भको मोटाइमा ९ ले गुणा गरेर त्यसको १/८० औं भाग स्तम्भको मूलभाग राख्नुपर्छ । चारकुने स्तम्भ रुचक, आठकुने वज्र, सोह्रकुने द्विवज्र तथा बत्तीसकुने स्तम्भलाई प्रलीनक भनिन्छ । मध्य वृत्ताकार खम्बालाई वृत्त भनिन्थ्यो । यी कमलहरू र कुम्भहरूको स्तम्भमा १/९ अंश बराबरको अन्तर हुनुपर्छ । यी सबै प्रकारका स्तम्भमा पद्म, वल्ली, लता, कुम्भ, पत्र एवं दर्पले चित्रित हुनुपर्छ । स्तम्भको बराबर उचाइ भएकोलाई तुला र त्यसभन्दा सानोलाई उपतुला (तुलाको १/३ वा १/४मान भएको) भनिन्छ । उपतुलाहरू माटोमुनि नै रहेको हुन्छ । सबै गृहमा प्रवेशद्वार दाहिनेपट्टि राख्नुपर्छ ।[११७]

४.२३.वास्तु विषयक वेध

पूर्व दिशामा इन्द्र र जयन्तद्वार सबै गृहमा श्रेष्ठ मानिएको छ । दक्षिण द्वारमा याम्य र वितथलाई श्रेष्ठ मानिन्छ । पश्चिम द्वारमा पुष्पदन्त र वरुण प्रशंसित छ । उत्तर दिशामा भल्लाट तथा सौम्य शुभदायक हुन्छ ।[११८]

गल्ली, सडक वा मार्गद्वारा यदि द्वार-वेध भएमा पुरै कुलको क्षय हुन्छ । वृक्षको द्वार वेध भएमा द्वेषको अधिकता हुन्छ । फोहोरले वेध भएमा शोक हुन्छ । कूपद्वारा वेध भएमा छारे रोग हुन्छ । जलप्रवाहले वेध भएमा व्यथा हुन्छ । कीलले वेध भएमा अग्निभय, देवताहरू वेध भए विनाश तथा स्तम्भले वेध भएमा स्त्रीद्वारा क्लेशको प्राप्ति हुन्छ । एक घरबाट अर्को घरमा वेध भएमा गृहपतिको विनाश, अपवित्र द्रव्यादिद्वारा वेध भएमा घरको स्वामिनी वन्ध्या हुन्छे । अन्त्यजनको घरको द्वार वेध भएमा हतियारको भय

---

११७. अशीत्यंशः पृथुत्वे स्यादग्रे नवगुणे सति ।
रुचकश्चतुरः स्यात् तु अष्टास्त्रो वज्र उच्यते ॥
द्विवज्रः षोडशास्त्रस्तु द्वात्रिंशास्त्रः प्रलीनकः ।
मध्यप्रदेशे यः स्तम्भो वृत्तो वृत्त इति स्मृतः ॥ (म. पु. अ, २ र ३) ।

११८. पूर्वेणेन्द्रं जयन्तं च द्वारं सर्वत्र शस्यते ।
याम्यां च वितथं चैव दक्षिणेन विदुर्बुधाः ॥
पश्चिमे पुष्पदन्तं च वारुणं च प्रशस्यते ।
उत्तरेण तु भल्लाटं सौम्यं तु शुभदं भवेत् ॥ (**पूर्ववत्,** ८ र ९) ।

प्राप्ति हुन्छ । गृहको उचाइभन्दा दुईगुणा भूमिको दुरीमा वेधको दोष हुन्न । घरको द्वार हात विना पनि खुल्दछ भने घरको निवासीलाई उन्माद रोग हुन्छ साथै आफै बन्द हुन्छ भने कुलको नाश हुन्छ । गृहको द्वार यदि मानभन्दा उचाइमा अधिक छ भने राजभय तथा यदि होचो छ भने चोरहरूको भय हुन्छ । द्वारमाथि अर्को द्वार बनाइन्छ त्यसलाई यमराजको मुखसमान हुन्छ । मार्गका बीचमा बनेको जुन गृहको चौडाइ धेरै अधिक हुन्छ त्यो वज्रको समान शीघ्र नै गृहपतिको विनाशको कारण हुन्छ । यदि मुख्यद्वार अन्यद्वारभन्दा निकृष्ट (सानो) छ भने त्यो ठुलो दोषकारक हुन्छ । मूलद्वारलाई कलश, श्रीपर्णी र लहराहरूले सुशोभित गर्दै नित्य बलि, अक्षत र जलले पूजा गर्नुपर्छ।

४.२४. वास्तु र वृक्ष

घरको पूर्व दिशामा बरवृक्षले सबै प्रकारको कामनालाई पूर्ण गर्दछ । दक्षिणमा गुलर र पश्चिममा पीपलको बोट शुभकारक हुन्छ । यसैप्रकारले उत्तरमा पाकरीको बोट मंगलकारी हुन्छ । घरको सामुन्ने यदि काँढा भएको, दुधालु एवं फलदार वृक्ष भए त्यसबाट क्रमशः स्त्री र सन्तानको हानि हुन्छ । अशुभकारक वृक्षलाई काट्न सम्भव नभए त्यसको समीपमा शुभकारी वृक्ष लगाउनुपर्छ । पुंनाग, अशोक, मौलासिरी, शमी, तिलक, चम्पा, अनार, पीप्पली (पिप्ला),दाख, अर्जुन, जंबीर (जामुन),सुपारी, कटहर, केतकी, मालती, कमल, चमेली, मल्लिका, नरिवल, केरा, एवं पाटला आदि वृक्षले सुशोभित घरमा लक्ष्मीको विस्तार हुन्छ ।

४.२५.गृहनिर्माण विधि

उत्तरतिर झुकेको वा समान भाग भूमिलाई परीक्षा गरेर निर्माण कार्यलाई
गराउनुपर्छ । देवालयको, धूर्तको, सचिवको घर वा चौबाटा नजिकै घर बनाउनु हुन्न ।
यसबाट दुःख, शोक र भय प्राप्त हुन्छ ।[११९] चारैतिर तथा द्वार अगाडि र पछाडि केही
भूमि छोडेर घर बनाउनु शुभकारक मानिन्छ । गृहको पछाडिको भाग दक्षिणावर्त
हुनुपर्छ । वामावर्त विनाशकारक हुन्छ । दक्षिणको भाग उच्चरहने घर सम्पूर्ण रूपले

---

११९. न देवधूर्तसचिवचत्वाराणां समीपतः ।
कारयेत् भवनं प्रज्ञो दुःखशोकमयं ततः ॥ (म. पु. अ. २५६ । २)

वास्तु अभिहित हुन्छ । त्यसमा निवास गर्ने मनुष्यले सबै प्रकारको कामनाहरूलाई पूर्ण गर्दछ ।

सर्वप्रथम वेदज्ञ पुरोहितले श्वेतवस्त्र धारण गरी कालीगढहरूका साथ दैवज्ञले निर्देशन गरेको शुभ मुहूर्तमा सबै प्रकारका बीजयुक्त आधारशिला रत्नमाथि स्थापित गर्नुपर्छ । पुनः चार ब्राह्मणहरूद्वारा त्यस स्तम्भलाई राम्रोसँग धोएर, पुछेर, अक्षता, वस्त्र, अलङ्कार र सर्वौषधिले मन्त्रोच्चारण पूर्वक पूजा गरेर बाजा, माङ्गलिक गीत आदि शब्दका साथ स्थापित गर्नुपर्छ । ब्राह्मणलाई पायसको भोजन गराउनुपर्छ[१२०] । **"वास्तोष्पते"**[१२१] मन्त्रद्वारा मधु र घ्युले हवन गर्नुपर्छ ।

५ प्रकारका वास्तुयज्ञहरूमा सूत्रपात, स्तम्भारोपण, द्वारवंशोच्छ्रय (चौखट स्थापना), गृहप्रवेश र वास्तुशान्ति पर्दछन् । वास्तुका पदचिह्नहरू बनाएर त्यसको प्रदक्षिणा गर्नुपर्छ । सबै वास्तु विभागमा दाहिने हातको तर्जनी, मध्यमा र अङ्गुठाले मूगाँ, रत्न र सुवर्णको चूर्ण मिश्रित जलद्वारा पदचिह्न बनाउनु श्रेष्ठ मानिएको छ । ईशानकोणमा सूत्रपात र अग्निकोणमा स्तम्भारोपण हुन्छ ।[१२२]खरानी, अङ्गार, काष्ठ, नख, शस्त्र, चर्म, सिङ, हड्डी, कपाल आदि वस्तुले वास्तुचिह्न बनाउन निषेध गरिएको छ ।[१२३]यी वस्तुहरूद्वारा बनाइएको चिह्न दुःख, शोक र भय आदि उत्पन्न गर्ने हुन्छ । गृहप्रवेशको समयमा कालीगढ पनि उपस्थित रहनु उचित हुन्छ । स्तम्भारोपण र सूत्रपात आदि अवसरमा कुनै पक्षी सूर्यतिर मुख फर्काएर कठोर वाणी निकाल्दछ र त्यसै समयमा गृहपतिले पनि आफ्नो शरीरको कुनै अङ्गमाथि हात राख्दछ भने वास्तुपुरुषको उही अङ्गमाथि वास्तुको भय पर्ने मनुष्यको हड्डी परेको हुन्छ भन्ने बुझ्नुपर्छ । यो भयकारक शकुन हो । सूत्र अंकित गरिसकेपछि यदि गृहपतिले आफ्नो कुनै अङ्गको स्पर्श गर्दछ भने वास्तुको त्यसै अङ्गमा हात्ति, घोडा तथा कुकुरको हड्डी रहेको बुझिन्छ । सूत्र फैलाउने बेलामा यदि

---

१२०. पायसं भोजयेत् विप्रान् होमं तु मधुसर्पिषा ।
वास्तोष्पते प्रतिजानीहि मन्त्रेणानेन सर्वदा ॥ (म. पु. अ., ९) ।

१२१. 'वास्तोष्पते प्रतिजानीह्यस्मालस्वावेशो अनमीवो भवा नः ।
यत् त्वे महे प्रति तन्नो जुषस्व शं नो भव द्विपदे शं चतुष्पदे ॥ ऋग्वेद ७ । ५४ । १ ।

१२२. सूत्रपाते तथा कार्यमेवं स्तम्भोदये पुनः ।
द्वारवंशोच्छ्रये तद्वत् प्रवेशसमये तथा ॥१० ॥
वास्तुपशमने तद्वद् वास्तुयज्ञस्तु पञ्चधा ॥ (म. पु. अ. २५६ । १० र ११) ।

१२३. न भस्मारङ्गारकाष्ठेन नखशस्त्रेण चर्मभिः ।
न श्रृङ्गास्थिकपालैश्च क्वचिद् वास्तु विलेखयेत् ॥ (पूर्ववत, १४) ।

स्याल वा कुकुरले नाघ्यो भने र गधाले भयङ्कर चीत्कार गर्दछ भने त्यसै स्थानमा हड्डी रहेको मान्नुपर्छ । सूत्र यदि चुँडिन्छ भने गृहपतिको मृत्यु हुने सम्भावना रहन्छ । ईशान कोणमा कागले मिठो बोल्दछ भने वास्तु पुरुषको त्यही भागमा वा जहाँ गृहपति उभिएको हुन्छ त्यहीँ धन रहेको जान्नुपर्छ । यदि कीला तलतिर झुक्यो भने व्याधि, अङ्गार देखियो भने उन्माद, कपाल देखियो भने भय र शंख वा घोडाको हड्डी देखिएमा कुलमा व्यभिचारको सम्भावना हुन्छ ।

गृहनिर्माणको समय कालिगढ पागल भयो भने गृहपति र घरको विनाश हुन्छ । स्थापित स्तम्भ वा कुम्भ काँधबाट खस्यो भने गृहपतिको शिरमा रोग हुन्छ तथा कलशको चोरी भएमा पुरै कुलनाश हुन्छ । कुम्भ आफ्नो स्थानबाट च्यूत भयो भने गृहस्वामीको मृत्यु हुन्छ तथा कुम्भ फुटेमा बन्धनमा पर्छ ।

गृहारम्भको समयमा हातहरूको परिमाण संख्या नष्ट भएमा गृहपतिको नाश हुन्छ । बीज र औषधी विहीन भए भूतहरूको भय हुन्छ । अतः प्रदक्षिणाक्रमले स्तम्भहरूको स्थापना गर्नुपर्छ ।

स्तम्भमाथि फलहरूले युक्त वृक्षको हाँगा हाल्नुपर्छ । स्तम्भ पूर्व या उत्तरतर्फ ढल्केको हुनुपर्छ, अस्पष्ट दिशामा पार्नु हुँदैन अन्यथा कुलको नाश हुन्छ । भवन, स्तम्भ, निवासगृह तथा द्वार निर्माणको वेला पनि यस कुराको हेक्का गर्नुपर्छ ।

घरको कुनै पनि अंशलाई पिण्डभन्दा अगाडि बढाउनु हुन्न । यदि बढाउनु परेमा सबै भागलाई बढाउनुपर्छ । यदि पूर्व दिशामा मात्र बढाएमा वास्तुले शत्रु मात्र उत्पन्न गर्दछ, दक्षिण दिशामा मात्र बढाएमा मृत्युकारी हुन्छ । पश्चिममा मात्र बढाएमा धनक्षयकारी हुन्छ तथा उत्तरमा मात्र बढाए दुःख र सन्ताप बढाउँछ । अग्निकोणमा मात्र बढाए अग्निको भय हुन्छ, नैर्ऋत्यकोण मात्र बढाएमा शिशुहरूको विनाशक हुन्छ । वायव्य कोणमा मात्र बढाए वात व्याधि वृद्धि हुन्छ, ईशान कोणमा मात्र बढाए अन्नका लागि हानिकारक हुन्छ ।

गृहको ईशान[१२४] कोणमा देवताको स्थान र शान्तिगृह आग्नेय कोणमा भान्साघर र उत्तर दिशामा जलस्थान हुनुपर्छ । सबै घरेलु सामग्रीहरूलाई नैर्ऋत्य कोणमा राख्नुपर्छ । पशुलाई बाँध्ने ठाउँ र स्नानागार घरको बाहिर बनाउनुपर्छ । वायव्य कोणमा अन्नादिको

---

१२४. ईशान्यामन्नहानिः स्याद वास्तौ सर्वाधंते सदा ।
ईशाने देवतागार तथा शान्तिगृह भवेत् ॥
महानस तथाग्नेये तत्पाश्र्वे चोत्तरे जलम् ।
गृहस्योपस्कर सर्वं नैर्ऋत्ये स्थापयेत् बुधः ॥
वन्धस्थान वहिः कुर्यात् स्नानमण्डपमेव च ।
धनधान्यं च वायव्ये कर्मशाला ततो वहिः ।
एवं वास्तुविशेषः स्यात गृहभर्तुः शुभावहः ॥ (म. पु. अ. ३३ देखि ३५) ।

स्थान बनाउनुपर्छ । यसप्रकार कार्यशाला पनि निवास स्थानभन्दा बाहिर बनाउनुपर्छ । यसरी बनाइएको गृहबाट नै गृहपतिको मङ्गल हुन्छ ।

४.२६.गृहनिर्माणमा ग्राह्यकाष्ठ

धनिष्ठादि ५ नक्षत्रहरू तथा भद्रादि छोडेर ज्योतिषीद्वारा बताइएको शुभ दिनमा काष्ठ लिनका लागि जंगलतर्फ प्रस्थान गर्नुपर्छ ।[१२५] सर्वप्रथम काष्ठ ग्रहण गरिने रुखलाई बलि पूजा गर्नुपर्छ । पूर्व तथा उत्तर दिशामा खसेको वृक्षको काष्ठ गृहनिर्माणमा मंगलकारी हुन्छ तथा दक्षिण दिशामा खसेको वृक्ष अशुभ हुन्छ । दुधालु वृक्षको काष्ठ घरमा लगाउनु हुन्न ।

विपुल लक्ष्मीको इच्छापूर्वक निवास गर्न चाहने मनुष्यले पक्षिहरूद्वारा अधिष्ठित तथा वायु र अग्निले पीडित, हात्तीले तोडेका, बिजुली खसेर जलेका, आधा भाग सुकेका तथा केही अंशमा टुटफुट भएका, पिपल, समाधि वा देवमन्दिरबाट निक्लेका, नदीको संगममा भएका, श्मशानभूमि तथा जलाशयमाथिका वृक्षहरू छोडिदिनुपर्छ ।[१२६]

काँढेदार वृक्ष, कदम, निम, लप्सी र आँपको वृक्षलाई पनि गृहकार्यमा लगाउनु हुन्न । पीत सालवृक्ष, अशोक, महुवा, साल र सखुवाको काष्ठ मंगलप्रद हुन्छ । चन्दन, कटहर, देवदारु तथा दारुदीको काष्ठ धनप्रद मानिएको छ । एक, दुई वा तीन प्रकारका

---

१२५. अथातः संप्रवक्ष्यामि दार्वाहरणमुत्तमम् ।
धनिष्ठापञ्चकं मुक्त्वा त्विष्टचादिकमतः परम् ॥ (म. पु. अ., २५७ । १) ।

१२६. वर्जयेत् सर्वथा दारु यदीच्छेद् विपुला श्रियम् ।
तथा कण्टाकिनो वृक्षान् नीर्पानिम्वविभीतकान् ॥
श्लेष्मातकानाम्रतरुन्वर्जयेद्गृहकर्माणि ।
आसनाशोकमधुकसर्जशालाः शुभावहाः ॥
चन्दनं पनसं धन्य सुरदारु हरिद्रवः ।
द्वाभ्यामेकेन वा कुर्यात् त्रिभिर्वा भवन शुभम् ॥
वहुभिः करितं यस्मादनेकभयद भवेत् ।
एकैकर्शिशपा धन्या श्रीपर्णी तिन्दुकी तथा ॥
एता नान्यसमायुक्ताः कदाचिच्छुभकारकाः ।
स्यन्दनः पनसस्तद्वत् सरलार्जुन पद्मकाः ॥
एते नान्यसमायुक्ता वास्तुकार्यफलप्रदाः ।
तरुच्छेदे महापीते गोधा विद्याद्विचक्षणः ॥ (पूर्ववत्, २५७ । ७ देखि १२) ।

काठहरूद्वारा बनाइएको भवन शुभ हुन्छ । अनेक प्रकारको काठले बनेको भवन भयप्रद हुन्छ । धनदायक शिशौ, श्रीपर्णी तथा तिन्दुकीको काष्ठलाई एक्लै लगाउनुपर्छ । यी काठहरू अन्य काठसँग सम्मिलित गरेमा मंगलकारी हुन्न । खयर, कटहर, अर्जुन र पद्म पनि अन्य काठसँग सम्मिलित भएमा गृहकार्यका लागि शुभदायक मानिदैंन ।

वृक्ष काट्ने बेलामा यदि पहेँलो वर्णको चिह्न भेटिए भविष्यमा गृहमा गोहीको, मंजीष्ठ रङ्गको भेटिए भ्यागुताको, निलो रङ्गको भेटिए सर्पको तथा अरूण रङ्गको भेटिए छेपाराको, मोतीको समान श्वेत चिह्न भेटिए सुगाको, कपिल वर्णको चिह्न भेटिए मुसाको, तलवारको जस्तो चिह्न भेटिए जलको भय जान्नुपर्छ । यसप्रकारका गर्भ भएका वृक्षलाई वास्तुकर्ममा त्याग गर्नुपर्छ । पहिले नै काटिसकेको वृक्षलाई शुभदायी मानिन्छ ।

४.२७.देवप्रतिमाको प्रमाण निरूपण

भगवान् विष्णुको प्रतिमा श्रेष्ठ मानिन्छ । श्रीविष्णुको प्रतिमाको रूप शान्त, हातमा शङ्ख, चक्र, गदा, तथा पद्म धारण गरेको, शिर छत्रको समान गोलो, गला शंखाकार, सुन्दर आँखा, नासिका केही उठेको, कान सिपी सदृश, भुजाहरू विशाल तथा उरु प्रशान्तवत् हुनुपर्छ । गृहस्थले दुई भुजा भएको प्रतिमा आफ्नो भवनमा पुरोहितद्वारा स्थापना गर्नुपर्छ ।

अष्टभुज प्रतिमाको दाहिनेतर्फका हातहरू तलबाट माथि क्रमशः खड्ग, गदा, बाण र कमल तथा बायाँतर्फका हातहरूमा तलबाट माथि क्रमशः धनुष, ढाल, शङ्ख र चक्र स्थापित गर्नुपर्छ । समृद्धिको इच्छा भएकाले वासुदेव भगवान्को चर्तुभुज प्रतिमाका हातहरूमा, दाहिनेतिरको माथिल्लो हातमा गदा, तल्लोमा पद्म तथा बायाँतिरको माथिल्लो हातमा शंख र तल्लोमा चक्र राख्नुपर्छ । कृष्णावतारको प्रतिमामा बायाँ हातमा गदा तथा दाहिने हातमा स्वेच्छानुसार शंख र चक्र तलमाथि राख्दा फरक पर्दैन ।[१२७]

विष्णु भगवान्का दुवै चरणहरूका बीचमा तलतर्फ फर्किएको पृथिवीको मूर्ति तथा दाहिनेतिर प्रणाम गर्दै गरेको गरुडको मूर्ति राख्नुपर्छ । बायाँतिर हातमा कमल लिएको सुन्दर मुख भएकी लक्ष्मीको स्थापना गर्नुपर्छ । कल्याणकारी पुरुष गरुडलाई अगाडि पनि

---

१२७. विष्णोस्तावत् प्रवक्ष्यामि यादृग्रूपं प्रशस्यते ।
शङ्खचक्रधरं शान्तं पद्महस्तं गदाधरम् ॥
छत्राकारं शिरस्तस्य कम्बुग्रीवं शुभेक्षणम् ।
तुङ्गनासं शुक्तिकर्णं प्रशान्तोरुभुजोक्रमम् ॥
क्वचिदष्टभुजं विद्याच्चतुर्भुमथापरम् ।
द्विभुजश्चापि कर्तव्यो भवनेषु पुरोधसा ॥ (म. पु. अ., २५८ । ४ देखि ६) ।

स्थापना गर्न सक्दछन् । प्रतिमाको दुवैतिर हातमा कमल लिएका श्री र पुष्टिको मूर्ति पनि बनाउनुपर्छ । प्रतिमाको माथि विद्याधरहरूले चित्रित गोलाकार तोरणको पनि निर्माण गर्नुपर्छ । देवताहरूले नगरा बजाई राखेको गन्धर्व दम्पत्तिको पनि चित्रण गर्नुपर्छ । त्यहीँ साथमा लता र पताकाहरूले युक्त कल्पलतासँगै व्याघ्र सिहंहरूको पनि प्रतिमा निर्माण गर्नुपर्छ । विष्णुको प्रतिमा अगाडि स्तुति गर्दै गरेका ठुला ठुला देवगणहरू उभिएको बनाउनुपर्छ । प्रतिमाको पीठिकाको विस्तार प्रतिमा मानको तृतीयांशले निर्मित हुनुपर्छ । देवता, दानव तथा किन्नरहरूको प्रतिमा ९ ताल (अङ्गुष्ठदेखि मध्यमासम्मको करतललाई ताल भनिन्छ । नेपाली भाषमा एक कुरेत) परिमाणको हुनुपर्छ ।

४.२८.प्रतिमाको उचाइ, मोटाइ र लम्बाइ

जालीको भित्रबाट सूर्यको किरणहरू प्रविष्ट भएर जुन धुलोको कण स्पष्ट देखिन्छ त्यो त्रसरेणु हो । ८ त्रसरेणु बराबर १ बालाग्र हुन्छ । बालाग्रको ८ गुणा ठुलो आकारको पदार्थको लिख्या र ८ लिख्याको १ यूका हुन्छ । ८ यूकाको १ यव र ८ यवको १ अङ्गुल हुन्छ । १२ अङ्गुल परिमाणको मुख हुन्छ र मुखको परिमाणअनुसार नै देवताहहरूको प्रतिमाका सबै अवयवहरू कल्पना गर्नुपर्छ ।[१२८]

सुवर्ण, चाँदी, तामा, रत्न, ढुङ्गा, देवदारु, फलाम, शिशा, पित्तल, तामा र काँस मिश्रित अथवा शुभ काष्ठहरूले बनेका देवप्रतिमालाई प्रशस्त मानिन्छ ।[१२९] गृहस्थका घरमा अँगुठाको १ पर्व देखि लिएर १ बित्ता प्रमाणमात्रका प्रतिमा स्थापना गर्नुपर्छ । देव मन्दिरहरूमा १६ बित्तासम्मको प्रतिमा प्रतिष्ठित गर्न सकिन्छ र त्यसभन्दा ठुलो त्यहाँ पनि गर्नुहुन्न ।

मन्दिरको प्रवेशद्वारको उचाइलाई ८ भागमा विभक्त गरी त्यसको १ भागलाई छोडेर बाँकी दुई भागमा प्रतिमा बनाइन्छ । फेरि उक्त २ भागलाई ३ भागमा विभक्त गरी उक्त

---

१२८. जालान्तर प्रविष्टानां भानूनां यद्रजः स्फुटम् ।
त्रसरेणुः स विज्ञेयो वालाग्रां तैरथाष्टभिः ॥ १७ ॥
सौवर्णी राजती वापि ताम्री रत्नमयी तथा ।
शैली दारुमयी चापि लोहसीसमयी तथा ॥ २० ॥
रीतिकाधातुयुक्ता वा ताम्रकांस्यमयी तथा ।
शुभदारुमयी वापि देवतार्चा प्रशस्यते ॥ २१ ॥ (म. पु. अ., २५८ । १७, २०, २१) ।

१२९. शैली दारुमयी लौही लेप्यालेख्या च सैकती ।
मनोमयी मणिमयी प्रतिमष्टविधस्मृता । (भागवतीय क्रियायोग(११।२७।१२),म.पु.गीताप्रेस पृ.९७७)

३ भागको १ भागमा बराबर पीठिका बनाइन्छ । प्रतिमाको मुखमानलाई ९ भागमा विभक्त गरी त्यसको ४ अङ्गुलको ग्रीवा तथा एक भागको हृदय हुन्छ । अर्को १ भागको सुन्दर नाभि (१ अङ्गुल गहिराइ र विस्तार) नाभिको तल १ भागको लिङ्ग, अर्को २ भागमा विस्तृत उरु, चार अङ्गुलको घुँडा र अन्य बाँकी २ भागमा जंघा बनाइन्छ । यस्तो प्रतिमामा ४ अङ्गुलको पैताला, शिर १४ अङ्गुलको हन्छ ।

प्रतिमाको ललाटको मोटाइ ४ अङ्गुल, नासिकाको मोटाइ पनि ४ अङ्गुल, दाढी २ अङ्गुल, ओठ २ अङ्गुलको हुन्छ । यदि ललाटको विस्तार ८ अङ्गुल भए त्यसैमा नै दुवै आखिभौं पनि बनाइन्छ । आँखीभौंको रेखा १/२ अङ्गुलको हुन्छ जो बिचमा धनुषाकार हुन्छ । दुवै तिरको आँखिभौंको अग्रभाग उठेको हुन्छ । आँखाको लम्बाइ २ अङ्गुल, चौडाइ १ अङ्गुल तथा त्यसको मध्यभागमा उठेको रक्तप्रभा एवं शुभ लक्षणयुक्त पुलतीहरू हुन्छन् । दुवै आँखिभौंको मध्यमा २ अङ्गुलको अन्तर हुनुपर्छ । नासिकाको मूल भाग १ अङ्गुलमा हुन्छ । नासिका पुट छिद्र आधा अङ्गुलको र कपोल २ अङ्गुलको हुन्छ । चिउँडीको अग्रभाग १ अङ्गुलको र विस्तार २ अङ्गुलको हुन्छ । आधा अङ्गुलमा आँखिभौंको रेखा हुन्छ । माथि र तलको ओठ आधा आधा अङ्गुलको हुन्छ । दुवै कानको उचाइ ४ अङ्गुलको र आँखिभौंसमान हुन्छ । कानको पार्श्व २ अङ्गुलको र विस्तार १ अङ्गुलको हुन्छ । दुवै कानको माथि मस्तिष्कको विस्तार १२ अङ्गुलको हुन्छ ।

ललाटको पछाडिको आधा भाग १८ अङ्गुलको भनिएको छ र यसको मष्तिष्कसम्मको विस्तार ३६ अङ्गुलको भनिएको छ । केश समूहको विस्तार ४२ अङ्गुलको भनिएको छ । केशको अन्तर भागदेखि दाढीसम्मको विस्तार १६ अङ्गुलको हुन्छ । दुवै काँधको विस्तार २४ अङ्गुलको हुन्छ । ग्रीवाको मोटाइ ८ अङ्गुलको उत्तम मानिन्छ । ब्रह्माले स्तन र ग्रीवाको मध्यभाग एक तालको बराबर हुने वताएका छन् । दुवै स्तनको अन्तर १२ अङ्गुलको बताइएको छ । स्तनहरूको मण्डल २ अङ्गुलको बताइएको छ । दुवै चूचुक मण्डलको भित्र यवको बराबर बताइएको छ । वक्षःस्थलको चौडाइ दुई ताल भनिएको छ । दुवै कक्ष बाहु (भुजा) र स्तनको मध्यमा ६ अङ्गुल हुनुपर्छ । दुवै खुट्टा १४ अङ्गुल तथा त्यसका औलाहरू ३ अङ्गुलको हुनुपर्छ । अँगुठाको अग्रभाग उन्नत हुनुपर्छ र विस्तार ५ औलाको हुनुपर्छ । त्यसैप्रकार अँगुठा जस्तै प्रदेशिनी अङ्गुलीलाई पनि लामो वनाउनुपर्छ । त्यसको १६ अंशले बढी मध्यमा अङ्गुली, अनामिका मध्यमा अङ्गुलीको अपेक्षामा ८ अंशले सानो हुनुपर्छ र अनामिकाभन्दा ८ अंश सानो कनिष्ठिका हुन्छ । यी दुई अङ्गुली बीच ३

पर्व बनाउनुपर्छ । खुट्टाको गाँठो २ अङ्गुली मानिएको छ । दुवै एडी २-२ अङ्गुलको हुन्छ । गाँठोको अपेक्षामा यसमा अधिक कालो हुन्छ । अँगुठामा २ पोर वन्नुपर्छ, त्यसको विस्तार २ अङ्गुलीको हुन्छ । प्रदेशिनी (तर्जनी) को विस्तार ३ अङ्गुलको बताइएको छ । कनिष्ठिका क्रमशः ८ भागले कम हुनुपर्छ । विशेषरूपले अँगुठाको मोटाइ १ अङ्गुल हुन्छ । शेष औंलाहरूको मोटाइ त्यसको आधा हुन्छ ।

जाँघको अगाडिको भाग १४ अङ्गुल र मध्य भाग १८ अङ्गुल हुन्छ । घुँडाको मध्यभाग २१ अङ्गुलको हुन्छ । घुँडाको उचाइ १ अङ्गुल तथा मण्डल ३ अङ्गुल विस्तृत हुन्छ । उरूको मध्यभाग २८ अङ्गुल हुन्छ । त्यसको ३१ अङ्गुलमाथि अण्डकोष, अण्डकोषको ३ अङ्गुलमाथि २ अङ्गुलको लिंग हुन्छ जसको विस्तार ६ अङ्गुल हुन्छ । मणिबन्धभन्दा तल केशहरूको रेखा राख्नुपर्छ । मणिकोशको विस्तार ४ अङ्गुल, कटि प्रदेशको विस्तार १८ अङ्गुल हुन्छ । स्त्रीको मूर्तिमा कटिको विस्तार २२ अङ्गुल तथा स्तनहरू १२ अङ्गुलको हुनुपर्छ । नाभिको मध्यभाग ४२ अङ्गुलको हुनुपर्छ । पुरुषको कटिप्रदेश ५५ अङ्गुलको तथा दुवै कक्षको माथि ६ अङ्गुलको स्कन्ध बनाउने विधि छ । ८ अङ्गुलको विस्तारमा ग्रीवाको निर्माण भनिएको छ र यसको लम्बाइ १२ कलाको हुनुपर्छ ।

दुवै भुजाहरूको लम्बाइ ४२ अङ्गुल हुन्छ । बाहुको मुलभाग १६ अङ्गुलको हुन्छ । बाहुको माथिको अंशसम्म १८ अङ्गुल हुन्छ । अर्को पर्व यसको अपेक्षामा १ अङ्गुल कम भनिएको छ । बाहुको मध्यभागको विस्तार १८ अङ्गुल तथा तलको हात १६ अङ्गुल भनिएको छ । हातको अग्रभागको मान ६ कला मानिएको छ । हत्केलाको विस्तार ७ अङ्गुल हुन्छ र त्यसमा ५ अङ्गुली बनेको होस् । अनामिका अङ्गुली मध्यमाको अपेक्षामा सप्तमांश कम रहन्छ । कनिष्ठा त्यसको पनि ५ अंश न्यून तथा मध्यमाको ५ अंश न्यून तर्जनी हुन्छ । अङ्गुठा तर्जनीको उद्‌गम भन्दा तल हुनुपर्छ । किन्तु लम्बाइ समान हुनुपर्छ । अङ्गुठाको विस्तार ४ अङ्गुली हुन्छ । शेष अङ्गुलीहरूको विस्तार क्रमशः १-१ भागले न्यून हुन्छ । मध्यमा अङ्गुलीको पोरको मध्य भागमा दुई अङ्गुलको अन्तरमा रहनुपर्छ । अन्य अङ्गुलीहरूको पोरमा १-१ यवको कमी हुँदै जान्छ । अङ्गुठाको पोरको मध्यभाग तर्जनीको समान रहनुपर्छ । अगाडिको पोर दुई यवले अधिक भनिएको छ । अङ्गुलीहरूको पूर्वार्धमा नङलाई सुन्दर तथा अगाडि केही लालिमायुक्त बनाउनुपर्छ । काँधको माथि १० अङ्गुलमा केशको बल्ली निर्माण गर्नुपर्छ । स्त्रीप्रतिमालाई अलि पातलो बनाउनुपर्छ । उनीहरूको उदर प्रदेशको तथा उसको स्तन, उरू एवं जाँघलाई स्थूल बनाउनुपर्छ ।

लम्बाइ १४ अङ्गुल तथा अनेक आभूषणहरूले विभूषित हुन्छ, भुजाहरू केही मृदु तथा मनोहर आकृतियुक्त बनाउनुपर्छ । मुखाकृति अपेक्षाकृत लामो हुन्छ । अलकावलि (ललाट) उत्तम ढंगले रचित गर्नुपर्छ। नासिका, ग्रीवा र ललाट ३.५ अङ्गुल हुन्छ । अधर पल्लवहरूको विस्तार १/२ अङ्गुल प्रशस्त मानिएको छ । दुवै नेत्र अधर पल्लवहरूभन्दा ४ गुणा अधिक हुनुपर्छ । ग्रीवाको वलि (रुद्रघण्टी) १/२ अङ्गुली उठेको बनाउनुपर्छ । यसरी सबै प्रकारको प्रतिमा निर्माणमा ९ तालको परिमाण बताइएको छ ।

४.२९.प्रतिमाको लक्षण, मान, आकार आदिको कथन

राम, विरोचनको पुत्र बलि, वाराह र नृसिंहका मूर्तिहरूको उँचाइ १० ताल हुनुपर्छ। वामनको प्रतिमा ७ तालको तथा मत्स्य र कूर्मका प्रतिमाहरू जतिमा सुन्दर देखिन्छन् त्यही परिमाणको बनाउनुपर्छ ।[१३०]

४.३०.शिवको आदि मूर्तिको आकार

रुद्रको मूर्तिलाई तपाएको सुवर्णको जस्तो कान्ति भएको, स्थूल उरु, भुजाहरू र स्कन्धहरूले युक्त, सूर्यको किरणसमान श्वेत, जटालाई चन्द्रमाले विभूषित, जटाको मुकुट धारण गरेको, १६ वर्षको उमेर समान, दुवै भुजा हात्तीको सूँढ जस्तो, जाँघ र ऊरुमण्डल गोलाकार, केश माथितिर उठेको, दीर्घ नेत्र, वस्त्रको स्थानमा व्याघ्रचर्म, कम्मरमा तीनसूत्रहरूको मेखला, हार र केयूरले सुशोभित भएको, सर्पहरूका आभूषणहरूले अलङ्कृत, भुजाहरूमा विविध प्रकारका आभूषणहरूले विभूषित, सुन्दर गालाहरू, कानमा दुई कुण्डल, भुजाहरू घुडाँसम्म लामा, मूर्ति सौम्य, परम सुन्दर, बायाँ हातमा ढाल, दाहिने हातमा तरबार, दाहिनेतिर शक्ति, दण्ड र त्रिशूल तथा बायाँतिरका हातहरूमा कपाल, नागखट्वाङ्ग, एक हात वरदमुद्राले सुशोभित र अर्को हातमा रुद्राक्षको माला धारण गरेको दिव्य हुनुपर्छ ।

दश भुजाले युक्त भगवान् शङ्करको नटराज मूर्तिलाई विशाख[१३१] स्थानयुक्त बनाइनुपर्छ । मूर्तिमा नाच्दै गरेको अवस्थामा गजचर्म धारण गरेको हुनुपर्छ । त्रिपुरान्तक

---

१३०. अतः परं प्रवक्ष्यामि देवाकारान् विशेषतः ।
दशतालः स्मृतो रामो वलिर्वैरोचनिस्तथा ॥
वाराहो नारसिंहश्च सप्तस्तालस्तु वामनः ।
मत्स्यकूर्मौ च निर्दिष्टौ यथाशोभं स्वयम्भुवा ॥ (म. पु. अ. २५९ । १, २) ।

१३१. नृत्य वा युद्धमा उभिँदा दुवै खुट्टाको बीचमा एकहात खाली ठाउँ छोडिएको अवस्थालाई विशाखस्थान भनिन्छ । (म. पु. अ., २५९ पादटिप्पणी पृ. ९८२)

प्रतिमामा १६ भुजा बनाइन्छ । त्यस समय मूर्तिको हातमा शंख, चक्र, गदा, सिङ, घण्टा, पिनाक, धनुष, त्रिशूल र विष्णुमय शिर यी ८ कुरा बढी रहेका हुन्छन् । शिवको ज्ञानयोगेश्वर प्रतिमामा ४ वा ८ भुजाहरू बनाइन्छ । भैरव मूर्तिमा तीक्ष्ण दाँत र थेप्चो नासिकायुक्त हुन्छ । मुख महान् भयङ्कर हुन्छ । यस्तो मूर्तिलाई प्रत्यायतन अर्थात् मुख्य मन्दिरको अगाडिको मन्दिर वा पिढीँमा स्थापित गर्नुपर्छ । मुख्य मन्दिरमा भैरवको स्थापना गर्नुहुन्न । भैरव भयकारक देवता हुन् । नृसिंह, वराह तथा अन्य भयङ्कर देवताहरूको लागि पनि यसै प्रकार गर्नुपर्छ । देवप्रतिमाहरूको कहीं पनि हीन अङ्ग अथवा अधिक अङ्ग बनाउनु हुन्न । न्यून अङ्ग तथा भयानक मुखप्रतिमा स्वामीको विनाशक हुन्छ । अधिक अङ्गप्रतिमा शिल्पकारको हनन गर्दछ र दुर्बल प्रतिमाले धनको नाश गर्दछ ।

दुब्लो उदर (पेट) भएमा दुर्भिक्षप्रद, कङ्कालसमान भए धननाशक, टेढो नासिका भए दु:खदायक तथा दुर्बल हात खुट्टा वा अन्य कुनै अङ्गहरूले हीन अथवा विशेष गरी जाँघहीन प्रतिमा मनुष्यहरूका लागि भ्रम र उन्मादजन्य फलदायक हुन्छन् । सुकेको मुख भएको तथा कटिभाग हीन भएको प्रतिमाले राजालाई कष्ट दिन्छ । हातपाँउ विहीन प्रतिमा महामारीको भय उत्पन्न गर्ने तथा जंघा र घुँडा विहीन प्रतिमा शत्रुका लागि कल्याणप्रद हुन्छ । वक्षस्थल विहीन प्रतिमा पुत्र तथा मित्रको विनाशक हुन्छ । सम्पूर्ण अङ्गहरूले परिपूर्ण प्रतिमा सर्वदा आयु र लक्ष्मी प्रदान गर्ने हुन्छ । भगवान् शङ्करको प्रतिमा निर्माण गर्दा चारैतिर देवगणहरूले स्तुति गर्दै गरेको अवस्था प्रदर्शित गर्नुपर्छ । शङ्करको मूर्तिलाई इन्द्र, नन्दीश्वर एवं महाकालले युक्त वनाउनुपर्छ । पार्श्व भागमा विनम्रभावले स्थित लोकपाल र गणेश्वरहरूलाई देखाउनुपर्छ । भृंगी र भूत बेतालका मूर्तिहरू उनको छेउँमा नाच्दै गाउँदै गरेको बनाउनुपर्छ । ती सबै गणहरू हर्षपूर्वक परमेश्वर शिवको स्तुतिमा लीन भएको अवस्था बनाउनुपर्छ ।

रुद्राक्षको माला धारण गर्ने, प्रवाल (मुँगा) आदिको माला तथा पुष्प आदि उपहारहरूलाई समर्पित गर्ने गन्धर्व, विद्याधर, किन्नर, अप्सरा र गुह्य, अधीश्वर, अनेक गण तथा इन्द्र आदि सयौं देवताहरू र मुनिवरहरूद्वारा नमस्कार एवं स्तुति गर्दै गरेको पूजनीय त्रिनेत्रधारी स्तवनीय भगवान् शङ्करको प्रतिमा वनाउनुपर्छ ।[१३२]

---

१३२. गन्धर्वविद्याधरकिन्नराणामथाप्यसरोगुह्यकनायकानाम् ।
गणैरनेकैः शतशो महेन्द्रैर्मुनिप्रविरैरपि नम्यमानम् ॥
धृताक्षसुत्रैः शतशः प्रवालपुष्पोपहारप्रचयं दददि्भः ।
संस्तूयमानं भगवन्तमीडचं नेत्रत्रयेणामरमर्त्यपूज्यम् ॥ (पूर्ववत्, २५९ । २६) ।

४.३१.अर्धनारीश्वर प्रतिमाको वर्णन

शिवको अर्धनारीश्वर स्वरूपमा बायाँ आधाभाग सुन्दर नारीरूप र दायाँ आधा भागमा पुरुषरूप हुन्छ ।[१३३]

नारी भागको मस्तकमा सिन्दूर र ललाटमा तिलक, पुरुष भागमा जटाजुटलाई चन्द्रमाले विभूषित गर्दै दाँया कानमा वासुकी नाग र बायाँमा कुण्डल, त्यसभन्दा माथि केशमा आभूषण तथा कानमा बाली बनाउनुपर्छ । शिवका दाँया हातमा कपाल वा त्रिशूल तथा बायाँ हातमा दर्पण वा कमल, बायाँ पाखुरा बाजुबन्द र कङ्कणले युक्त र दाँयामा मणिंहरू र मोतीहरूको यज्ञोपवीत बनाउनुपर्छ । प्रतिमाको बायाँतिर स्तन तथा दाँयाभाग पहेंलो बनाउँदै माथिको आधा भाग उज्ज्वल र नितम्बको आधा भाग श्वेतवर्णको बनाउनुपर्छ । लिंगभन्दा माथिको भाग सिंहको चर्मले आवृत्त गर्दै बायाँ भागमा नाना प्रकारका रत्नहरू बनेको ३ लहरखण्डले युक्त करधनी (कटिसूत्र) र साडी पहिऱ्याउनुपर्छ । शिवका दायाँ भाग सर्पहरूले युक्त, दाहिने चरणलाई नूपुर विभूषित बनाई कमलमाथि तथा बायाँ चरण दाँयाको भन्दा केही माथि राख्नुपर्छ । औँलाहरूमा रत्ननिर्मत विभूषण राख्नुपर्छ । पार्वतीको चरणलाई महावरप्रद बनाउनुपर्छ ।

४.३२.उमामहेश्वर मूर्तिको लक्षण

सुन्दर लीलाहरूले समाहित उमामहेश्वरको प्रतिमामा भगवान् शङ्करको जटाको भारमा चन्द्रमाले विभूषित बनाउँदै २ वा ४ बाहु तथा ३ नेत्र भएको मूर्तिमाशिवको १ हात पार्वतीको काँधमा विराजमान हुनुपर्छ । दाहिने हातमा कमल वा शूल हुन्छ, बायाँ हात स्तनमाथि न्यस्त हुनुपर्छ । मूर्तिलाई विविध प्रकारका रत्नहरूले विभूषित गर्दै व्याघ्रचर्मले युक्त, सुन्दर भेषमा सुसज्जित, मुखमण्डलमा अर्धचन्द्रमाले विभूषित रूपमा प्रतिष्ठित गर्नुपर्छ । बायाँ देवीको मूर्ति भागलाई दुवै उरुभाग वाहुहरूले छोपिएर रहेको, शिरको आभूषण तथा अलकावलिहरूद्वारा मुखभाग ललित बनाउँदै कानमा मुन्द्री, ललाटमा तिलकले

---

१३३. अधुना सम्प्रवक्ष्यामि अर्धनारीश्वरं परम् ।
अर्धेन देवदेवस्य नारीरूपं सुशोभनम् ॥ (म. पु. अ., २६० । १) ।

शोभायमान बनाउनुपर्छ । कानलाई अलङ्कृत गर्नका लागि मणिनिर्मित कुण्डल पहिऱ्याएरहार र केयूरले सुसज्जित गरी शिवजीको मुखलाई अवलोकन गरेको आभास दिलाउने अवस्था बनाउनुपर्छ । उमाले लिलापूर्वक देवाधिदेव शङ्करको बायाँ काँधलाई स्पर्श गरेको, तथा उनको दाहिने हात दाहिने भागबाट बाहिरतिर भएको बनाउनुपर्छ । कुनै कुनै प्रतिमामा दाहिने काँध अथवा कुक्षिभागमा नखद्वारा स्पर्श गरेको, बायाँ हातमा दर्पण अथवा सुन्दर कमल, नितम्बभागमा ३ खण्डे कटिसूत्र झरेको प्रतिमा बनाउनुपर्छ । उमाको दुबैतिर जया, विजया, स्वामी कार्तिकेय र गणेशको तथा तोरणद्वारमा गुह्यक गणहरू प्रदर्शन गर्दै माला, विद्याधर र वीणाले सुशोभित अप्सराहरू पनि बनाउनुपर्छ ।[१३४]

४.३३.शिवनारायण प्रतिमाको निर्माण

शिवनारायण प्रतिमाको बायाँ आधा भागमा भगवान् विष्णु तथा दाँया आधा भागमा शूलपाणि शिव बनाइन्छ ।[१३५]नारायणका दुवै भुजाहरू मणिनिर्मित केयूरले विभूषित, दुवै भुजामा शङ्ख र चक्र, कटिभागमा उज्ज्वल आभूषण र पीताम्बर धारण गरेको तथा चरण मणिनिर्मित नूपुरहरूले विभूषित हुनुपर्छ । दाहिने आधा भाग जटाभार तथा अर्धचन्द्रले विभूषित, दाहिने हातलाई वरद मुद्राले युक्त, सर्पहरूको हार र कङ्कणले सुशोभित, अर्को हातमा त्रिशूलले विभूषित, त्यसै भागमा सर्पको यज्ञोपवीत पहिरिएको कटिप्रदेशमा गजचर्मले आच्छादित, चरणमा मणि र रत्नहरूले अलङ्कृत, नागले विभूषित शिवसहित युगल शिवनारायणको प्रतिमा उत्तम स्वरूपको निर्माण गर्नुपर्छ।

४.३४.महावराह प्रतिमा वर्णन

महावराहको हातमा पद्म र गदा, दाह्राको आधा भाग तीक्ष्ण, मुख खुल्ला गरेको, बायाँ कुहिनो माथि पृथिवी दाराको अग्रभागमा राखेको कमलयुक्त र शान्त, विस्मयले उत्फुल्ल मुखमण्डल, दाहिने हात कटिप्रदेशमा भएको एउटा चरण शेष नागको मस्तकमा र

---

१३४. उमामहेश्वरस्यापि लक्षणं श्रृणुत द्विजाः ।
संस्थानं तु तयोर्वक्ष्ये लीलाललितविभ्रमम् ॥ (म. पु. अ., २६० । ११) ।

१३५. एतत् रूपमुमेशस्य कर्तव्यं भूतिमिच्छता ।
शिवनारायणं वक्ष्ये सर्वपापप्रणाशनम् ॥ (पूर्ववत्, २६० । २१) ।

अर्को चरण कूर्ममाथि भएको, चारैतिरबाट लोकपालहरूले स्तुति गर्दै गरेको प्रतिमा बनाउनुपर्छ ।[१३६]

४.३५.नृसिंह प्रतिमा वर्णन

नृसिंहको प्रतिमा ८ भुजाले युक्त, भयङ्कर, सिंहासनमा विराजित, फैलिएको मुख र नेत्र भएको, घाँटीको लामो कपाल कानसम्म फिजिँएका, तिखा नङले दितिपुत्र हिरण्यकशिपुलाई च्यातिरहँदा उसको पेट बाहिर निस्किएको मुखबाट रगत खसिरहेको, भृकुटी, मुख र नेत्र विकराल अवस्था भएको बनाउनुपर्छ । कुनै कुनै स्थानमा नृसिंहको प्रतिमा युद्धका उपकरणहरूले युक्त दैत्यहरूसँग युद्ध गर्दै गरेको र कुनै ठाँउमा थाकेको दैत्यले बारम्बार धम्काएको जस्तो पनि बनाउने गरिन्छ । तलवार र ढाल धारण गरेका दैत्यहरूलाई प्रदर्शित गर्दै देवेश्वरहरूद्वारा स्तुति गरिएका विष्णुलाई पनि देखाउनुपर्छ ।[१३७]

४.३६.वामन प्रतिमा वर्णन

ब्रह्माण्डलाई एउटा चरणले नाप्न तत्पर, बायाँ हातमा कमण्डलु र दाहिने हातमा सानो छाता लिएको वामनको प्रतिमा बनाउनुपर्छ ।[१३८] साथै दीनताले युक्त मुख, छेउँमा जलको करुवा बोकेका बलिराजाको प्रतिमा पनि निर्माण हुनुपर्छ । नागपाशले बलिराजलाई बाँधिरहेका गरुडलाई पनि त्यसै स्थलमा देखाउनुपर्छ । यसैप्रकार मत्स्य भगवान्‌को प्रतिमा माछाको आकारको र कूर्म भगवान्‌को प्रतिमा कछुवाको समान बनाउनुपर्छ ।[१३९]

---

१३६. महावराहं वक्ष्यामि पद्महस्तं गदाधरम् ।
तीक्ष्णदंष्ट्राग्रघोणास्यं मेदिनी वामकूर्परम् ॥ (पूर्ववत्, २६० । २८) ।

१३७. नारसिंहं तु कर्तव्यं भुजाष्टकसमन्वितम् ॥ (म. पु. अ., २६० । ३१) ।

१३८. तथा त्रिविक्रमं वक्ष्ये ब्रह्माण्डक्रमणोल्वणम् ।
पादपार्श्वे तथा बाहुमुपरिष्टात् प्रकल्पयेत् ॥
अधस्ताद् वामनं तद्वत् कल्पयेत् सकमण्डलुम् ।
दक्षिणे छत्रिकां दद्यान्मुखं दीनं प्रकल्पयेत् ॥
भृङ्गारधारिणं तद्वद् बलिं तस्य च पार्श्वतः ।
बन्धनं चास्य कुर्वन्तं गरुडं तस्य दर्शयेत् ॥ (पूर्ववत्, २६० । ३६ देखि ३८) ।

१३९. मत्स्य रूपं तथा मत्स्यं कूर्मं कूर्माकृतिं न्यसेत् ।
एवंरूपस्तु भगवान् कार्यो नारायणो हरिः ॥ (पूर्ववत्, २६० । ३९) ।

४.३७.ब्रह्माको प्रतिमा वर्णन

ब्रह्माको प्रतिमा कमण्डलु धारण गरेको ४ हात र मुखले युक्त बनाउनुपर्छ । प्रतिमा कतै हाँसमाथि बसेको त कतै कमलमा विराजमान भएको बनाइन्छ ।[१४०] प्रतिमालाई कमलको भित्री भागको समान अरूणकान्ति भएको, सुन्दर नेत्र, तलको बायाँ हातमा कमण्डलु र दाहिने हातमा स्रुव, माथिल्लो बायाँ हातमा दण्ड तथा दाहिने हातमा स्रुव नै धारण गरिएको देखाउनुपर्छ ।[१४१] तीनै लोकको रचनामा प्रवृत्त, श्वेतवस्त्रधारी, ऐश्वर्य सम्पन्न, मृगचर्म तथा दिव्य यज्ञोपवीतले युक्त, नजिकमा आज्यस्थाली, सामुन्ने ४ वेदका मूर्तिहरू, बायाँतर्फ सावित्री, दाहिनेतिर सरस्वतीयुक्त प्रतिमालाई चारैतिर देवता, गन्धर्व र मुनिगणहरूद्वारा स्तुति गरिएको बनाउनुपर्छ ।

४.३८.कार्तिकेयको प्रतिमा वर्णन

कार्तिकेयको प्रतिमा परम तेजोमय कमलको मध्यभागको समान अरूण, मयूरमाथि आरुढ, दण्ड र चीरहरूले सुशोभित, सुकुमार शरीरमा १२ भुजायुक्त बनाउनुपर्छ ।[१४२] उनलाई आफ्नो इष्ट नगरमा स्थापित गर्नुपर्छ । पहाड नजिकको गाउँमा प्रतिमा बनाउँदा ४ भुजा र वन तथा गाउँमा स्थापित गर्नुपर्दा २ बाहु भएको बनाउनुपर्छ । १२ भुजा युक्तप्रतिमाको दाँयातिरका ६ वटा हातमा क्रमशः शक्ति, पाश, तलवार, बाण र शूलले शोभायमान भएको बनाउँदै एउटा हातमा अभय मुद्रा अथवा वरद मुद्रा बनाउनुपर्छ । यो सबै केयूर तथा बालाले विभूषित उज्ज्वल वर्णको हुनुपर्छ । बायाँतिरका ६ वटा हातमा क्रमशः धनुष, पताका, मुष्टि, फैलिएको तर्जनी, ढाल र कुखुरायुक्त बनाउनुपर्छ । ती आयुधहरू तत् तत् वर्णका हुनुपर्छ । दुई भुजा भएको प्रतिमाको बायाँ हातमा शक्ति र दाहिने हातमा कुखुरामा भएको बनाउनुपर्छ । चतुर्भुज प्रतिमाको बायाँतिर दुई हातमा

---

१४०. ब्रह्मा कमण्डलुधरः कर्तव्यः स चतुर्मुखः ।
हंसारुढः क्वचित् कार्यः क्वचिच्च कमलासनः ॥ (पूर्ववत्, २६० । ४०) ।

१४१. लोकप्रचलनमा कतै माथिको दायाँ हातमा वेदग्रन्थ वा स्रुच् देखाउने गरिन्छ ।
(म. पु. अ., को.नं ५५७ गीताप्रेस, पृ. ९८७ पादटिप्पणी)

१४२. कार्तिकेयं प्रवक्ष्यामि तरुणादित्यसप्रभाम् ॥
कमलोदरवर्णाभं कुमारं सुकुमारकम् ।
दण्डकैश्चीरकैर्युक्तं मयूरवरवाहनम् ॥ (पूर्ववत्, २६० । ४५, ४६) ।

शक्ति र पाश तथा दाहिनेतिरको तेस्रो हातमा तलवार र चौथो हात अभय अथवा वरद मुद्राले युक्त बनाउनुपर्छ ।

४.३९.गणेशको प्रतिमावर्णन

गणेशको प्रतिमामा हात्तिको जस्तो मुख, तीन नेत्र, लामो र स्थूल उदर, चार भुजाहरू, सर्पको यज्ञोपवीत, समेटिएको कान, विशाल सूँढ, एउटा दाँत, दायाँतिरको माथिको हातमा आफ्नो दाँत र तलको हातमा कमल हुनुपर्छ । बायाँतिरको माथिको हातमा मोदक र तल्लो हातमा परशु भएको प्रतिमाको निर्माण गरिन्छ । बृहत् भएको कारण मुख तलतिर विस्तृत तथा स्कन्ध, पाद र हात मोटो हुनुपर्छ । उनको प्रतिमालाई सिद्धि बुद्धिले युक्त, मूषकवाहनसहित बनाउनुपर्छ ।[१४३]

४.४०.भगवती कात्यायनीको प्रतिमा वर्णन

भगवती कात्यायनीको मूर्ति १० भुजाले युक्त[१४४], ३ देवताहरूको आकृतिलाई अनुकरण गर्ने, जटाजूटले विभूषित, शिरमाथि अर्धचन्द्रले शुशोभित, ३ नेत्रले युक्त, पूर्ण चन्द्रको समान मुख, अलसी पुष्पको समान नीलवर्ण, तेजोमय, सुन्दर नेत्रले विभूषित, नवयौवन सम्पन्न, सबै आभूषणहरूले आभूषित, अत्यन्त सुन्दर दाँतहरूले युक्त, स्थूल एवं उन्नत स्तनले युक्त, त्रिभंगी रूपमा स्थित, महिषसुरनाशिनी आदि चिह्नले युक्त बनाउनुपर्छ । दाहिने हातमा क्रमशः माथिबाट त्रिशूल, खड्ग, चक्र, तीक्ष्ण बाण र शक्ति तथा बायाँ हातहरूमा क्रमशः ढाल, धनुष पाश, अङ्कुश, घण्टा अथवा परशु धारण गरिएको बनाउनुपर्छ । प्रतिमाको तल शिर रहित महिषासुरको आकार पनि प्रदर्शित गर्नुपर्छ जसको हातमा खड्ग, हृदय शूलले विदीर्ण भएर बाहिर निक्लिएको, रगतले लतपत शरीर, विस्फारित राता राता आँखाले युक्त, नागपाशले परिवेष्टित, टेढो भृकुटीका कारण भीषण मुखाकृति र दुर्गाद्वारा पाशयुक्त बायाँ हातले महिषासुरको केश समातिएको, देवीको वाहन सिंहको मुखबाट रक्तपान गरिरहेको देखिने, देवीको दायाँ चरण सिंहमाथि समान रूपले

---

१४३. विनायकं प्रवक्ष्यामि गजवक्त्रं त्रिलोचनम् ।
लम्बोदरं चतुर्वाहुं व्यालयज्ञोपवीतिनम् ॥ (म. पु. अ., २६० । ५२) ।
१४४. कात्यायन्याः प्रवक्ष्यामि रूपं दश भुजं तथा ॥ (पूर्ववत्, २६० । ५५) ।

स्थित रहेको तथा बायाँ केही माथितिर उठेको, अङ्गुठा महिषासुरमाथि लागेको देवगणहरूद्वारा स्तुति गरिएको जस्तो देखिने भगवती कात्यायनीको प्रतिमा बनाउनुपर्छ ।

४.४१.देवराज इन्द्रको प्रतिमा वर्णन

हजार नेत्र भएका देवेन्द्रलाई मत्त गजेन्द्रमाथि विराजमान बनाउनुपर्छ[१४५] । उरु, वक्षस्थल र विशाल मुख, काँध सिंहको समान, भुजाहरू विशाल, किरीट र कुण्डल धारण गरेको, जंघस्थल, भुजाहरू तथा आँखाहरू स्थूल बनाउँदै वज्र र कमल धारण गरेको तथा विविध आभूषणहरूले विभूषित भएको बनाउनुपर्छ । देवता र गन्धर्वहरूद्वारा पूजित र अप्सराहरूद्वारा सेवित बनाउँदै पार्श्वमा सिंहमा विराजित छत्र र चामर धारण गर्ने स्त्रीहरू देखिनुपर्छ । गन्धर्वगणले घेरिएर कमल धारण गरेकी इन्द्राणीलाई प्रतिमाको बायाँतिर बनाउनुपर्छ ।

४.४२.सूर्यको प्रतिमा निर्माणविधि

सूर्यलाई ७ घोडा भएको एक चक्के रथमा स्थित गर्दै कमलको मध्यवर्ती भागको समान रक्तवर्ण स्वरूप, सुन्दर नेत्रहरूले सुशोभित, दुवै हातमा कमल धारण गरी विचित्र मुकुटले युक्त, विभिन्न आभूषणले विभूषित बनाउनुपर्छ ।[१४६] त्यो कमल लीलापूर्वक माथि काँधसम्म उठेको, चरणमा दुई वस्त्रहरूले आवृत्त र तेजोमय बनाउनुपर्छ । मूर्तिको दुवैतिर दण्डी र पिङ्गलनामक दुई पार्श्ववर्ती पुरुषहरूको हातमा तलबार बनाउनुपर्छ । प्रतिमाका पछाडि एउटा हातमा लेखनी लिएको अविनाशी धाताको मूर्तिसँगै देवगण र रक्तवर्णयुक्त सारथि अरूणको मूर्ति पनि बनाउनुपर्छ । दुवै छेउमा चल्दै गरेको लामो घाँटी भएका ७

---

१४५. इदानीं सुरराजस्य रूपं वक्ष्ये विशेषतः ।
सहस्रनयनं देवं मत्तवारणसंस्थितम् । । (पूर्ववत्, २६० । ६६, ६७) ।

१४६. प्रभाकरस्यप्रतिमामिदानीं श्रृणुत द्विजाः ।
रथस्थं कारयेद् देवं पद्महस्तं सुलोचनम् ॥
सप्ताश्वं चैकचक्रं च रथं तस्य प्रकल्पयेत् ।
मुकुटेन विचित्रेण पद्मगर्भसमप्रभम् ॥ (म. पु. अ., २६१ । १, २) ।

वटै अश्वलाई सर्पको डोरीले बाँधेर लगामयुक्त बनाउनुपर्छ । सूर्यदेवलाई हातमा कमल लिएर कमलमाथि वा अश्व वाहनमाथि स्थित गर्नुपर्छ ।

४.४३.अग्निको स्वरूप वर्णन

कनकको समान उद्दीप्त कान्ति भएका, अर्धचन्द्राकार आसनमा स्थित, उदयकालीन सूर्यको समान मुख भएको, यज्ञोपवीत तथा लामो दाह्रीले युक्त, बायाँ हातमा कमण्डलु र दाहिने हातमा रुद्राक्षको माला, ज्वालामण्डलले विभूषित, मस्तकमाथि वा मुखमा ७ जिह्वारूपिणी ज्वालाहरूले युक्त, वाहन बोकामाथि विराजित अग्निको प्रतिमालाई देव मन्दिर वा अग्निकुण्डको मध्यमा स्थापित गर्नुपर्छ ।[१४७]

४.४४.यमराजको प्रतिमा वर्णन

यमराजको प्रतिमालाई कालो अञ्जन रङ्गको शरीर, दण्ड र पाश धारण गरी ऐश्वर्ययुक्त विशाल महिषारूढ वा सिंहासनारूढ, प्रदीप्त अग्निको समान नेत्र भएको बनाउनुपर्छ । चारैतिर महिष, चित्रगुप्त, विकराल अनुचरवर्ग, मनोहर आकृति भएका देवताहरू तथा विकृत असुरहरूसहित यमराजको प्रतिमा बनाउनुपर्छ ।[१४८]

४.४५ निर्ऋतिको प्रतिमा वर्णन

मनुष्यमाथि आरूढ, विशालकाय, राक्षससमूहले घेरिएको र हातमा तलवार लिएको अत्यन्त नीलवर्ण (कज्जलगिरि समान) तथा पालकीमाथि सवार र पहेँला आभूषणहरूले विभूषित लोकपाल राक्षसेन्द्र निर्ऋतिको प्रतिमा बनाउनुपर्छ ।[१४९]

---

१४७. वह्नेस्तु लक्षणं वक्ष्ये सर्वकामफलप्रदम् ।
दीप्तं सुवर्णवपुषमर्धचन्द्रासने स्थितम् ॥ (पूर्ववत्, २६१ । ९) ।

१४८. तथा यमं प्रवक्ष्यामि दण्डपाशधरं विभुम् ॥ (म. पु. अ., २६१ । १२) ।

१४९. राक्षेसेन्द्रं तथा वक्ष्ये लोकपालं च नैर्ऋतम् ।
नरारूढं महाकायं रक्षोभिर्बहुभिर्वृतम् ॥ (पूर्ववत्, २६१ । १५) ।

४.४८.कुबेरको प्रतिमा वर्णन

दुई कुण्डलले अलङ्कृत, पुष्ट पेटयुक्त, विशालकाय, अष्टनिधिहरूले युक्त, धेरै गुह्यकहरूले घेरिएका, धन व्यय गर्नका लागि उद्यत हातहरूले युक्त, केयूर र हारले विभूषित, श्वेत वस्त्रधारी, वरदमुद्रा, गदा र मुकुटले विभूषित तथा पालकी माथि सवार भएको कुबेरको प्रतिमा बनाउनुपर्छ ।[१५२]

३.४९.ईशानदेवको प्रतिमा वर्णन

ईशानदेवको प्रतिमालाई कान्तियुक्त शरीर, श्वेत, तीन नेत्र, वृषभारूढ, सामर्थ्यशाली र हातमा त्रिशूल लिएको बनाउनुपर्छ ।[१५३]

४.५०.मातृकाहरूको प्रतिमा वर्णन

ब्रह्मा सदृश ४ मुख भएकी, चार भुजा युक्त, अक्षसूत्र र कमण्डलुले विभूषित, हंसारूढ ब्रह्माणीको प्रतिमा बनाउनुपर्छ ।[१५४]

जटा मुकुटले अलङ्कृत, वृषभासीन, मस्तकमाथि चन्द्रमाले विभूषित, क्रमशः ४ भुजा, कपाल, शूल, खट्वाङ्ग र वरमुद्राले सुशोभित, भगवान् महेश्वरकै अनुरूप माहेश्वरीको प्रतिमा बनाउनुपर्छ ।

श्रेष्ठ मयूरमाथि विराजित, रक्तवस्त्रले सुशोभित, शूल र शक्ति धारण गर्ने, हार र केयूरले विभूषित तथा कुखुरा लिएको कौमारीको प्रतिमा स्वामी कार्तिकेयको समान बनाउनुपर्छ ।

वैष्णवीको मूर्ति भगवान् विष्णुको समान गरुडमा आसीन, चार भुजामा क्रमशः शंख, चक्र,गदा र वरद मुद्रा धारण गरिएका बालकले युक्त सिंहासनमाथि विराजित बनाउनुपर्छ ।

वाराहीको प्रतिमालाई महिषारूढ शिरमाथि चामर झल्किदै गर्दा र चक्रयुक्त हातहरू, ठुला ठुला दानवले संनद्ध बनाउनुपर्छ ।

---

१५२. कुबेरं च प्रवक्ष्यामि कुण्डलाभ्यामलङ्कृताम्
महोदरं महाकाव्यं निध्यष्टकसमन्वितम् । (म. पु. अ., २६१ । २०) ।

१५३. तथैवेशं प्रवक्ष्यामि धवलं धवलेक्षणम् ।
त्रिशूलपाणिनं देवं त्र्यक्षं वृषगतं प्रभुम् ॥ (पूर्ववत्, २६१ । २३) ।

१५४. मातृणां लक्ष्यणं वक्ष्ये यथावदनुपूर्वशः ।
ब्रह्माणी ब्रह्मसदृशी चतुर्वक्त्रा चतुर्भुजा ॥ (पूर्ववत्, २६१ । २४) ।

इन्द्राणीको प्रतिमा पनि इन्द्रको समान वज्र, शूल, गदा धारण गरेको हात्तीमाथि विराजमान भएको धेरै नेत्रहरूले युक्त, तप्त सुवर्णको समान कान्तियुक्त र दिव्य आभरणहरूले विभूषित बनाउनुपर्छ ।

लामो जिब्रो, माथि उठेका केश, तिखो तलवार तथा हड्डीका टुक्राले विभूषित, विकराल दाह्रायुक्त मुख, दुर्बल उदर, कपाल र मुण्ड मालाले विभूषित, बायाँ हातमा रक्त र मांसपूर्ण खप्पर, दाहिने हातमा शक्ति धारण गरी गिद्ध वा कागमाथि विराजित, मांसरहित शरीर, उदर भित्र पसेको र मुख अत्यन्त भीषण, तीन नेत्र, घण्टा हातमा लिएको, व्याघ्रचर्मले सुशोभित वा निर्वस्त्र चामुण्डाको प्रतिमा बनाउनुपर्छ ।[१५५]

कपाल धारण गरेको, रक्त पुष्पको जस्तो आभरणहरूले विभूषित तथा कुचोको ध्वजाले युक्त गधामाथि विराजित कालिकाको प्रतिमा बनाउनुपर्छ । मातृकाहरूका अगाडि सर्वदा गणेशको प्रतिमा पनि राख्नुपर्छ । मातृकाहरूका अगाडि जटाधारी, हातमा वीणा र त्रिशूल लिएका वृषभारूढ भगवान् वीरेश्वरलाई पनि स्थापित गर्नुपर्छ ।

४.५१.लक्ष्मी, यक्षिणी र कामदेव प्रतिमा वर्णन

नवीन अवस्थामा स्थित, नवयौवनसम्पन्न, उन्नत कपोलले युक्त, रातो ओठ, तेर्सो आँखीभौंले युक्त, मणिनिर्मित कुण्डलहरूले विभूषित लक्ष्मीको प्रतिमा बनाउनुपर्छ ।[१५६]सुन्दर मुखमण्डल, सिँउदोमा सिन्दुर, विभूषित गराउँदै पद्म, स्वस्तिक र शंख तथा जेलिएको कपालले सुशोभित गराउँदै शरीरमा चोलो बाँधिएको, दुवै भुजाहरू हात्तीको सूँड जस्तै स्थूल, केयूर र कङ्कणले विभूषित, बायाँ हातमा कमल र दाहिने हातमा श्रीफल, कान्ति तपले स्वर्ण समान गौरवर्णको शरीरमा करधनीले विभूषित, विविध आभूषणहरूले सम्पन्न, सुन्दर फरियाले सुसज्जित बनाउनुपर्छ । पार्श्वमा चामर धारण गर्ने स्त्रीका प्रतिमाहरू निर्माण गर्नुपर्छ । पद्मसिंहासनासीन लक्ष्मीलाई दुई हात्तीको सूँढबाट कलशको धाराले लगातार स्नान गराउँदै गरेको अवस्थामा लोकेश्वर, गन्धर्वहरू र यक्षहरूले स्तुति गरिरहेको बनाउनुपर्छ ।

---

१५५. तीक्ष्णखड्गधरां तद्वत् वक्ष्ये योगेश्वरीमिमाम् ।
दीर्घजिह्वामूर्ध्वकेशीमस्थिखण्डैश्च मण्डिताम् ॥ (म. पु. अ., २६१ । ३३) ।

१५६. श्रियं देवीं प्रवक्ष्यामि नवे वयसि संस्थिताम् ।
सुयौवनां पीनगण्डां रक्तौष्ठीं कुञ्चितभ्रुवम् ॥ (पूर्ववत्, २६१ । ४०) ।

यक्षिणीको प्रतिमालाई सिद्धहरू तथा असुरहरूद्वारा सेवित बनाउनुपर्छ । दुवैतिर दुई कलश र तोरणमा देवताहरू, खड्ग र ढाल धारण गरेका दानवहरू तथा नागहरूको पनि प्रतिमा राख्नुपर्छ । नागहरूको प्राकृतिक शरीरमा नाभिभन्दा माथि मनुष्यको आकृति र शिरमाथि बराबरी देखिने दुई जिह्वासहित बहुफणाले युक्त बनाउनुपर्छ । मांसरहित, विकृत रूप र भयङ्कर पिशाच, राक्षस, भूत र बेताल जातिका प्रतिमा पनि बनाउनुपर्छ । क्षेत्रपालको प्रतिमा जटाहरूले युक्त, विकृत मुख, नग्न, श्रृगाल र कुकुरले सेवित बनाउनुपर्छ । उनको शिरलाई केशहरूले आच्छादित बनाउँदै बायाँ हातमा कपाल र दाहिने हातमा असुर विनाशिनी शक्ति भएको हुनुपर्छ ।

कामदेवको प्रतिमामा दुई भुजा एकातिर अश्वमुख, पार्श्वमा मकरध्वजको रचना गर्नुपर्छ । उनको दाहिने हातमा पुष्प बाण र बायाँ हातमा पुष्पमय धनुष बनाउँदै दाहिनेतिर भोजनका सामग्रीहरूले युक्त प्रीतिका तथा बायाँतिर रतिका प्रतिमा शय्यासन एवं सारस पक्षीले युक्त हुनुपर्छ । छेउमा वस्त्र, नगाडा तथा कामलोलुप गधाका साथै प्रतिमाको एउटा छेउमा जलले पूर्ण इनार तथा नन्दन वनसहित ऐश्वर्यशाली परम सुन्दर केही वक्र, केही विस्मययुक्त र स्मितमुख कामदेवको प्रतिमा बनाउनुपर्छ ।

४.५२.पीठिकाहरूको भेद, लक्षण र फल

पीठिकाको उचाइलाई १६ भागमा विभक्त गरी त्यसको बीचको एक भागमा पृथिवी प्रविष्ट रहन्छ । माथिको शेष ४ भागलाई 'जगती' भनिन्छ । त्यसभन्दा पनि माथिको पटल भागले घेरिएको एक भागलाई 'वृत्त' भनिन्छ । त्यसको अझ माथिको ३ भागमध्ये एक भागले कण्ठ, दोस्रो भागले कण्ठपट्ट साथै शेष भागले पट्टिका बनाइन्छ । एक एक भाग जगतीपर्यन्त एक आपसमा प्रविष्ट रहन्छ । फेरि शेष पट्टिकापर्यन्त सबैको निर्गम हुन्छ । पट्टिकामा जल निस्कनका लागि नाली बनाउनुपर्छ ।[१५७]

---

१५७. पीठिकालक्षणं वक्ष्ये यथावदनुपूर्वशः ।
पीठोच्छ्रायं यथावच्च भागान् षोडश कारयेत् ॥
भूमावेकः प्रविष्टः स्याच्चतुर्भिर्जगती मता ।
वृत्तो भागस्तथैकः स्याद् वृतः पटलमागतः ॥
भागैस्त्रिभिस्तथा कण्ठः कण्ठपट्टस्तु भागतः ।
भागाभ्यामूर्ध्वपट्टश्च शेषभागेन पट्टिका ॥
वारिनिर्गमनार्थं तु तत्र कार्यः प्रणालकः ।
पीठिकानां तु सर्वसामेतत्सामान्यलक्षणम् ॥ (म. पु. अ., २६२ । १, २, ३, ५) ।

स्थण्डिला, वापी, यक्षी, वेदी, मण्डला, पूर्णचन्द्रा, वज्रा, पद्मा, अर्धशशी र त्रिकोणा गरी पीठिकाहरू दशप्रकारका हुन्छन् । स्थण्डिला पीठिका चौकोण हुन्छ, यसमा मेखला हुँदैन । वापीलाई २ मेखलाहरूले तथा यक्षलाई ३ मेखलाहरूले युक्त बनाउनुपर्छ । आयताकार पीठिकालाई वेदी भनिन्छ । यसलाई लिङ्गको स्थापनामा प्रयोग गर्नुहुँदैन । प्रमथगणहरूका लागि प्रिय मण्डला पिठीका गोलाकार मेखलाहरूले युक्त हुन्छ । रातो वर्ण र मध्य भागमा दुई मेखला युक्त छकुने पीठिकालाई वज्रा भनिन्छ ।

मूलभागमा केही छोटा १६ कुनाहरू भएको पद्मपत्र जस्तो पीठिकालाई पद्मा भनिन्छ । धनुषको आकार पीठिकालाई अर्धचन्द्रा भनिन्छ । माथिबाट हेर्दा त्रिशूल जस्तो देखिने पूर्व र उत्तरतिर केही ढल्किएको एवं श्रेष्ठ लक्षणहरूले युक्त पीठिकालाई त्रिकोणा भनिन्छ । पीठिकाको ३ भाग परिधिको बाहिर रहेको र मूल, अग्रभाग तथा माथि यी ३ भागकै विस्तार अधिक हुन्छ । त्रिभागमा जल निस्कने सुन्दर नाली (सोमसूत्र) हुनुपर्छ । पीठिका लिङ्गको आधाभागको मोटाइको परिमाणको अथवा त्यो चौथाइ भागभन्दा कम तथा सुन्दर बनाउनुपर्छ । उत्तरतिर स्थित नाली केही अधिक प्रमाण बनाउनुपर्छ । स्थण्डिला पीठिका स्थापना गर्नाले आरोग्य तथा विपुल धनधान्यादि प्राप्ति हुन्छ । एवं क्रमले यक्षी गोदायिनी, वेदी सम्पत्तिदायिनी, मण्डला कीर्तिदायिनी, पूर्णचन्द्रिका वरदायिनी, वज्रा दीर्घायु प्रदायिनी, पद्मा सौभाग्यदायिनी, अर्धचन्द्रा पुत्रदायिनी तथा त्रिकोणा शत्रुनाशिनी हुन्छन् । देवताको पूजाको लागि १० पीठिकाहरू बताइएको छ । ढुङ्गाको प्रतिमामा ढुङ्गाको, माटोको प्रतिमामा माटाको, काष्ठको मूर्तिमा काष्ठको तथा मिश्रित धातुहरूको प्रतिमामा धातुमिश्रित भएको पीठिका राख्नुपर्छ । पीठिकाको लम्बाइ मूर्तिमा तथा लिङ्गमा बराबर राख्नु हुँदैन । जुन देवताको जो पत्नी हुन्, उनलाई त्यही पीठिकामा नै स्थापित गर्नुपर्छ । शुभ फलको कामना गर्नेले मूर्तिको द्रव्य अनुरूपकै पीठिकाको निर्माण गर्नुपर्छ ।

४.५३.शिवलिङ्गको निर्माणविधि

मन्दिरको प्रमाणअनुसार शिवलिङ्गको निर्माण गरिन्छ । शिवलिङ्गको प्रमाण अनुसार शिव मन्दिरको निर्माणलाई शुभ मान्नुपर्छ ।[१५८]

---

१५८. अथातः सम्प्रवक्ष्यामि लिङ्गलक्षणमुत्तमम् ।
सुस्निग्धं च सुवर्णं च लिङ्गं कुर्यात् विचक्षणः ॥
प्रासादस्य प्रमाणेन लिङ्गमानं विधीयते ।
लिङ्गमानेन वा विद्यात् प्रासादं शुभलक्षणम् ॥ (म. पु. अ., २६३ । १, २) ।

सर्वप्रथम चौकोण एवं समतल गर्तमा ब्रह्मसूत्र झार्नुपर्छ । ब्रह्मसूत्रको बायाँतिर अर्चा वा लिङ्गको स्थापना गर्नुपर्छ । पूर्वोत्तर या दक्षिणपूर्वतिर पूर्वद्वार बनाउनुपर्छ । ती द्वार केही दक्षिणाश्रित या ईशानमा लीन हुनुपर्छ । पूर्वद्वार माहेन्द्रद्वार नामले चिनिन्छ । प्रथमतः पूर्वद्वारलाई २१ भागमा विभक्त गरी मध्य भागमा ब्रह्मसूत्रको कल्पना गर्नुपर्छ । यसको अर्धभागलाई ३ भागमा विभक्त गरी उत्तरतर्फ तथा दक्षिणतर्फ एक एक भाग छोडेर बाँकी ब्रह्मस्थानको कल्पना गर्नुपर्छ । त्यस अर्धभागमा लिङ्गको स्थापना प्रशस्त मानिन्छ । त्यसलाई ५ भागमा विभक्त गरी त्यसको ३ भागलाई ज्येष्ठ भनिन्छ । भित्रको मानलाई ९ भागमा विभक्त गरी त्यसको पञ्चम भागलाई मध्यम भनिन्छ । गर्भको एउटामात्र भागलाई ९ भागमा विभक्त गरी त्यसमा लिंगलाई स्थापित गर्नुपर्छ । यही सोमसूत्र गर्भभागलाई ९ भागमा विभक्त गर्दा आधा भाग ज्येष्ठ, आधा भाग कनिष्ठ र अरू मध्यभाग हुन्छ । यसरी गर्भलाई ३ भागमा विभक्त गर्नुपर्छ । फेरि तिनीहरूमा ३ ज्येष्ठ, ३ मध्यम तथा ३ कनिष्ठ भेद गरी लिङ्गको जम्मा ९ भेद हुन्छ । नाभिको आधा भागलाई बराबर ८ भाग गरी, फेरि त्यसमा ३ भागलाई छोडेर चौकोण विष्कम्भ बनाउनुपर्छ । लिङ्गको मध्यभागमा ८ कोण रहनुपर्छ । तदनन्तर बचेको भागलाई २ कोणबाट लाञ्छित गर्नुपर्छ । त्यसै गरी माथिको भाग पनि ८ कोण भएको बनाउनुपर्छ । १६ कोण भएको भागलाई गोलाकारमा परिणत गर्नुपर्छ । त्यहाँ देवताको नाभिमा लम्बाइ कुण्डलीकृत माहेश्वरभागको हुन्छ । लिङ्गमा भाग ऊर्ध्व वृत्तरूपले स्थित त्रिभाग हुन्छ । त्यसको तल ब्रह्मभाग हुन्छ, जसलाई चौकोण बनाइन्छ । ८ कोणले युक्त मध्यभागलाई वैष्णवभाग भनिन्छ । यी प्रमाणहरूले निर्मित लिङ्ग समृद्धि प्रदायक हुन्छ ।

४.५४. गर्भमानको प्रमाणले बन्ने लिङ्गको वर्णन

गर्भमानको प्रमाणले निर्मित लिङ्गलाई ४ भागमा विभक्त गरी विष्कम्भको कल्पना गर्नुपर्छ । [१५९]देवायतनलाई सूत्रद्वारा नापी ३ भागमा विभक्त गर्नुपर्छ । तलको भाग ४ कोण र मध्यभाग ८ कोणले युक्त हुन्छ भने माथिल्लो भाग पूज्यभाग र नाभिभाग हुन्छ । लम्बाइको बिस्तार चौकोण प्रमाणयुक्त हुनुपर्छ । चौकोण भागलाई छोडेर ८ कोणले युक्त जुन भाग छ त्यसको पनि आधा भागलाई छोडेर वृत्ताकार बनाउनुपर्छ । लिङ्गको मंगलमय

---

१५९. गर्भमानप्रमाणेन यल्लिङ्गमुचितं भवेत् ।
चतुर्धा तद् विभज्याथ विष्कम्भं तु प्रकल्पयेत् ॥ (म. पु. अ., २६३ । १८) ।

शिरलाई मूल देशभन्दा सामुन्ने स्थापित गर्नुपर्छ । लिङ्गको तल्लो भाग धेरै चौडा भएमा पूजनीय हुँदैन । शिरको तर्फबाट सधैं निम्न, मनोहर, उत्तम लक्षणहरूले युक्त तथा सौम्य देखिने लिङ्ग समृद्धिदायक हुन्छ । मूल तथा मध्यभागमा एक समान रहेको लिङ्गले सबै मनोरथहरू पूर्ण गर्दछ । उपर्युक्त लक्षणहरूले भिन्न लिङ्गलाई असत् भनिन्छ । त्यो अपूजनीय हुन्छ । प्रमाणअनुसारको रत्न, स्फटिक, माटो अथवा शुभ काष्ठको लिङ्ग रुचि अनुकूल स्थापित गर्दा शास्त्रोक्त फलप्राप्ति हुन्छ ।

४.५५.प्रतिमा प्रतिष्ठाको प्रसङ्गमा यज्ञाङ्गरूप कुण्डादिको निर्माणविधि

फाल्गुन, चैत्र, वैशाख, ज्येष्ठ अथवा माघ महिनामा सबै देवताहरूको प्रतिमा प्रतिष्ठा शुभदायक हुन्छ । उत्तरायणको शुभकारी शुक्लपक्षको द्वितीया, तृतीया, पञ्चमी, सप्तमी, दशमी, त्रयोदशी र पूर्णिमा तिथिहरूमा विधिपूर्वक गरिएको प्रतिष्ठा धेरै फलदायी हुन्छ ।[१६०] पूर्वाषाढा, उत्तराषाढा, मूल, उत्तरफाल्गुनी, उत्तरभाद्रपदा ज्येष्ठा, श्रवण, रोहिणी, पूर्वभाद्रपदा, हस्ता, अश्विनी, रेवती, पुष्य, मृगशिरा, अनुराधा तथा स्वाति नक्षत्रहरूमा प्रतिमा प्रतिष्ठा प्रशस्त मानिएको छ ।

बुध, बृहस्पति तथा शुक्र यी तीनै ग्रह शुभकारक हुन्छन् । यी तीनै ग्रहहरूभन्दा दृष्टि लग्न तथा नक्षत्र प्रशंसनीय हुन्छ । ग्रह र ताराको बल प्राप्त गरेर ग्रहको पूजा गरेर शुभ शकुन हेरी, खराब योगहरूलाई छोडेर शुभयोगमा शुभस्थानमा क्रूरग्रह रहित शुभ लग्न एवं शुभ नक्षत्रमा प्रतिष्ठा आदि उत्तम कार्यहरू गर्नुपर्छ ।

अयन (कर्क-मकर), विषुवत् (तुला-मेष) र षडशीतिमुख (कन्या, मिथुन, धनु र मीन) संक्रान्तिहरूमा विधिपूर्वक अनुष्ठानद्वारा देवस्थापन गर्नुपर्छ । ज्ञानी मनुष्यले प्राजापत्य मुहूर्तमा शयन, श्वेतमा उत्थान तथा ब्रह्ममुहूर्तमा स्थापना गर्दछ । आफ्नो गृहको पूर्व अथवा उत्तर दिशामा मण्डप बनाउनुपर्छ । त्यसलाई १६, १२ अथवा १० हातको

---

१६०. चैत्रे वा फाल्गुने वापि ज्येष्ठे वा माधवे तथा ।
माघे वा सर्वदेवानां प्रतिष्ठा शुभदा भवेत् ॥
प्राप्य पक्षं शुभं शुक्लमतीते दक्षिणायने ।
पञ्चमी च द्वितीया च तृतीया सप्तमी तथा ॥
दशमी पौर्णमासी च तथा श्रेष्ठा त्रयोदशी ।
आसु प्रतिष्ठा विधिवत् कृता बहुफला भवेत् ॥
आषाढे द्वे तथा मूलमुत्तराद्वयमेव च ।
ज्येष्ठाश्रवणरोहिण्यः पूर्वभाद्रपदा तथा ॥. (म. पु. अ., २६४ । ३, ४, ५, ६) ।

बनाउनुपर्छ । मध्यभागको वेदी चारैतिरबाट समान ५, ७ वा ४ हात विस्तृत भएको हुनुपर्छ । चतुर्मुख मण्डपको पूर्व दिशामा पाकरीको, दक्षिणमा डुम्रीको, पश्चिममा पिपलको तथा उत्तरमा बरको तोरण हुनुपर्छ । ५ हातको तोरण भूमिमा १ हात प्रविष्ट हुन्छ । त्यसको भूतल राम्रोसँग लिपिएको, चिल्लो तथा सुन्दर, विविध वस्त्र, पुष्प र पल्लवहरूले सुशोभित गराउनुपर्छ । मण्डपको निर्माण गरी पहिले ४ द्वारमा देदीप्यमान सुवर्णको जस्तो कान्तियुक्त, आँपको पल्लवहरूले सजिएको, दुई श्वेत वस्त्रहरूले युक्त, सबै औषधीहरू एवं फलहरूले सम्पन्न तथा चन्दन मिश्रित जलले परिपूर्ण छिद्र रहित ८ कलशको स्थापना गर्नुपर्छ । स्थापित गरिएका कलशहरूमा गन्ध, पुष्प, धूप आदि पूजन सामग्रीहरूद्वारा पूजा गर्नुपर्छ, । मण्डपको चारैतिर ध्वजा आदिको स्थापना पनि गर्नुपर्छ । लोकपालहरू जस्तै पताका सबै दिशाहरूमा स्थापित गर्दै मध्य भागमा बादलको रङ्गको अथवा धेरै उठेको पताका स्थापित गर्नुपर्छ । क्रमशः लोकपालहरूको पृथक् पृथक् मन्त्रहरूद्वारा गन्ध-धूपादिले पूजा गरी तत् तत् देवका मन्त्रहरूद्वारा बलि पनि दिनुपर्छ । ब्रह्माजीका लागि माथि (पूर्वेशानमा) तथा शेष वासुकिको लागि तल (पश्चिम निर्ऋतिमा) पूजाको विधान भनिएको छ । संहिताहरूमा जुन मन्त्र जुन देवताको लागि बताइएको छ, उनकै लागि प्रयुक्त गरिए मंगलकारी मानिन्छ । त्यही मन्त्रहरूद्वारा चारैतिर लोकपालहरूको पूजा गर्नुपर्छ । तत्पश्चात् तीन रात, एक रात, पाँच रात अथवा सात रातसम्म प्रतिमाको अधिवासन गर्नुपर्छ । यसप्रकार तोरण तथा उत्तम अधिवासन गरी उक्त मण्डपको उत्तर दिशामा त्यसको आधा, तृतीयांश अथवा चतुर्थांश भागको परिमाणले उत्तम स्नानमण्डपको निर्माण गर्नुपर्छ । लिङ्ग वा मूर्ति ल्याएर कालिगढ र उसका सबै अनुचरलाई वस्त्र, आभूषण र रत्नद्वारा पूजा गर्नुपर्छ । त्यसपछि यजमानले 'अपराधहरू क्षमा गर्नुहोस्' भनी प्रार्थना गर्दै देवताप्रतिमालाई शय्यामा सुताएर नेत्रज्योति सम्पादन गर्नुपर्छ ।

४.५६.नेत्र तथा अन्य चिह्नहरूको उद्धारको प्रकार

सर्वप्रथम देवतालाई चारैतिर पहेँलो सस्यूँ, घ्यु र पायसद्वारा बलि प्रदान गर्नुपर्छ । ती देवताहरूलाई श्वेत पुष्पद्वारा अलङ्कृतगरी घृत र गुग्गुलको धूप प्रदान गर्नुपर्छ । तत्पश्चात् ब्राह्मणहरूको पूजा गरी यथाशक्ति दक्षिणा दिनुपर्छ । स्थापना गर्ने ब्राह्मणलाई

गाई, पृथिवी तथा सुवर्णको दक्षिणा दिनुपर्छ । फेरि ब्राह्मणले भक्तिपूर्वक नमो भगवते[१६१] मन्त्रद्वारा देवप्रतिमामा नेत्रको स्थापना गराउनुपर्छ ।

यो मन्त्र सबै देवताहरूको प्रतिमाको नेत्रज्योति संस्कारमा उपयोगी मानिन्छ । यस प्रकार देवेशलाई आमन्त्रित गरी सुवर्णको शलाकाद्वारा उनलाई चिह्नित गर्नुपर्छ । विद्वत् जनले आफ्नो समृद्धि तथा अमंगललाई विनाश गर्नका लागि माङ्गलिक गीत, वाद्य र ब्राह्मणहरूको वेदध्वनिले यज्ञ समारोह शोभायमान बनाउनुपर्छ ।

४.५७.लिङ्गको लक्षणोद्धार

लिङ्गलाई ३ भाग गर्नुपर्छ जसमा विभाजक लक्षण हुन्छ । ८ जौको अन्तर राखेर ३ रेखा चिह्नित गर्नुपर्छ। ती रेखाहरू मोटा, सूक्ष्म, टेढा र छिद्ररहित समानप्रकारका हुनुपर्छ। ज्येष्ठ लिङ्गमा जौको प्रमाणको रेखा अंकित गर्नुपर्छ। त्यसमाथि सूक्ष्म रेखा बनाउनुपर्छ र मध्यम लिङ्गमा स्थापित गर्नुपर्छ। फेरि ८ भाग गरी ३ भागलाई छोडेर दुवै पार्श्वहरूमा समान अन्तर राखी ७ लामा रेखाहरू चिह्नित गर्नुपर्छ। ४ भागसम्म रेखाहरू चिह्नित गरी पाँचौ भागको माथि रेखा घुमाउनुपर्छ र तदनन्तर मिलाउनुपर्छ । यहीँ पृष्ठ भागमा रेखाहरूको संगम हुनुपर्छ । यी दुई रेखाहरूको संगमस्थलमा पृष्ठदेशमा २ भाग बन्दछ ।

४.५८.पुजारी र प्रतिष्ठा गराउने ब्राह्मणका लक्षण

सम्पूर्ण शारीरिक अङ्गप्रत्यङ्गले सम्पन्न, वेदमन्त्रविशारद, पुराणहरूको मर्मज्ञ, तत्त्वदर्शी, दम्भ एवं लोभले रहित, कृष्णसार मृगले युक्त देशमा उत्पन्न, सुन्दर आकृति, नित्यशौच एवं आचारमा तत्पर, पाखण्ड समूहभन्दा पर, मित्र र शत्रुमा समानता देख्ने, ब्रह्मा, विष्णु तथा शङ्करको प्रिय, ऊहापोहार्थतत्त्वज्ञ, वास्तुशास्त्रपारंगत, विद्वान् तथा सबै दोषहरूबाट रहित व्यक्ति आचार्य हुन योग्य हुन्छ । यी लक्षणहरूसहित मूर्तिको रक्षा गर्ने पुजारी पनि सत्कुलोत्पन्न तथा मृदु स्वभावको हुनुपर्छ । ज्येष्ठ, मध्य र कनिष्ठ मूर्तिहरूको

---

१६१. ॐ नमो भगवते तुभ्यं शिवाय परमात्मने ।
हिरण्यरेतसे विष्णो विश्वरूपाय ते नमः ॥ (पूर्ववत्, २६४ । ३२) ।

प्रतिष्ठामा क्रमशः ३२, १६ र ८ वेदपारगामी ब्राह्मण मूर्तिरक्षक ऋत्विज बताइएको छ ।[१६२]

४.५९.अधिवासन विधि

प्रतिमालाई गीत तथा माङ्गलिक शब्दपूर्वक मण्डपको स्नानकक्षमा लगेर स्नान गराउनुपर्छ । स्नानविधिमा पञ्चगव्य, कषाय, मृत्तिका, भस्म, जल यी सामग्रीहरूद्वारा ४ वेद मन्त्रहरूको उच्चारण गर्दै प्रतिमा मार्जन गर्नुपर्छ । वेदका ती ४ मन्त्रहरू : '**समुद्रज्येष्ठाः सलिलस्य.**'[१६३], '**आपो दिव्याः.**'[१६४], '**यासां राजा.**'[१६५], तथा '**आपो हि ष्ठाः.**'[१६६] । यसप्रकार देवताको प्रतिमालाई स्नान गराई **गन्धद्वारान्**....[१६७] यस मन्त्रले सुगन्धित द्रव्य चन्दनादिले पूजा गरी दुई वस्त्रहरूले ढाकेर शयन गराउनुपर्छ । यो अभिवस्त्रको विधि हो ।

तदनन्तर योग्य व्यक्तिले '**उत्तिष्ठ ब्रह्मणस्पते.**[१६८]' यस मन्त्रको उच्चारण गरीप्रतिमालाई उठाएर '**आमूरजा.**'[१६९], '**रथे तिष्ठ.**[१७०], यी दुई मन्त्रहरूले रथमाथि वा ब्रह्मरथमा शिल्पीहरूद्वारा राख्न लगाएर '**आकृष्णेन**'[१७१]मन्त्रद्वारा मूर्तिलाई मन्दिरमा प्रवेश गराउनुपर्छ । शय्यामाथि कुश तथा पुष्पहरू बिछ्याई मूर्तिलाई पूर्वाभिमुख गरी बिस्तारै स्थापितगराउनुपर्छ । तदनन्तर देवताको सिरानतिर वस्त्र र सुवर्णसहित निद्राकलशलाई '**आपो देवी.**' '**आपोऽस्मान् मातरः.**[१७२]' यी मन्त्रहरू जप्दै स्थापित गर्नुपर्छ । रेसमी

---

१६२. सर्वावयवसम्पूर्णो वेदमन्त्रविशारदः ।
पुराणवेत्ता तत्त्वज्ञो दम्भलोभविवर्जितः ॥
कृष्णसारमये देशे उत्पन्नश्च शुभाकृतिः ।
शौचाचारपरो नित्यं पाषण्डकुलनिःस्पृहः ॥
समः शत्रौ च मित्रे च ब्रह्मोपेन्द्रहरप्रियः ।
ऊहापोहार्थतत्त्वज्ञो वास्तुशास्त्रस्य पारगः ॥
आचार्यस्तु भवेन्नित्यं सर्वदोषविवर्जितः ।
मूर्तिपास्तु द्विजाश्चैव कुलीना ऋजवस्तथा ॥ (पूर्ववत्, २६५ । २, ३, ४, ५) ।

१६३. ऋक्संहिता ७ । ४९ । १ ।

१६४. पूर्ववत्, ७ । ४९ । २ ।

१६५. पूर्ववत्, ७ । १ । ३ ।

१६६. वाजस.सं ११ । ५० ।

१६७. ऋग्वेदीय श्रीसूक्तम् ९ ।

१६८. वाजस.सं. ३४ । ५६ ।

१६९. पूर्ववत्, २९ । ५७ ।

१७०. पूर्ववत्, २९ । ४३ ।

१७१. पूर्ववत्, ३३ । ४५ ।

१७२. वाजस.सं. १२ । ३५ । , ४ । २ ।

कपडाद्वारा नेत्रहरूलाई ढाकेर तकिया दिनुपर्छ अथवा रेसमी वस्त्रलाई प्रतिमाको शिरको तलतिर राख्नुपर्छ । फेरि प्रतिमालाई मधु र घृतद्वारा स्नान गराएर पहेँलो सस्यूँले पुजा गरी **'आप्यायस्व.'**[१७३]तथा **'या ते रुद्र शिवा तनू'**[१७४]यी मन्त्रहरूको उच्चारणपूर्वक चारैतिरबाट चन्दन तथा पुष्पादिले देवताको पूजा गर्नुपर्छ । पुनः**'बार्हस्पत्य.'**[१७५]मन्त्रद्वारा श्वेतवर्णको सूतले बनेको काँइयो अर्पित गरी अनेक प्रकारका चित्र विचित्र रेसमी अथवा सूती वस्त्रद्वारा प्रतिमालाई पूर्णरूपमा ढाकेर वरिपरी छत्र, चामर, दर्पण आदि सामग्रीहरू राखेर पुष्पयुक्त चँदुवा स्थापित गर्नुपर्छ । विविध प्रकारले रत्न, औषधी, अन्य घरेलु वस्तुहरू, विचित्र प्रकारको पात्र शय्या, आसन आदि सामग्रीहरू आफ्नो आर्थिक शक्तिको अनुरूप **'अभि त्वा शूरं'**[१७६]यस मन्त्रको उच्चारण गर्दै राख्नुपर्छ । फेरि दूध, मधु, घृत, षड्रसले संयुक्त भक्ष्य एवं भोज्य अन्न र पायसलाई पनि चारैतिर राखेर पूजा गर्नुपर्छ अनि **'त्र्यम्बकं यजामहे.'**[१७७]यस मन्त्रले धेरै मात्रामा यज्ञभूमिमा सबैतिर घ्यूको बलि दिनुपर्छ ।

सबै दिशामा मूर्ति रक्षकहरूलाई नियुक्त गरी तथा चारै द्वारमा ४ द्वारपालहरूलाई बसाउनुपर्छ । पूर्व दिशामा बसेर बह्वृच नामक ऋत्विज्ले श्रीसूक्त, पावमानसूक्त, सुमङ्गलकारी सोमसूक्त, शान्तिकाध्याय, इन्द्रसूक्त तथा रक्षोघ्नसूक्त पाठ गर्नुपर्छ । दक्षिण दिशामा बसेर अध्वर्यु नामक ऋत्विज्ले रौद्रसूक्त, पुरुषसूक्त, शुक्रीयसहित श्लोकाध्याय तथा मण्डलाध्यायको पाठ गर्नुपर्छ । सामग नामक उद्गाता ऋत्विज्ले पश्चिम दिशामा बसेर वामदेव्य, बृहत्साम, ज्येष्ठसाम, रथन्तर, पुरुषसूक्त, शान्तिसहित रुद्रसूक्त तथा भारुण्डसामको पाठ गर्नुपर्छ । अथर्वा नामक ऋत्विज्ले उत्तरदिशामा बसेर अथर्वाङ्गिरस, नीलसूक्त, रौद्रसूक्तसहित अपराजिता तथा देवीसूक्तका सात मन्त्र र शान्तिकाध्यायको पाठ गर्नुपर्छ । देवप्रतिमाको सिरानतिर स्थापकलाई व्याहृतिपूर्वक शान्तिको तथा पौष्टिक मन्त्रहरूको उच्चारण गर्दै हवन गर्न लगाउनुपर्छ । त्यस समय पलाश, डुम्री, पीपल, अपामार्ग र शमीका एक एक हजार समिधालाई अग्निकुण्डमा मन्त्रद्वारा आहुति दिदैं गर्दा देवताको पाउ स्पर्श गरी राख्नुपर्छ । यसप्रकार नाभि, वक्षःस्थल र शिरोभागलाई स्पर्श गर्दै प्रत्येक पटक एक एक हजार आहुति प्रदान गर्ने विधि रहेको छ ।

---

१७३. पूर्ववत्, १२ । ११२ ।
१७४. पूर्ववत्, १६ । २, ४९ ।
१७५. पूर्ववत्, . १७ । ३६ ।
१७६. पूर्ववत्, . २७ । ३५
१७७. पूर्ववत्, ३ । ६० ।

एक हातले बनेको मेखला एवं योनियुक्त कुण्डमा सबै दिशाहरूमा भएका मूर्तिस्थापक गणले आदरपूर्वक हवन गर्नुपर्छ। कुण्डको योनि एक बित्ता लामो, हात्तीको ओठ वा पीपलको पात समान आकार हुनुपर्छ । आयताकार, छिद्रयुक्त, कुण्डको कलाको अनुसार दुवै भाग माथि, चौकोण र समतल हुनुपर्छ । वेदीको भित्ताभन्दा १३ अङ्गुली टाढा अन्य ९ कुण्डहरू बनाउनुर्छ । सावधान चित्तवृत्ति भएका होताहरूले शान्तिका लागि अग्निकोण, पूर्व दिशा तथा दक्षिण दिशामा उत्तरतर्फ मुख गरेर हवन गर्नुपर्छ। लोकपाल, मूर्तिहरू तथा मूर्तिहरूका अधिदेवताका लागि क्रमशः हवन गर्नुपर्छ। भूमि, अग्नि, यजमान, दिवाकर, जल, वायु, सोम तथा आकाश यी ८ भगवान् शङ्करका मूर्तिहरू हुन् । हवनको समयमा यिनीहरूलाई यज्ञकुण्डमा स्मरण गर्नुपर्छ।

४.६०.मूर्तिको नाम तथा रक्षक अधिपतिको वर्णन

सर्व वसुधाको, पशुपति वसुरेताको, उग्र यजमानको, रुद्र दिवाकरको, भव जलको, ईशान वायुको, महादेव सोमको र भीम आकाश मूर्तिका अधिष्ठाता हुन् । सबै देवताहरूको प्रतिष्ठामा यिनीहरूलाई मूर्तिपालक मानिएको छ । यिनीहरूलाई आफ्नो सम्पत्तिको अनुकूल वैदिक मन्त्रहरूद्वारा हवनीय पदार्थ अर्पण गर्नुपर्छ ।[१७८]

प्रत्येक कुण्डमाथि शान्तिघटको स्थापना गर्नुपर्छ। सय वा हजार आहुतिपछि पृथिवीमाथि समान भावले खुट्टा राखी होताले शान्तचित्त गरी सम्पूर्णाहुति गर्नुपर्छ । यी सबै आहुतिहरूको सम्पात्लाई पूर्ण कलशमा राखी त्यसकै जलले प्रतिमाको खुट्टा, मध्य एवं शिरमा सेचन गरेर त्यहाँ कल्पित देवतागणहरूलाई पनि स्नान गराउनुपर्छ। प्रत्येक प्रहरमा धूप, दीप, नैवेद्य, चन्दन आदिद्वारा पूजा गरी यही विधिले हवन पनि गर्नुपर्छ । यजमानद्वारा प्रत्येक प्रहरमा श्वेत वस्त्रद्वारा पूजा गरी दक्षिणा पनि प्रदान गर्नुपर्छ। प्रत्येक प्रहरमा यथाशक्ति अधिवासनपर्यन्त विचित्र प्रकारले बनेको सुवर्णको कङ्कण, सुवर्णको हार, औँठी, वस्त्र, शय्या र भोजन पनि दिनुपर्छ । सामान्य जीवहरूका लागि पनि सबै दिशाहरूमा तीनवटै संध्यामा बलि पनि दिनुपर्छ । पहिले ब्राह्मणहरूलाई भोजन गराई अन्य वर्णलाई

---

१७८. पृथ्वीं पाति च शर्वश्च पशुपश्चाग्निमेव च।
यजमानं तथैवोग्रो रुद्रश्चादित्यमेव च॥
भवो जलं सदा पाति वायुमीशान एव च।
महादेवस्तथा चन्द्रं भीमश्चाकाशमेव च॥
सर्वदेवप्रतिष्ठासु मूर्त्तिपा हूयेत एव च॥ (म. पु. २६५ । ४०-४२) ।

स्वेच्छाअनुसार भोजन गराउनुपर्छ । रातिको समयमा नाचगान आदि मंगल कार्यहरूद्वारा महोत्सव मनाउनुपर्छ । चतुर्थीकर्मपर्यन्त प्रयत्नपूर्वक पूजा गर्नुपर्छ । यो अधिवासन तीन रात, एक रात, पाँच रात वा सात रातसम्म हुन्छ । अत्यन्त शीघ्रता हुन्छ भने त्यहाँ शीघ्र नै गरिनुपर्छ भन्ने विधान रहेको छ ।

४.६१.प्रतिमा प्रतिष्ठाको विधि

यजमानले प्रासादअनुरूप लिङ्ग (प्रतिमा) वा लिङ्गअनुरूप प्रासादको मान मापन गर्नुपर्छ । लिङ्गस्थापना पूर्व पुष्पमिश्रित जलले मन्दिरलाई धोएर मन्त्रोच्चारण गर्दै पक्षसूत्र तथा द्वारसूत्रलाई झारेर नाप्नुपर्छ । बुद्धिमान् पुरुषले देवमण्डपको मध्यभूमिको निश्चय गर्दै केही भाग ईशान कोणतिर बढाउनुपर्छ । देवतागणले ईशान दिशामा अवस्थित भगवान् शङ्करको पूजा गर्दछन् । उत्तर दिशामा अधिष्ठित देवता आयु तथा आरोग्यरूपी फल दिने र कल्याणकारी भनिएको छ । अन्य दिशालाई अशुभकारी मानिन्छ । लिङ्गको तलकूर्म शिलाको स्थापना गर्नुपर्छ । यो ब्रह्मशिलाको अपेक्षामा ठुलो तथा भारी हुन्छ । त्यसको माथि ब्रह्मभागभन्दा ठुलो ब्रह्मशिला स्थापना हुन्छ । त्यसमाथि पूर्वोक्त परिमाण अनुसार पिण्डिकाको स्थापना गर्नुपर्छ । तत्पश्चात् पञ्चगव्यद्वारा पिण्डिकालाई धोएर पुनः पञ्चकषायको जलले मन्त्रोच्चारणपूर्वक प्रक्षालन गर्नुपर्छ । पिण्डिकाहरूमा पनि देवप्रतिमा सम्बन्धी मन्त्रको प्रयोग गर्नुपर्छ । तदुपरान्त **'उत्तिष्ठ ब्रह्मणस्पते.'**[१७९]यस मन्त्रले देवप्रतिमालाई उठाएर मण्डपको मध्यमा लगेर पुनः पीठिकामाथि स्थापित गर्नुपर्छ । त्यहाँ अर्घ्य, पाद्य र मधुपर्क आदि समर्पित गर्नुपर्छ । फेरि एक मुहूर्तसम्म विश्राम गराई त्यहाँ हीरा, मोती, वैदूर्यमणि, शंख, स्फटिक, पुंखराज, नीलम र महानील नामक रत्नहरूलाई पूर्वादि क्रमले स्थापना गर्नुपर्छ । फेरि हरिताल, शिलाजित, अञ्जन, श्याम (मरिच), कांजी, काशी, मधु र गेरु यी सबैलाई पूर्वादि क्रमले दिशाहरूमा राख्नुपर्छ । गहुँ, जौ, तिल, मुँग, नीवार (जंगली धान), साँवाँ, सस्यूँ र चामल यी सबैलाई पनि पूर्वादि क्रमले राखेर श्वेत चन्दन, रक्तचन्दन, अगर, अंजन, उशिर, विष्णुक्रान्ता, सहदेवी तथा लक्ष्मणा यी वस्तुहरूलाई पूर्वादि क्रमले सबै दिशामा क्रमशः राखी ओंमकार पूर्वक लोकपालरूको पनि स्थापना गर्नुपर्छ । फेरि सबै प्रकारका बीज, धातुहरू, रत्न, औषधीहरू, सुवर्ण, पद्मराग, पारद, पद्म, कूर्म, पृथिवी तथा वृषभ यिनीहरूलाई पनि पूर्वादि दिशाहरूमा क्रमसँग स्थापित गर्नुपर्छ ।

---

१७९. शु. वे., ३४ । ५६ ।

ब्रह्माको स्थानमा सबै वस्तुहरूलाई परस्पर एकत्र गरेर राख्नुपर्छ । सुवर्ण, मुँगा, तामा, काँस, पित्तल, चाँदी, निर्मल पुष्प र लौह यी सबैलाई पनि क्रमले राख्नुपर्छ । यी सबै वस्तुहरूको अभावमा सुवर्ण र हरितालललाई पनि राख्न सकिन्छ । बीज र औषधीको स्थानमा सहदेवी र जौ राख्न सकिन्छ । पूर्व दिशाका अधिपति वज्रधारी महापराक्रमी इन्द्र हुन् । अग्निकोणका अधिपति रक्तवर्ण अग्निदेव दक्षिण दिशाका स्वामी धर्मको साक्षी यमराज, नैर्ऋत्य कोणका स्वामी राक्षसाधिपति कृष्णवर्णले युक्त निर्ऋति, पश्चिमका स्वामी पाशधारी, विजेता स्वरूप श्वेतवर्णका वरुणदेव, वायव्य कोणका स्वामी ध्वजाधारी वायुदेवता, उत्तरका स्वामी सौम्य आकृतिले युक्त सोमदेव, ईशान कोणका स्वामी समस्त विद्याहरूका अधिपति शूलधारी ईशान (महादेव),ऊर्ध्व दिशाका स्वामी वेदरूपी वस्त्रले शुशोभित, पद्मयोनि ब्रह्मा र अधोदेशाधिपति अनन्तरूप शेष हुन् । यिनीहरूलाई नमस्कार गर्दै न्याससहित मन्त्रपूर्वक ॐकार उच्चारण गरेर बलि दिनुपर्छ । घृतले अनुलिप्त गर्तलाई श्वेत वस्त्रद्वारा यत्नपूर्वक माथिबाट आच्छादित गर्नुपर्छ । तदनन्तर देवेशलाई उठाएर सुन्दर इष्ट देशमा **'ध्रुवा द्यौः' (आथर्वण)** यस मन्त्रको उच्चारण गर्दै गर्तमाथि स्थापित गर्नुपर्छ । फेरि त्यसलाई स्थिर गरेर त्यसको मस्तकमाथि हात राखेर आफूलाई नाना प्रकारका आभूषणहरूले विभूषित परब्रह्मलाई अंश मानेर परम सद्भावपूर्वक निष्फल देवदेवश्वरको ध्यान गरेर सोमयुक्त तथा रुद्रसूक्तको पाठ गर्नुपर्छ । ध्यानको समय जुन देवताको जस्तो स्वरूप हो, उनलाई स्मरण गर्नुपर्छ । रुद्रको स्थापनामा रौद्र मन्त्रहरूको, विष्णुको स्थापनामा वैष्णव मन्त्रहरूको, ब्रह्माको स्थापनामा ब्रह्मका मन्त्रहरू तथा सूर्यको स्थापनामा सूर्यदेवताको मन्त्रहरूको जप गर्नुपर्छ । यसप्रकार अन्य देवताहरूको स्थापनामा तत् तत् मन्त्रको जप गर्नुपर्छ । वेदमन्त्रोच्चारण पूर्वक गरिएको प्रतिष्ठा आनन्ददायी हुन्छ । [१८०]

जुन देवताको स्थापना गरिन्छ, त्यसैलाई प्रधान मान्नुपर्छ । त्यसको वरिपरि स्थित अन्य देवताहरूलाई परिकर रूपमा सम्झनुपर्छ । गण, नन्दिकेश्वर, महाकाल, वृषभ, भृङ्गिरिटि, स्वामी कार्तिक, देवी, विनायक, विष्णु, ब्रह्मा, रुद्र, इन्द्र, जयन्त, लोकपाल, अप्सराहरूको समूह, गन्धर्वहरूको समूह र गुह्यकहरूलाई शिवको अथवा जुन देवता जुन स्थानमा स्थापित गरिएको हुन्छ, त्यसैको वरिपरि नै स्थापित गर्नुपर्छ ।

---

१८०. देवमन्त्रांस्तथा रौद्रान् रुद्रस्य स्थापने जपेत् ।
विष्णोस्तु वैष्णवांस्तद्वद् ब्राह्मान् वै ब्रह्मणो बुधः ॥
सौराः सूर्यस्य जप्तव्यास्तथान्येषु तदाश्रयाः ।
वेदमन्त्रप्रतिष्ठा तु यस्मादानन्ददायिनी ॥ (म. पु. अ. २६६ । ३९, ४०) ।

यत्नपूर्वक रुद्रको आवाहन गरी **ॐ नमः स्वागतं भगवते नमः, ॐ नमः सोमाय सगणाय सपरिवाराय प्रतिगृह्णातु भगवन् मन्त्रपूतमिदं सर्वमर्घ्यं पाद्यमाचमनीयमासनं ब्रह्माणाभिहितं नमो नमः स्वाहा ।** 'यस मन्त्रले पूजा गर्नुपर्छ । ' तदनन्तर पुण्याहवाचन एवं प्रचुर वेदध्वनिको साथ मूर्तिलाई दहि, दुध, घृत, मधु र शख्खरले स्नान गराएर पुनः पुष्प एवं सुगन्धमिश्रित जलले स्नान गराउनुपर्छ। त्यस समय भगवान् शिवको ध्यान गर्दै निम्न मन्त्रहरूको उच्चारण गर्नुपर्छ। मन्त्र **'यज्जाग्रतो दूरमुदेति,'येनेदं भूतम्.'**[१८१]**.,'सहस्त्रशीर्षा पुरुषः 'पुरुष एवेदं सर्वम्'- 'त्रिपादूर्ध्वम्-' 'ततो विराडजायत.'', 'अभि त्वा शूर नो नुम',**[१८२]**, 'नत्वा वाँ अन्य.-**[१८३]**'** । प्रतिष्ठासम्बन्धी कार्यहरूमा उपर्युक्त सबै मन्त्रहरूको बारम्बार जप गरेर ४ पटक जलले प्रतिमाको मुलभाग, मध्यभाग तथा शिरोभाग स्पर्श गरी देवताको प्रतिमा स्थापित गर्नुपर्छ । त्यसपछि यजमानले मूर्तिको प्रतिष्ठा गर्ने आचार्यको वस्त्र, अलङ्कार एवं आभूषणहरूसहित पूजा गर्नुपर्छ। दीन, अन्धो, कृपण तथा अन्य जो कोई त्यहाँ उपस्थित हुन्छन् तिनीहरूलाई पनि सन्तुष्ट गर्नुपर्छ। तदनन्तर प्रथम दिन मधुले प्रतिमाको लेपन गर्नु, दोस्रो दिन बेसार तथा सस्यूँले, तेस्रो दिन चन्दनले, चौथो दिन मैनशिल तथा प्रियङ्गुले लेपन गर्नुपर्छ। यो लेप सौभाग्य र मंगलदायक, व्याधिनाशक तथा मनुष्यहरूका लागि परम प्रीतिकारक हुन्छ । यसैप्रकार पाचौं दिन कालो अंजन र तिल, छैठौं दिन घृतसहित चन्दन एवं पद्मकेशर, सातौं दिन रोचना, अगुरु तथा पुष्प लेपन गर्नुपर्छ । जुन मूर्तिको स्थापनाले तुरुन्त नै अधिवासन हुन्छ, त्यहाँ यी सबैलाई एक साथ नै निवेदन गर्नुपर्छ । अवस्थित प्रतिमालाई आफ्नो स्थानबाट विचलित गर्नु हुँदैन, अन्यथा दोषभागी हुनुपर्छ । छिद्रहरूलाई बालुवाले भर्नुपर्छ । स्थापनापछि जुन लोकपालको दिशातिर आफ्नो आफ्नो झुकाब हुन्छ, त्यस लोकपालका लागि शान्ति गराई क्रमशः ब्राह्मणहरूलाई दक्षिणाका रूपमा यी वस्तु दिनुपर्छ । इन्द्रका लागि हात्ती, थोरै सम्पत्ति भए सुवर्ण, अग्निका लागि सुवर्ण, यमराजका लागि महिष, राक्षसराज निर्ऋतिका लागि बोका तथा सुवर्ण, वरुणका लागि मोतिहरू, वायुका लागि दुई वस्त्रसहित पित्तलको दक्षिणा, चन्द्रमाका लागि गाई र शिवका लागि चाँदी निर्मित वृषभको दक्षिणा दिनु पर्छ । जुन जुन दिशामा संचालन हुन्छ, त्यस त्यस दिशामा शान्ति गर्नुपर्छ, अन्यथा कुलविनाशक भयङ्कर

---

१८१. वाजस. सं.३४ । १, ४
१८२. पूर्ववत्, ३१ । १, २, ४, ५ र २७ । ३५
१८३. पूर्ववत्, २७ । ३६

भय उत्पन्न हुन्छ । अतः प्रतिमालाई बालुवाले भरेर अचल गरिदिनुपर्छ । उक्त पुण्य दिनमा अन्न तथा वस्त्रदान गर्नुपर्छ । साथै पुण्याहवाचन, जय जयकार एवं माङ्गलिक शब्दहरू उच्चारण गराउनुपर्छ । यो महोत्सव तीन, पाँच, सात वा दश दिनसम्म हुनुपर्छ । प्रतिष्ठाको चौथो दिन महास्नान तथा चतुर्थीकर्म गराउनुपर्छ । त्यस अवसरमा पनि अत्यन्त भक्तिपूर्वक पर्याप्त दक्षिणा दिनुपर्छ ।

४.६२.प्रतिमा प्रतिष्ठाको अङ्गभूत अभिषेक स्नानको निरूपण

दधि, अक्षता, कुशको अग्रभाग, दुध, दुबो, मह, यव र सस्यूँ यी ८ वस्तुहरू तथा फलहरूलाई मिलाउँदा अर्घ बन्दछ । हात्तीसार, तबेला, चौबाटो, धमिराको गोलाको, बदेलद्वारा खनेको, अग्निकुण्ड, तीर्थ एवं गौशालाको माटो मन्त्रवेत्ता ब्राह्मण **'उद्धृतासि वराहेण'**[१८४]आदि मन्त्रको उच्चारण गर्दै कलशमा राख्नुपर्छ । त्यसपछि **'शं नो देवी.'**[१८५], **'आपो हि ष्ठा**[१८६]**.'** यी दुई मन्त्रहरूलाई उच्चारण गरी जल छर्किनुपर्छ । गायत्रीमन्त्रको उच्चारण गर्दै त्यस घडामा गोमूत्र, फेरि **'गन्धद्वारां.'**[१८७]यस मन्त्रले गोबर, **'आप्यायस्व.'**[१८८]मन्त्रले दुध, **'दधिक्राव्णः.'**[१८९]मन्त्रले दही र **'तेजोऽसि.'**[१९०]मन्त्रले घृत, **'देवस्य त्वा सवितुः.'**[१९१]ले जल छर्केर सबैलाई मिसाई कुशद्वारा चलाउँदा पञ्चगव्य निर्माण हुन्छ । यस पञ्चगव्यद्वारा प्रतिमाको स्नान गराउनुपर्छ ।[१९२]त्यसपछि शुद्ध दहिले **'दधिक्राव्णः.**[१९३]'यस मन्त्रले अभिषेक संस्कार गर्नुपर्छ । फेरि **'आप्यायस्व.'**[१९४]यस मन्त्रको

---

१८४. तै. आर. ।
१८५. वाजस.सं. ३६ । १० ।
१८६. पूर्ववत्, ११ । ५० ।
१८७. ऋक्परि.श्रीसूक्त.८ ।
१८८. वाजस.सं. १२ । १४४ ।
१८९. पूर्ववत्, २३ । ३२ ।
१९०. पूर्ववत्, २२ । १ ।
१९१. पूर्ववत्, १ । १९ ।
१९२. सावित्र्याऽऽदाय गोमुत्रं गन्धद्वारेति गोमयम् ।
आप्यायस्वेति च क्षीरं दधिक्राव्णेति वै दधि ॥
तेजोऽसीति घृतं तद्वद् देवस्य त्वेति चोदकम् ।
कुशमिश्रं क्षिपेद् विद्वान् पञ्चगव्यं भवेत् ततः ॥ (म. पु. २६७ । ५, ६) ।
१९३. वाजस.सं. २३ । ३२ ।
१९४. पूर्ववत्, १२ । १४४ ।

उच्चारण गरी दुग्धले, **'तेजोऽसि शुक्र.'**[१९५]यस मन्त्रद्वारा घृतले, **'मधुवाता.'** [१९६] यस मन्त्रद्वारा मधुले तथा पुष्पमिश्रित जलले र **'सरस्वत्यै.'**[१९७]यस मन्त्रको उच्चारण गरी औषधीहरूले प्रतिमाको संस्कार गर्नुपर्छ । फेरि **'हिरण्याक्ष**[१९८]**.'** यस मन्त्रले रत्नमिश्रित जलले, **'देवस्य त्वा.'**[१९९]यस मन्त्रको उच्चारण गरी कुशोदकले तथा **'अग्न आयाहि.'**[२००] यस मन्त्रको उच्चारणगरी प्रतिमालाई स्नान गराउनुपर्छ ।

यसपछि गायत्री मन्त्रद्वारा सुगन्धित जलले अभिमन्त्रित गरिन्छ । फेरि एक हजार, पाँचसय, त्यसको आधा अढाईसय, एकसय पच्चीस, एकसय, चौंसठी, बत्तीस, सोह्र, आठ तथा चार कलशहरू मध्ये आफ्नो सामर्थ्य अनुसार वित्तशाठ्य नगरी स्नान क्रिया सम्पन्न गरिन्छ । यी कलश यथाशक्ति सुवर्ण, चाँदी, तामा, पीतल, काँस वा माटोले बनेको हुनुपर्छ । सहदेवी, वचा (बोभो), व्याघ्री, बला, अतिबला, शंखपुष्पी, सिंही र सुवर्चला यी महौषधीहरू हुन्, यिनलाई महास्नानको समय प्रयोग गर्नुपर्छ । जौ, गहुँ, नीवार (जंगली धान),तिल, साँवा, धान, प्रियङ्गु (कागुनो) तथा चामल यी अन्न पनि स्नानकार्यमा उपयोगी मानिएको छ । स्वस्तिक, पद्म, शंख, उत्पल, कमल, श्रीवत्स, दर्पण र नन्द्यावर्त यी ८ चित्रहरूको गोबर र शुद्ध माटोले कलापूर्ण रचना गर्नुपर्छ । ५ प्रकारको रंग, ५ प्रकारका चूर्ण, दुबो र कालो तिलले कलशहरू भर्नु पर्छ । तत्पश्चात् आरतीको विधिले निराजन गरी गङ्गाजलले मन्त्रपूवर्वक आचमन गराउनुपर्छ । देवनिर्मित सूत्रद्वारा बनेको युगल वस्त्रलाई मन्त्रको उच्चारण गर्दै श्रद्धापूर्वक समर्पित गर्नुपर्छ । यसपछि हातमा कुश लिएर प्रयत्नपूर्वक गन्धसमर्पण मन्त्रोच्चारण गरी कपूर र केसरमिश्रित चन्दन लगाइदिनुपर्छ । दीप समर्पण मन्त्रोच्चारण गरी ४० दीप प्रदान तथा प्रदक्षिणा पनि गर्नुपर्छ । वनस्पतिहरूको अति उत्तम रस, दिव्य गन्धयुक्त धूप मन्त्रोच्चारणसहित अर्पण गर्नुपर्छ । त्यसपछि समन्त्रक बहुमुल्य आभूषणहरू अर्पण गर्नुपर्छ । यसप्रकार ७ रातसम्म महोत्सव गरी श्वेत वस्त्रधारी यजमानलाई पञ्चरत्नयुक्त तथा श्वेतवस्त्रले परिवेष्टित ४, ८, २ अथवा

---

१९५. पूर्ववत्, २२ । १ ।
१९६. पूर्ववत्, १३ । २७ ।
१९७. पूर्ववत्, १९ । ९४ ।
१९८. ऋक्संहिता मण्डल १ सूक्त ३५ ।
१९९. वाजस.सं. १ । १० ।
२००. साम सं. १ । १ ।

एक देवकुम्भकको जलले **'देवस्य त्वा.'**[२०१] यस मन्त्रले वा आथर्वण तथा साममन्त्रहरूले वा नवग्रह यज्ञहरूमा अभिषेकको समय प्रयुक्त हुने मन्त्रहरूले अभिषेक गर्नुपर्छ । यजमानले पुनः स्नानगरी देवताहरूको पूजा गरिसकेपछि स्थापना गर्ने आचार्यको पूजा वस्त्र, अलङ्कार एवं आभूषणहरूद्वारा गर्नुपर्छ । सबै यज्ञपात्रहरू, मण्डपको सामग्रीहरू तथा मण्डपमा अन्य जे पनि दातव्य वस्तुहरू हुन्छन्, सबै आचार्यलाई दिनुपर्छ । आचार्य प्रसन्न भएमात्र देवगण प्रसन्न हुन्छन् । देवप्रतिमाको स्थापना कार्यलाई शीलरहित, दम्भी र पाखंडीद्वारा गराउनु हुन्न । सदा श्रुतिपारगामी एवं गृहस्थाश्रममा रहने ब्राह्मणद्वारा नै गर्नु उचित हुन्छ । वैदिक ब्राह्मणहरूद्वारा गराइएको स्थापनाले देवप्रतिमा कुलकल्याणकारक हुनुका साथै कालान्तरसम्म सम्मानित रहन्छ ।

४.६३.वास्तु शान्तिविधि

वास्तु परीक्षापछि दोष भेटिए बलिकर्म तथा समिधाहरूद्वारा वास्तुको शान्ति गर्नुपर्छ । जीर्ण प्रासादको उद्धार, वाटिकाको आरोपण, नूतन गृहमा प्रवेश, नवीन प्रासाद अथवा भवननिर्माण, प्रासाद परिवर्तन, प्रासाद तथा गृहहरूमा द्वारको रचना आदि सबै अवसरमा वास्तुको शान्तिपूजन गर्नुपर्छ । यसको लागि वास्तुको मध्यभागको पृष्ठप्रदेशमा ८१ पद भएको चक्र बनाउनुपर्छ ।[२०२]

३ मेखलाहरूले युक्त एक हात गहिरो तथा चौडाइ कुण्डमा जौं, कालो तिल तथा दुध, वर, पाकड, पीपल, डुम्री, आदि वृक्षहरूका समिधाहरूद्वारा हवन गराउनुपर्छ । हवनमा मधु र घृतले संयुक्त पलाश, खयरका समिधाहरू, मधु घृत संयुक्त कुश र दूर्वा अथवा ५ बिल्वफल वा त्यसका बीजहरूको उपयोग गर्नुपर्छ । हवनको अन्तिममा विविध भक्ष्य सामग्रीहरूद्वारा वास्तुप्रदेशमा क्रमशः बलि तथा विशेष नैवेद्य पनि दिनुपर्छ । ईशान कोणमा घृतले संयुक्त नैवेद्य शिखिको लागि समर्पित गर्नुपर्छ । पर्जन्यका लागि फल घृतसंयुक्त ओदन तथा जयका लागि पहेँलो ध्वजा र पिठोबाट बनेको कूर्म दिनुपर्छ । इन्द्रका लागि पञ्चरत्न र पिठोबाट बनेको वज्र तथा सूर्यका लागि धूम्रवर्णको वितान (चदुँवा) र सातु दिनुपर्छ । सत्यका लागि घ्यू र गहुँ, भृशका लागि अन्न, अन्तरिक्षका लागि पुरी,

---

२०१. वाजस.सं. १ । १० ।
२०२. वास्तुपशमनं कुर्याद् पूर्वमेव विचक्षणः ।
एकाशीतिपदं लिख्य वास्तुमध्ये च पृष्ठतः ॥ (म. पु. २६८ । ५) ।

वायुका लागि सातु र पुषाका लागि लावा, वितथका लागि चना र ओदन (भात),बृहत्क्षत्रका लागि मधु र अन्न, यमका लागि फलको गुदी र ओदन गन्धर्वका लागि सुगन्ध र ओदन, भृङ्गराजका लागि भृङ्गिका, मृगलाई जौ को सातु र पितृहरूलाई खिचडी, दौवारिकलाई दन्तकाष्ठ र पिठोको कृष्ण बलि, सुग्रीवलाई पूवा, पुष्पदन्तलाई पायस, वरुणलाई कुश समूहले संयुक्त पद्म र सुवर्णमय पिठो, असुरलाई मदिरा, शेषलाई घृत संयुक्त ओदन, पापयक्ष्मालाई जौको अन्न, रोगलाई घ्यूले बनेको लड्डु, नागलाई पुष्प र फल, मुख्य (वासुकी) लाई घ्यु, भल्लाटलाई मुँग र ओदन, सोमका लागि घृत र खीर, भगका लागि साँठीको चामलको पिठो, अदितिका लागि पातलो रोटी (पोलिका) र दितिका लागि पुरीको बलि दिनुपर्छ । यो वास्तुको बाहिरी भागलाई बलि हुन्छ । यमलाई दुध, आपवत्सलाई दही, सावित्रीलाई लड्डु तथा मरीचको साथ कुशमिश्रित ओदन, सवितालाई गुड्मिश्रित पूवा, जयलाई घ्यू र चन्दन, विवस्वानलाई रक्तचन्दन र खीर, इन्द्रलाई घृतसमेत हरितालयुक्त ओदन, मित्रलाई घृत मिश्रित ओदन, रुद्रलाई घृत र खीर, राजयक्ष्माका लागि पाकेको तथा काँचो फलको गुदा, पृथिवीधरलाई मांसखण्ड र कुष्माण्ड (कुभिण्डो),अर्यमाको लागि सखर र पायस, पञ्चगव्य, जौ, तिल, अक्षता तथा चरु र ब्रह्माको लागि विविध प्रकारको भक्ष्य-भोज्य पदार्थ दिनुपर्छ । यसप्रकार पूजित देवगण सर्वदा शान्ति प्रदान गर्दछन् । अन्य उपस्थित ब्राह्मणहरूका लागि सुवर्णको तथा ब्रह्मास्थानीय ब्राह्मणलाई दूध दिने गाईदान दिनुपर्छ । राक्षसीहरूका लागि जुन प्रकारको बलि बताइएको छ त्यही प्रकारको दिनुपर्छ । फलको गुदायुक्त ओदन, घृत, पद्मकेसर यिनलाई ईशान कोणतर्फ चरकी नामको राक्षसीलाई निवेदन गर्नुपर्छ। फलगुद मिश्रित ओदन तथा हरिद्रायुक्त ओदन यिनमा अग्निकोणतिर विदारी नाम्नी राक्षसीको लागि निवेदित गर्नुपर्छ। दही, ओदन, हड्डीहरूको टुक्रा तथा पहेंलो र रातो रंगको बलि राक्षससहित तथा पहेंलो र रातो रंगको बलि राक्षससहित पूतना नामकी राक्षसीलाई नैर्ऋत्य कोणमा दिनुपर्छ । वायव्य कोणमा पापानामकी राक्षसीको लागि खीर दिनुपर्छ । बलि दिने समयमा क्रमशः सर्वत्र आदिमा प्रणव र अन्तमा नमस्कारसहित आफ्नो नामको उच्चारण गर्नुपर्छ । यसपछि यजमानले सर्वौषधियुक्त जलले स्नान गर्नुपर्छ ।

यजमानले भक्तिपूर्वक आफ्नो गृहमा आएका ब्राह्मणको पूजा गर्नुपर्छ । यसप्रकार वास्तुको शान्ति गरिसकेपछि गृहनिर्माण कार्य प्रारम्भ गर्नुपर्छ । प्रासाद, भवन, उद्यानको प्रारम्भ गरिरहेको समय अथवा अन्यको उद्यापनको समय तथा पुर वा गृहमा प्रवेश गर्दै

गरेको समय सबै दोषहरूको विनाशार्थ रक्षोघ्न र पावमान सूक्तहरूको पाठ गराइसकेपछि नृत्य, माङ्गलिक गीत र वाद्यहरूको साथ ब्राह्मणहरूद्वारा वेदपाठ गराउनुपर्छ । सुखी जीवनका लागि प्रतिवर्ष वास्तुशान्तिका उपयुक्त विधि पालन गर्नुपर्छ ।

४.६४.प्रासाद (देव मन्दिर)हरूको भेद र निर्माणको विधि

बलि दिइसकेपछि वास्तु (मन्दिर) लाई १६ भागमा विभक्त गर्नुपर्छ, त्यसको मध्य भागको ४ भागलाई केन्द्र मानेर मध्यभागतिर शेष १२ भागहरूमा प्रासादको कल्पना गर्नुपर्छ ।[२०३]

भित्ताको उचाइ वास्तुमानको चौथाइको तुल्य हुनुपर्छ र भित्ताको उचाइको प्रमाणभन्दा दुई गुणा शिखरको उचाइ हुनुपर्छ ।[२०४] शिखरको उचाइको चौथाइ मानले प्रदक्षिणा बनाउनुपर्छ । मण्डपको अग्रभागको विस्तार गर्भको मानभन्दा दुई गुणाको हुनुपर्छ । यसको लम्बाइ ३ भागहरूले युक्त हुनुपर्छ । भद्रयुक्त तथा सुन्दर बनाउनुपर्छ । गर्भमानलाई ५ भागमा विभक्त गरी १ भागमा प्राग्ग्रीवको कल्पना गर्नुपर्छ । गर्भसूत्रको समान अगाडि मुखमण्डपको रचना गर्नुपर्छ । लिङ्ग पूजाको लागि उपयोगी पीठिका तयार गर्दा पीठिकाको अर्धभागलाई विभक्त गरी उक्त अर्धांश मानमा त्यसको भित्ताको रचना गर्नुपर्छ एवं बाहरी भित्ताको प्रमाणको अनुसार त्यसको उचाइ राख्नुपर्छ । भित्ताको उचाइभन्दा दुई गुणा शिखरको उचाइ हुनुपर्छ । शिखरको चतुर्थ भागको प्रदक्षिणा बनाउनुपर्छ । प्रदक्षिणाको आधा भागमा अगाडितिर मुखमण्डप बनाउनुपर्छ । गर्भमानको अनुसार प्रासादभन्दा बाहिर निक्लेको दुई कपोलहरूको रचना गर्नुपर्छ । त्यसको भित्ताको माथि मञ्जरीको कल्पना गर्नुपर्छ । मञ्जरीको अर्धभागमा शुकनासा, माथितिरको आधा भागमा वेदीको रचना गर्नुपर्छ । वेदीको माथि जुन भाग शेष रहन्छ, त्यसलाई कण्ठ र अमलसारक भनिन्छ ।

अन्य प्रासादको निर्माणमा गर्भमान अनुसार प्रासादलाई ९ भागमा विभक्त गरी गर्भको मध्यमा लिङ्गपीठिका स्थापित गर्नुपर्छ र त्यसको छेउछाउँमा रुचि र पादाष्टकको

---

२०३. एवं वास्तुबलिं कृत्वा भजेत् षोडशभागिकम् ।
तस्य मध्ये चतुर्भिस्तु भागैर्गर्भं तु कारयेत् ॥ (म.पु. अ., २६९ । १) ।

२०४. चतुर्भागेन भित्तीनामुच्छ्रायः स्यात् प्रमाणतः ।
द्विगुणः शिखरोच्छ्रायो भित्त्युच्छ्रायप्रमाणतः ॥ (पूर्ववत्, २६९ । ३) ।

रचना गर्नुपर्छ ।[२०५] त्यसैको मानअनुसार भित्ताको विस्तार गर्नुपर्छ । त्यस पादलाई ५ ले गुणा गरेपछि जुन गुणनफल हुन्छ, त्यही भित्ताको र त्यसको दुई गुणा शिखरको उचाइ हुन्छ । शिखरलाई ४ भागमा विभक्त गरी आधा दुई भागहरूमा शुकनासा बनाउनुपर्छ, तेस्रो भागमा वेदिका मानिएको छ तथा चतुर्थभागमा कण्ठ र अमलसारको रचना गर्नुपर्छ । यस प्रासादमा कपोलहरूको मान दुई गुणा मानिन्छ । मनोहर पातहरू, लताहरू तथा अण्डकसमान विभूषित तेस्रो प्रकारको प्रासाद हो ।

साधारण प्रासादमा त्यसको क्षेत्रलाई ३ भागमा विभक्त गरी त्यसै परिमाणमा बाहिरतिर निक्लेको रथाङ्ग बनाउनुपर्छ ।[२०६] प्रासादको चारैतिर चतुर्थ भागमा विस्तृत नेमी बनाउनुपर्छ । मध्यभागलाई त्यसको दोब्बर बनाउनुपर्छ, त्यही नै त्यसको मान हुन्छ र भित्ताको पनि । शिखरको उचाइ त्यसको दुई गुणा मानिन्छ । त्यस प्रासादको प्राग्ग्रीव पाँचौ भागमा हुनुपर्छ । यसलाई त्यसको निष्कास भनिन्छ । त्यसै प्रकारको ३ भागमा छिद्रयुक्त बनाउनुपर्छ । प्राग्ग्रीवलाई ५ भागहरूमा विशेषत निष्कासले बनाउनुपर्छ अथवा कर्णमूलभन्दा ५ भागहरूमा प्राग्ग्रीवाको कल्पना गर्नुपर्छ । त्यहाँ द्वारमूलबाट गर्भान्तसम्म कनकको स्थापना गर्नुपर्छ । यसप्रकार यसलाई जेष्ठ, मध्यम र कनिष्ठ गरी ३ प्रकारहरू बनाउनुपर्छ । त्यो चाहे लिङ्गको परिमाण भेद होस् वा रूप भेद होस् । यी प्रासादहरूको निर्माणको विधि हुन्छ । मेरु, मन्दिर, कैलास, कुम्भ, सिंह, मृग, विमान, छन्दक, चतुरस्र, अष्टास्र, षोडशास्र, वर्तुल, सर्वभद्रक, सिंहास्य, नन्दन, नन्दिवर्धन, हंस, वृष, सुवर्णेश, पद्मक र समुद्गक गरी २१ प्रकारका प्रासादका नामहरू बताइएको छ ।

सय शृङ्ग तथा ४ द्वार, १६ खण्डहरूमा उच्च, अनेक विचित्र शिखरहरूले युक्त प्रासादलाई 'मेरु'[२०७], १२ खण्डमा निर्मितलाई मन्दिर, ९ खण्डमा निर्मितलाई कैलास, ८ खण्डमा अनेक शिखर मुखले युक्त निर्मितलाई विमान र छन्दक, ७ खण्डमा निर्मितलाई नन्दिवर्धन, विविध रूपले सुशोभित र अनेक शिखरहरूले संबलित १६ तले प्रासादलाई सर्वतोभद्र भनिन्छ । यसलाई चित्रशालाले संयुक्त तथा ५ खण्ड मान्नुपर्छ । प्रासादको

---

२०५. गर्भमानप्रमाणेन प्रासादं शृणुत द्विजाः ।
विभज्य नवधा गर्भं मध्ये स्याल्लिङ्गपीठिका ॥ (म.पु. अ., २६९ । १५) ।

२०६. सामान्यमपरं तद्वत् प्रासादं शृणुत द्विजाः ।
त्रिभेदं कारयेत् क्षेत्रं यत्र तिष्ठन्ति देवताः ॥ (पूर्ववत्, २६९ । २१) ।

२०७. शतशृङ्गश्चतुर्द्वारो भूमिकाषोडशोच्छ्रितः ।
नानाविचित्रशिखरो मेरुः प्रासाद उच्यते ॥ (पूर्ववत्, २६९ । ३१) ।

बलभी (बुर्ज) तथा छन्दकलाई पनि त्यसैप्रकार अनेक शिखरहरू र मुखहरूले युक्त बनाउनुपर्छ । उचाइमा वृषभको समान तथा मण्डलमा बिना तला सिंहप्रासादको सिंहको आकृतिको तथा गजको गजसमान नै मान्नुपर्छ । कुम्भ आकृतिमा कुम्भको जस्तै उँचाईमा ९ खण्डको हुन्छ । जसको स्थिति अङ्गुलीपुटको जस्तै ५ अण्डहरूले विभूषित र चारैतिरबाट १६ तला भएको प्रासादलाई समुद्‌गक भनिन्छ । यसको दुवै पार्श्वमा चन्द्रशालाहरू र उचाइ दुई खण्डहरूले युक्त हुन्छ । त्यसैप्रकारको बनावट पद्मकको पनि हुनुपर्छ, केवल उचाइमा यो तीन खण्डको हुन्छ। यसलाई विचित्र शिखरहरूले युक्त, शुभदायक र १६ तला जान्नुपर्छ । चन्द्रशालाले विभूषित, प्राग्ग्रीवाले युक्त र छ खण्ड उचाइको प्रासादलाई मृगराज प्रासाद भनिन्छ । अनेक चन्द्रशालाहरूले युक्त प्रासादलाई गज भनिन्छ ।

पछाडितिर धरै फैलिएको, तीन चन्द्रशालाहरूले विभूषित र ७ खण्ड उच्च रबाहिर चारैतिर ८६ खण्ड हुने प्रासादलाई गरुडप्रासाद भनिन्छ । एउटा अर्को प्रकारको गरुड पनि हुन्छ, जो उचाइमा १० खण्ड हुन्छ ।[२०८] पद्मक १६ तला तथा पूर्वकथित प्रासाद गरुडभन्दा दुई खण्ड अधिक उच्च हुनुपर्छ । पद्मकको समान नै श्रीवृक्षक प्रासादको परिणाम मानिन्छ । जसमा ५ अण्डक, दुई खण्ड तथा मध्यभागमा ४ हातको विस्तार हुन्छ, त्यो वृषनामक प्रासादले सबै मनोरथ पूर्ण गर्दछ । वर्णन नभएका प्रासादहरूको परिमाण सिंहास्यको परिमाण अनुसार मान्नुपर्छ । ती सबै चन्द्रशालाहरूले संयुक्त तथा प्राग्ग्रीवले संवलित रहन्छन् । प्रासादहरू इट्टा, काठ वा ढुङ्गा तोरणसहित बनाउनुपर्छ । मेरु प्रासाद ५० हात, मन्दिर त्यस भन्दा ५ हात सानो अर्थात् ४५ हात, कैलाश ४० हात र विमान ३४ हातको हुन्छ । त्यसै प्रकार नन्दिवर्धन ३२ हात तथा नन्दन र सर्वतोभद्र ३० हातको मानिन्छ । वर्तुल र पद्मकको परिमाण २० हातको मानिन्छ । गज, सिंह, कुम्भ, वलभी तथा छन्दक १६ हातका हुन्छन् । कैलास, मृगराज, विमान र छन्दक यी १२ हातका हुन्छन् । यी ४ देवताहरूका लागि प्रिय मानिन्छन् ।

---

२०८. पर्यस्तगृहराजो वै गरुडो नाम नामतः ।
सप्तभूम्युच्छ्रयस्तद्वच्चन्द्रशालात्रयान्वितः ॥
भूमिकाषडशीतिस्तु बाह्यतः सर्वतो भवेत् ।
तथान्यो गरुडस्तद्वदुच्छ्रयाद् दशभूमिकः ।
भूमिका षोडशास्रस्तु भूमिद्वयमथाधिकः ॥ (म.पु.अ., २६९ । ३) ।

गरुड प्रासाद ८ हातको तथा हंस १० हातको मानिन्छ ।[२०९] उपर्युक्त प्रमाणअनुसार यी शुभ लक्षणसम्पन्न प्रासादहरूको रचना गर्नुपर्छ । यक्ष, राक्षस र नागहरूको प्रासाद मातृहस्तको प्रमाणले प्रशस्त मानिन्छ । मेरु आदि ७ प्रासाद ज्येष्ठ लिङ्गको लागि शुभदायक हुन्छ । श्रीवृक्षक आदि ८ प्रासाद मध्यम लिङ्गको लागि शुभदायक मानिन्छ । यस प्रकार हंस आदि ५ कनिष्ठ लिङ्गको लागि शुभदायक मानिन्छ । वलभी र छन्दक प्रासादमा गौरवर्णा, जटा मुकुटधारिणी, क्रमशः ४ हातहरूमा वरदमुद्रा, अभयमुद्रा, अक्षसूत्र र कमण्डलु धारण गर्ने देवी शुभदायिनी हुन्छिन् । गृहमा रातो मुकुट धारण गरेकी, ४ हातहरूमा क्रमशः कमल, अङ्कुश, वरदमुद्रा एवं अभयमुद्राले युक्त देवीलाई पतिसहित पूजा गर्नुपर्छ । पुरुषसँग अर्को जुन तपोवनमा स्थित रहनेवाली देवी हुन्छिन्, तिनको राम्रोसँग पूजा गर्नुपर्छ । देवीका साथै विनायक (गणेशजी) वलभी र छन्दक प्रासादमा शुभदायक मानिन्छन् ।

४.६५.प्रासाद संलग्न मण्डपहरूको नाम, स्वरूप, भेद र निर्माणको विधि

ज्येष्ठ, मध्यम तथा कनिष्ठ भेदहरूले विविध मण्डपहरूको रचना गर्नुपर्छ । पुष्पक, पुष्पभद्र, सुव्रत, अमृतनन्दन, कौसल्य, बुद्धिसङ्कीर्ण, गजभद्र, जयावह, श्रीवत्स, विजय, वास्तुकीर्ति, श्रुतिञ्जय, यज्ञभद्र, विशाल, सुश्लिष्ट, शत्रुमर्दन, भागपञ्च, नन्दन, मानव, मानभद्रक, सुग्रीव, हरित, कर्णिकार, शतर्धिक, सिंह, श्यामभद्र तथा सुभद्र गरेर २७ प्रकारका मण्डपहरूको वर्णन पाइन्छ ।[२१०]

---

२०९. गरुडोऽष्टकरो ज्ञेयो हंसो दश उदाहृतः ॥ (म.पु.अ., २६९ । १०१) ।

२१०. पुष्पकः पुष्पभद्रश्च सुव्रतोऽमृतनन्दनः ।
कौशल्यो बुद्धिसंकीर्णो गजभद्रो जयावहः ॥
श्रीवत्सो विजयश्चैव वास्तुकीर्तिः श्रुतिंजयः ।
यज्ञभद्रो विशालश्च सुलिष्टः शत्रुमर्दनः ॥
भागपञ्चो नन्दनश्च मानवो मानभद्रकः ।
सुग्रीवो हरितश्चैव कर्णिकारः शतर्धिकः ॥
सिंहश्च श्यामभद्रश्च सुभद्रश्च तथैव च ।
सप्तविंशतिराख्याता लक्षणं श्रृणुत द्विजाः ॥ (पूर्ववत्, २७० । ३, ४, ५, ६) ।

४.६६.मण्डपको लक्षण

६४[२११] स्तम्भ भएको मण्डपलाई पुष्पक, ६२ स्तम्भ भएको मण्डपलाई पुष्पभद्र, ६० स्तम्भ भएको मण्डपलाई सुव्रत, ५८ स्तम्भ भएको मण्डपलाई अमृतनन्दन, ५६ स्तम्भ भएको मण्डपलाई कौसल्य, ५४ स्तम्भ भएको मण्डपलाई बुद्धिसङ्कीर्ण, ५२ स्तम्भ भएको मण्डपलाई गजभद्रक, ५० स्तम्भ भएको मण्डपलाई जयावह, ४८ स्तम्भ भएको मण्डपलाई श्रीवत्स, ४६ स्तम्भ भएको मण्डपलाई विजय, ४६ स्तम्भ भएको मण्डपलाई वास्तुकीर्ति, ४४ स्तम्भ भएको मण्डपलाई श्रुतिञ्जय, ४० स्तम्भ भएको मण्डपलाई यज्ञभद्र, ३८ स्तम्भ भएको मण्डपलाई विशालक, ३६ स्तम्भ भएको मण्डपलाई सुश्लिष्ट, ३४ स्तम्भ भएको मण्डपलाई शत्रुमर्दन, ३२ स्तम्भ भएको मण्डपलाई भागपञ्च, ३० स्तम्भ भएको मण्डपलाई नन्दन, २८ स्तम्भ भएको मण्डपलाई मानव, २६ स्तम्भ भएको मण्डपलाई मानभद्रा, २४ स्तम्भ भएको मण्डपलाई सुग्रीव, २२ स्तम्भ भएको मण्डपलाई हरित, २० स्तम्भ भएको मण्डपलाई कर्णिका, १८ स्तम्भ भएको मण्डपलाई शतधिक, १६ स्तम्भ भएको मण्डपलाई सिंह, १४ स्तम्भ भएको मण्डपलाई श्यामभद्र र १२ स्तम्भ भएको मण्डपलाई सुभद्र भनिन्छ । यी मण्डपहरूको स्थापना त्रिकोण, गोलाकार, अर्धचन्द्राकार, अष्टकोणाकार, दशकोणकार अथवा चतुष्कोणकार रूपमा गर्नुपर्छ । यी त्रिकोणादिको स्थापनाले क्रमशः राज्य, विजय, आयुको वृद्धि, पुत्रलाभ, लक्ष्मी र पुष्टिको प्राप्ति हुन्छ । यस प्रकारका मण्डप मंगलदायक तथा यसको विपरीत अमंगलकारक हुन्छन् । गृहको मध्यमा ६४ पदहरूको भागमा द्वार बनाउनुपर्छ । चौडाइभन्दा उचाइ दुई गुणा हुनुपर्छ र त्यसको कटिभागलाई तृतीयांशको बराबर बनाउनुपर्छ । चौडाइको आधा मध्यभाग हुनुपर्छ, त्यसको चारैतिर अर्को भित्ताहरू रहनु पर्छ । मध्यभागको चतुर्थांशले ३ गुणा लामो २ गुणा विस्तृत द्वारलाई डुम्रीले बनाउनुपर्छ । द्वारको विस्तृत अवस्थाको चतुर्थांशले दुवै शाखाहरूको विस्तार गर्नुपर्छ ।

मण्डपद्वार, तीन, पाँच, सात अथवा ९[२१२] शाखाहरूले युक्त बनाउनुपर्छ, जो क्रमशः कनिष्ठ, मध्यम र ज्येष्ठ हुन्छ । १४० अङ्गुल उच्चद्वार धनप्रद एवं उत्तम हुन्छ । अन्य

---

२११. स्तम्भा यत्र चतुःषष्टिः पुष्पकः समुदाहृतः ।
द्विषष्टिः पुष्पभद्रस्तु षटिः सुव्रत उच्यते ॥ (पूर्ववत्, २७० । ७) ।

२१२. त्रिपञ्चसप्तनवभिः शाखाभिर्द्वारमिष्यते ।
कनिष्ठमध्यमं ज्येष्ठं यथायोगं प्रकल्पयेत् ॥ (पूर्ववत्, २७० । २१) ।

दुई १३० तथा १२० अङ्गुलको हुनुपर्छ । शुद्ध वायु आउन जानका लागि १८० अङ्गुल उच्चद्वार हुनुपर्छ । त्यसैप्रकार ११०, ११६, १९० तथा ८० अङ्गुलको द्वार हुनुपर्छ । सर्वदा क्रमशः यी १० प्रकारको द्वारहरूलाई प्रामाणिक मानिन्छन् । यसको अतिरिक्त अन्य प्रकारको द्वारलाई वर्जित गरिएको छ । ती वर्जित द्वार चित्तलाई उद्विग्न गर्ने हुन्छन् । सबै प्रकारका वास्तुमा प्रयत्नपूर्वक द्वारवेधबाट बच्नु पर्छ । द्वारको सामुन्नेतिर वृक्ष, कोण, द्वार, स्तम्भ, कूप, ध्वज, भित्ता र खाल्डोद्वारा वेध गरिएको अवस्थामा गृहद्वार मंगलकारी हुँदैन । यी द्वारवेधले क्रमशः क्षय, दुर्गति, प्रवास, क्षुधाको भय, दुर्भाग्य, बन्धन, रोग, दरिद्रता, कलह, विरोध र धनहीनता जन्य दुष्परिणाम दिन्छन् । घरको पूर्व दिशामा फलदार वृक्ष, दक्षिण दिशामा दूधालु वृक्ष, पश्चिम दिशामा विविध प्रकारको कमलहरूले सुशोभित जल तथा उत्तर दिशामा सरल (भद्रदारु) वा ताडवृक्षले युक्त पुष्पवाटिका मंगलदायिनी हुन्छ । बहँदै गरेको नदीको जल, अचल कूवा, सरोवर आदि सबै दिशामा श्रेष्ठ मानिन्छ[२१३] । मुख्य भवनको पछाडि दुवैतिर परिवार वर्गको निवासस्थान बनाउनुपर्छ । दक्षिणतिर तपोवन अथवा तपस्या स्थान, उत्तरमा मातृकाहरूको भवन, अग्निकोणमा पाकशाला, नैर्ऋत्य कोणमा गणेशको निवास, पश्चिममा लक्ष्मीको निवास, वायव्य कोणमा गृहमालिका (छोरी)[२१४], उत्तरमा यज्ञशाला र निर्माल्यको स्थान हुनुपर्छ । पश्चिमतिर चन्द्रादि देवताहरूको लागि बलिदान दिने स्थान, अगाडि वृषभको स्थान र शेष भागमा कामदेवको स्थानको निर्माण गर्नुपर्छ । ईशानकोणमा जलयुक्त इनार हुन्छ तथा त्यहीँ जलशायी विष्णु भगवान्को स्थान हुनुपर्छ । यस प्रकार कुण्ड र मण्डपले युक्त गृहको निर्माण गर्नुपर्छ । जसले घण्टा, वितान (चदुवा), तोरण तथा चित्रले सुशोभित, नित्य महोत्सव प्रमुदित जनसमूहको साथ विविध ध्वजाहरूले विभूषित देव मन्दिर बनाउनेलाई लक्ष्मीको साथ रहन्छ । गृह पूजाको अवसरमा पनि शक्तिअनुरूप विधिले सबै मन्त्रहरूको जप तथा दान गर्नुपर्छ ।

---

२१३. सर्वतस्तु जलं श्रेष्ठं स्थिरमस्थिरमेव च ।
पार्श्वतश्चापि कर्तव्यं परिवारादिकालयम् ॥ (पूर्ववत्, २७० । ३०) ।

२१४. वारुणे श्रीनिवासस्तु वायव्ये गृहमालिका ।
उत्तरे यज्ञशाला तु निर्माल्यस्थानमुत्तरे ॥ (पूर्ववत्, २७० । ३२) ।

५.पञ्चमअध्याय

उपसंहार

५.१. अध्यायगत सारांश

प्रस्तुत शोधपत्रलाई पाँच अध्यायमा विभाजन गरिएको छ । ती अध्यायमध्ये पहिलो अध्यायको नाम शोध परिचय राखिएको छ । यस अध्यायमा अध्ययनको पृष्ठभूमि समस्याकथन, शोधकार्यको उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको सीमा र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

द्वितीय अध्यायमा वास्तु शब्दको व्युत्पत्ति, परिभाषा, उद्देश्य, वैदिक तथा पौराणिक वास्तुको परिचय, इतिहास, वास्तु र धर्म तथा विज्ञानसँगको अन्तर्सम्बन्ध, वास्तु र मानवको सम्बन्ध, वास्तुपुरुषको स्थिति र आवासीय वास्तुसँग सम्बन्धित विषयहरूमा चर्चा गरिएको छ ।

वास्तुशास्त्रको सैद्धान्तिक अध्ययन नामक तृतीय अध्यायमा वास्तुशास्त्रसँग सम्बन्धित विभिन्न सैद्धान्तिक दृष्टिकोणहरू प्रस्तुत गरिएको छ । निष्कर्षमा भन्नुपर्दा हामीले बनाउने जुनसुकै भौतिक संरचनामा बनाउनु पूर्व वास्तुको यथोचित प्रयोग गर्नुपर्छ जसले गर्दा हामीमा भौतिक सुखका साथै पारमार्थिक सुख पनि प्राप्त हुन्छ तर वास्तुलाई बेवास्ता गरी आफूखुसी बनाएका भौतिक संरचनाले त्यहाँ बस्ने तथा बनाउने दुवै पक्षलाई हानि पुराउने गर्दछ । अतः सबै कुराको अवस्थालाई विचार गरेर मात्र भौतिक संरचना बनाउनुपर्छ ।

शोधपत्रको मत्स्यपुराणमा वास्तुशास्त्रको विश्लेषण र अध्ययन नामक चतुर्थ अध्यायमा मत्स्यपुराणको २५२ अध्यायदेखि २७० अध्यायसम्म वास्तुशास्त्र सम्बन्धी विभिन्न पक्षहरूलाई व्याख्या तथा विश्लेषण गरिएको छ । २५२ अध्यायमा वास्तुको प्रादुर्भाव तथा वास्तुशास्त्रका उपदेष्टाको वर्णन, २५३ अध्यायमा वास्तुचक्रको वर्णन, २५४ अध्यायमा वास्तुशास्त्र अन्तर्गत राजप्रासाद आदिको निर्माणविधि, २५५ अध्यायमा वास्तुविषयक वेधको विवरण, २५६ र २५७ अध्यायमा गृहनिर्माणविधि र गृहनिर्माणमा ग्राह्यकाष्ठ आदिको वर्णन, २५८ देखि २६७ अध्यायसम्म विविध देवताको प्रतिमा निर्माण तिनीहरूको प्रमाण,

प्रतिष्ठाविधि अधिवसनविधिका साथै शिवलिङ्गको निर्माण प्रतिमा प्रतिष्ठाका लागि कुण्डादिको निर्माण तथा प्रतिष्ठाको अङ्गभूत अभिषेक स्नानको निरूपण गरिएको छ भने २६८ अध्यायमा वास्तुशान्ति विधिको वर्णन गरिएको छ त्यस्तै २६९ देखि २७० अध्यायमा प्रासादका भेद र तिनीहरूको निर्माणविधि तथा प्रासादसँग संलग्न मण्डपहरूको नाम, स्वरूप र तिनीहरूको निर्माणविधि बताइएको छ । यी माथि बताइएका अध्यायमा वर्णित विषयहरूलाई रचनात्मक तरिकाले यस अध्यायमा विश्लेषण गरिएको छ ।

उपसंहार नामक पञ्चम अध्यायमा अध्यायगत सारांश तथा मानवजीवनमा वास्तुशास्त्रको व्यावहारिक प्रयोगबाट हुने लाभहानि, आधुनिककालमा वास्तुको प्रासङ्गिकता के कसरी सिद्ध गर्न सकिन्छ र प्रस्तुत शोधकार्यको सन्दर्भ क्षेत्रबाहिर वास्तु अन्तर्गतकै विषयहरू भविष्यको अनुसन्धान सहजताका लागि छोडिएको कुरा उल्लेख गरिएको छ ।

५.२. सारांशः

ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेदहरू, उपवेदहरू, ब्राह्मणग्रन्थादि शास्त्रहरू आरण्यकग्रन्थादि शास्त्रहरू, वेदाङ्गादि शास्त्रहरू, शूल्वसूत्र, गृह्यसूत्रादि शास्त्रहरू, पुराणोपपुराणादि शास्त्रहरू, स्मृतिग्रन्थादि शास्त्रहरूमा वर्णित वास्तुतत्त्व परमपुरुषार्थोन्मुख हुन्छ ।

वास्तुसँग सम्बन्धित शास्त्र नै वास्तुशास्त्र हो । वैदिक वास्तुकलाले पूर्वीय चिन्तन परम्परालाई विश्वव्यापी बनाउन मद्दत गरेको छ । आध्यात्मिक, आधिदैविक र आधिभौतिकादि त्रिविध तापलाई उपशमन गराउँदै अध्यात्मनिष्ठामा मानवलाई प्रवृत्त गराउनु नै वास्तुशास्त्रको ध्येय हो । आर्यहरूले धर्म, अर्थ, काम र मोक्षादि ४ वटा पुरुषार्थ प्राप्तिका लागि वास्तुचिन्तन र प्रयोगसाधन गर्दै आइरहेको इतिहास छ । मानवसभ्यताका ४ वटै प्राचीन सभ्यताहरू सिन्धुघाँटीको सभ्यता, मेसोपोटामियाको सभ्यता, मिश्रको सभ्यता र चीनको सभ्यताभित्र कुनै न कुनै रूपमा वास्तुशास्त्रको प्रयोग भएको इतिहास पाइन्छ ।

गृहस्थले प्रतिदिन ब्रह्मयज्ञ (सन्ध्यावन्दन, वेदवेदाङ्ग तथा पुराणादि आर्षग्रन्थको स्वाध्याय), पितृयज्ञ (पितृस्मरण, तर्पण र श्राद्धादि कर्म), देवयज्ञ (देवपूजन र हवनादियज्ञ), भूतयज्ञ (बलिवैश्वदेव तथा पञ्चबलि) र मनुयज्ञ (अतिथि सत्कार) यी पञ्चमहायज्ञ गर्नुपर्छ । मानवका साथै चराचर जगत् कीटपतङ्ग पशुपंक्षीसँगै भूमण्डलकै पर्यावरण लता,

वनस्पत्यादि पर्यावरणको रक्षा, जीव जगत्को परोपकार, गर्नुपर्ने महत्त्वपूर्ण दार्शनिक चिन्तन वास्तुशास्त्रमा पाइन्छ ।

गृहस्थधर्मको मूल ध्येय मोक्ष हो । परमपुरुषार्थ धर्मसँग सम्बन्धित छ । त्यो धर्म कर्मसँग अन्तर्सम्बन्धित छ । पाणिनीय व्याकरणअनुसार धृ धातुमा मन्प्रत्यय लागेर धर्मशब्द निष्पन्न हुन्छ । धारणाद् धर्ममित्याहु धर्मो धारयते प्रजाः । धारण गर्नु धर्म हो अर्थात् सत्यको धारण गर्नुपर्ने अर्थमा धर्मशब्द सिद्ध हुन्छ । लोकले धारण गर्ने आचरण व्यवहार नै धर्म हो । गर्भाधानदेखि मृत्युपर्यन्त पालना गरिने ४ वटै आश्रमधर्महरूको चिन्तन, प्रयोग र व्यवहार वास्तुशास्त्रसँग अन्तर्सम्बन्धित छन् ।

सनातन धर्मले पुराणलाई पञ्चमवेद[२१५] नै मान्दछ । पुराण, उपपुराणमा वर्णित परोपकार, सदाचार, आत्मसंयम, अहिंसा, अस्तेय, ब्रह्मचर्य, यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान, समाधिसँगै, पञ्चमहायज्ञको परिपालनले मानव जीवन श्रेयस्कर बन्दछ । स्नान[२१६], सन्ध्या, जप, देवपूजन, बलिवैश्वदेव र अतिथी सत्कार नित्यरूपमा गर्नु भन्ने शास्त्रवचन छ ।[२१७]

अतः मत्स्यपुराणमा वास्तु प्रस्तुत शोधपत्रले मत्स्यपुराणमा वर्णित वास्तुको दर्शन र विज्ञानको सान्दर्भिक व्याख्या गर्न, वास्तु पालनार्थ गर्नुपर्ने तयारीको व्याख्या गर्न, वास्तुको शारीरिक र मानसिक प्रभावको ग्रन्थगत मौलिकता जान्न, विविध प्रकारका राजप्रासाद बनाउन, विभिन्न देव-देवीहरूको प्रतिमा निर्माण तथा प्राणप्रतिष्ठा आदि विविध कुराको जानकारीका लागि तथा मत्स्यपुराणमा वर्णित वास्तुको विशेषता एवं पृथकता खोज्नका लागि प्रस्तुत शोधपत्र एउटा उदाहरणीय दस्तावेज हुने छ । साथै यस शोधले त्रिभुवन विश्वविद्यालय संस्कृत विभाग-अन्तर्गतको स्नातकोत्तर तह (एम्. ए.) का पाठ्यपुस्तकमा समावेश गरिएका पाठ्य विषयहरूको उद्देश्य-अनुसार वास्तुको अध्ययन-अध्यापनका लागि वैज्ञानिक र सन्तुलित सामग्रीको उपलब्धता हुने छ । वास्तुको शास्त्रीय अवधारणाहरूलाई बुझ्न सहज आधारहरू प्राप्त हुने छन् । शोधको परिणामले वास्तुको ज्ञानसबैले बुझ्ने बुझाउने र पढ्ने पढाउने वैज्ञानिक आयामको विकास हुनेछ । सर्वसाधारणले पनि यसको अभ्यासबाट प्राप्त हुने प्रत्यक्ष र वस्तुगत फाइदाका बारेमा बुझ्न पाउनेछन् ।

---

२१५. इतिहासपुराणं पञ्चमो वेदानां वेदम् । (छान्दोग्योपनिषद् ७ । १ । २)
२१६. शौचं च द्विविधं प्रोक्तं बाह्याभ्यन्तरं तथा ।
मृज्जलाभ्यां स्मृतं बाह्यं भावशुद्धिस्तथान्तरम् ॥ (वाधूलस्मृति १९)
२१७. सन्ध्या स्नानं जपश्चैव देवतानां च पूजनम् ।
वैश्वदेवं तथाऽऽतिथ्यं षट्कर्माणि दिने दिने ॥ (बृ.प.स्मृ. १ । ३९)

सन्दर्भग्रन्थसूची

कान्त, एस्.जी (१९५९) 'Cultural History from the Matsaya -Puran' स्वतन्त्र शोध, सन्

खान, जाफेर अयुब (सन् २०१७), 'The Infinite Space Manifestation of bindu and mandala in architecture, आ.एम्.आई.टी. युनिभर्सिटी शोध

गोयन्दका, हरिकृष्णदास, (अनुवादक) ईशादि नौ उपनिषद् (०६६),गीताप्रेस गोरखपुर, भारत, सं.२०५६ ।

जैन, निधी, (सन् २००१)'Connection between Spirituality and Sustainable Development'शोध

धवन, राजेन्द्रकुमार(२०६२), 'भवनभास्कर', गीताप्रेस गोरखपुर, भारत

नितिमा, (सन् २००५), 'VastuShastra in house construction and furnishing' थियोसोफी न्यूजीलैण्ड शोध

न्यौपाने, प्रेमराज, (वि.सं.२०६५-६६) 'स्थापत्यकलाको महत्त्व र विकासका सम्भावनाहरू' लघुशोध, नेपाल संस्कृत विश्वविद्यालय, दाङ, नेपाल

न्यौपाने, प्रेमराज (वि.सं.२०७१) 'वास्तु विधान' स्वदेश प्रकाशन प्रा.लि., काठमाडौं

पिएरसन्, एनी. एम्, (सन् १९८३) ' A study of Purani Vartas'एम्सी मास्टर युनिभर्सिटी शोध

पुरी, शोनल कम्लेश (सन् १९९७),'Vaastu -Silpa Shastra'युनिभर्सिटी अफ साउथर्न क्यालिफोर्निया शोध

भट्ट, रामेश्वर (अनुवादक),हितोपदेश, चौखम्बा संस्कृत प्रतिष्ठान दिल्ली, भारत, सं. १९५१

मत्स्यपुराण (५५७),गीताप्रेस गोरखपुर, भारत, सं. २०७२

लुइटेल, तिलकप्रसाद (अनुवादक),ऋग्वेद, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी काठमाडौ, सं.२०६६

" " " यजुर्वेद,, " " "

" " " सामववेद,, " " "

" " " अथर्ववेद,, " " "

वाग्ले, ऋणिराज उपाध्याय, तम्सरिया-५ तरेनीटोल, चौरङ्गी, नवलपरासी

वाल्मीकीयरामायणम् (५८३),गीताप्रेस गोरखपुर, भारत, सं.२०५८

व्यास, सोहनलाल,(सन् २०१०) मुहूर्तपारिजात, चौखम्बा विद्याभवन, वाराणसी, भारत ।

शर्मा, जगदीश (सन् २००४), 'वैदिक वास्तु', फ्यूजन बुक्स, नयाँ दिल्ली, भारत

शास्त्री, वासुदेवकृष्ण (वि.सं. २०६२), 'वास्तुशास्त्र ज्ञान' बुद्ध एकेडेमिक पब्लिसर्स एन्ड डिस्ट्रिव्यूटर्स प्रा.लि, काठमाडौं

शुक्ल, कमलाकान्त (सन् २०१६), 'वास्तुसारसंग्रहः', डा. पद्माकर मिश्र, वाराणसी, भारत

शुक्ल, द्विजेन्द्रनाथ (सन् २०१४), 'हिन्दु प्रासाद', वास्तु वाङ्मय प्रकाशन शाला, लखनऊ, भारत

श्रीमाली, राधाकृष्ण (सन् २००७), 'बृहद् वास्तुशास्त्र', मनोज पब्लिकेशन, दिल्ली, भारत

http://www . sadrishya . com/leisure/2018/06/09/18553/

http://www . shodhganga . inflibnet . ac . in/bitstream/10603/58280/6/06

http://www . futuresamachar . com/hi/theory -of -vastu -6633

http://www . nagariktimes . com/2017/12/25130/

https://jyotishsathi . blogspot . com/2016/06/blog -post . html

https://www . bharatdiscovery . org

https://www.transliteral.org/pages/z130617045641/view#tabs-1

परिशिष्ट

१. सुझाव तथा अनुसन्धेय विषयहरू

क) वास्तुशास्त्रको अध्ययन अध्यापनको पक्ष

नेपालका प्रचलित विद्यालय, महाविद्यालय र विश्वविद्यालयहरूमा वास्तुशास्त्रको पाठ्यक्रम निर्माण भएको पाइदैंन । नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत फलित ज्योतिषको उच्चतहमा केही वास्तुविषयगत पाठ्यसामग्री अध्यापन भए पनि वास्तुशास्त्र नै मूलविषयका रूपमा अध्यापन भएको देखिन्न । वास्तुशास्त्रको अन्तर्निहित सम्बन्ध इञ्जिनियरिङ्ग क्षेत्रसँग रहेकाले इञ्जिनियरिङ्ग पाठ्यक्रममा पनि समावेश गरी अध्ययन अध्यापन गराउँदा वैदिक दर्शन अनुकूलको आधुनिक संरचना निर्माण गर्न सकिन्छ । नेपालका प्रचलित विश्वविद्यालयहरूले अधिस्नातक वा स्नातकोत्तर तहमै पाठ्यक्रम निर्माण गरी लागू गर्दा अध्ययन अध्यापनको क्षेत्रमा रुचि राख्ने सबैलाई लाभ हुने देखिन्छ ।

ख). वास्तुसन्देश

सबैलाई सुखी, निरोगी बनाएर सर्वकल्याणको कामना गर्ने वेदसूक्तिहरूको स्वाध्यायबाट[२१८] अज्ञानदेखि ज्ञानको मार्गमा प्रवृत्त हुन, नश्वर शरीरबाट अमृततत्त्व ज्ञान गर्न, असत्यबाट सन्मार्गमा प्रवृत्त हुँदै माता, पिता, अतिथि र गुरुलाई देवता[२१९] मान्ने शिक्षा र संस्कार प्राप्त हुन्छ । आफ्नो, आफ्नो परिवारको, समाजको, राष्ट्रको र समग्र विश्वकै[२२०]कल्याण गर्न र विश्वलाई नै एक परिवार मान्ने सन्देश वास्तुशास्त्रको सारभूत निचोड हो । यी सबै कल्याणमार्गका निर्देशनहरू गृह र अधिकतम रूपमा गृहस्थसँग सम्बन्धित छन् । वृक्षवाटिकाको संरक्षणसँगै पर्यावरणको रक्षण, कीटपतङ्गादि सम्पूर्ण प्राणीहरूको हितचिन्तन बलिवैश्वदेवादि पञ्च महायज्ञ, भूमि, काष्ठादि द्रव्य अन्तर्गतका परीक्षण र चयन विधानले वास्तुशास्त्र निहित सूक्ष्मतम विज्ञान जनमानसमा दर्शाएको छ ।

---

२१८. स्वाध्यायान्मा प्रमदः । (तैत्तिरीयोपनिषद् ११ अनुवाक) ।
२१९. मातृदेवो भव । पितृदेवो भव । आचार्यदेवो भव । अतिथिदेवो भव । (पूर्ववत्)
२२०. अयं निजः परो वेति गणना लघुचेतसाम् ।
उदारचरितानां तु वसुधैव कुटुम्बकम् ॥ (हितोपदेश १ । ६९)

यमनियमादि अष्टाङ्गयोग[२२१], भोजन, शयन, विद्याध्ययनदेखि लिएर जीवनपर्यन्तका संस्कारहरूलाई वास्तुशास्त्रले विधिनियमपूर्वक बाँधेको छ ।

प्रस्तुत शोधले समेट्न नसकेका विषयहरू

१. ग्रहहरूको कालगणना पद्धति र वास्तु ।

२. शुल्वसूत्रको वास्तुशास्त्र ।

३. फलित ज्योतिष र वास्तु ।

४. मयमतको शिल्पशास्त्र/वास्तुशास्त्र ।

५. समराङ्गणसूत्रको वास्तुशास्त्र ।

६. कुण्डमण्डपसिद्धि ।

७. ६४ कला, उपकला विषयक अध्ययन ।

८. नेपालको परम्परागत मौलिक वास्तुपद्धति ।

९. आधुनिक वैज्ञानिक प्रयोगशालामा वास्तुशास्त्रको परिक्षण ।

१०. आधुनिक र प्राचीन वास्तुमापन यन्त्रको प्रयोग, परिक्षण र शोधन ।

माथि उल्लिखित विषयहरू यो शोधकार्यमा आंशिक रूपमा केही समेटिएका भए पनि शोध शीर्षकअनुसार मत्स्यपुराणमा आधारित वास्तुशास्त्रमा केन्द्रित रहनु परेको तथा लघुशोध कार्य भएकाले विशद विषयमा विशिष्टकृत व्याख्या भविष्यका शोधकर्ताहरूलाई छोड्दै यथासम्भव सारांशकृत वास्तुशास्त्र प्रस्तुत गरिएको छ ।

---

२२१. अथ योगानुशासनम् । (पातञ्जलयोगसूत्र १)

॥ एकाशीतिपदवृत्तवास्तु ॥



(वास्तुसम्बन्धी नक्साहरू)

॥ चतुष्षष्टिपद वृत्तवास्तु ॥





पूर्व
दिति
शिखी
पर्जन्य
जयंत
इंद्र
सूर्य
भृश
अंतरिक्ष
अदिति
दिति
शिखी
इंद्र
सूर्य
सत्य
भृश
अनिल
भुजंग
अदिति
आप
आप वत्स
सावित्र
वितथ
सोम
भुजंग
पृथ्वीधर
ब्रह्मा
सविता
वितथ
बृहक्षत
सोम
ब्रह्मा
बृहक्षत
भल्लाट
भल्लाट
राजयक्ष्मा
विवस्वान
यम
यम
ब्रह्मा
गंधर्व
गंधर्व
मुख्य
मुख्य
भृंगराज
भृंगराज
नाग
नाग
मृग
मृग
उत्तर
दक्षिण
रोग
रोग
मित्र
पितर
पितर
पापयक्ष्मा
दौवारिक
पापयक्ष्मा
दौवारिक
शोष
सुग्रीव
शोष
असुर
सुग्रीव
वरुण
असुर
पुष्पदन्त
वरुण

॥ अथ ६४ कोष्ठक वास्तु मण्डलम् ॥

(देव प्रतिष्ठा एवं नगर प्रतिष्ठा हेतु)



॥ अथ ८१ कोष्ठक वास्तु मण्डलम् ॥

(गृह प्रतिष्ठा हेतु)



पूर्वाभिमुख गृहको नक्सा





पश्चिमाभिमुख गृहको नक्सा



उत्तराभिमुख गृहको नक्सा



दक्षिणाभिमुख गृहको नक्सा

वास्तुचक्र

६४ पद

ईशान	पूर्व	आग्नेय
चरकी	**स्कन्द**	**विदारिका**

पिलिपिच्छ उत्तर

दिति / शिखी	पर्जन्य	जयन्त	इन्द्र	सूर्य	सत्य	भृश	अंतरिक्ष / अनिल
अदिति	पर्जन्य / अदिति	जयन्त	इन्द्र	सूर्य	सत्य	भृश / पूषा	पूषा
भुजग	भुजग	आपवत्स / आप	अर्यमा	अर्यमा	सविता / सावित्र	वितथ	वितथ
सोम	सोम	पृथ्वीधर	ब्रह्मा	ब्रह्मा	विवस्वान्	बृहत्क्षत	बृहत्क्षत
भल्लाट	भल्लाट	पृथ्वीधर	ब्रह्मा	ब्रह्मा	विवस्वान्	यम	यम
मुख्य	मुख्य	रुद्र / राजयक्ष्मा	मित्र	मित्र	इन्द्र / जयन्त	गन्धर्व	गन्धर्व
नाग	नाग / शोष	असुर	वरुण	पुष्पदंत	सुग्रीव	भृंगराज / दौवारिक	भृंगराज
रोग / पापयक्ष्मा	शोष	असुर	वरुण	पुष्पदंत	सुग्रीव	दौवारिक	मृग / पिता

अर्यमा दक्षिण

पापराक्षसी	**जम्बुक**	**पूतना**
वायव्य	**पश्चिम**	**नैर्ऋत्य**

वास्तुचक्र

८१ पद

ईशान — पूर्व — आग्रेय

चरकी — स्कन्द — विदारी

पिलिपिच्छ उत्तर

अर्यमा दक्षिण

शिखी १	पर्जन्य २	जयन्त ३	इन्द्र ४	सूर्य ५	सत्य ६	भृश ७	अंतरिक्ष ८	अनिल ९
दिति ३२	आप ३३	जयन्त	इन्द्र	सूर्य	सत्य	भृश	सावित्र ३४	पूषा १०
अदिति ३१	अदिति	आपवत्स ४४	अर्यमा	अर्यमा ३७	अर्यमा	सविता ३८	वितथ	वितथ ११
भुजग ३०	भुजग	पृथ्वीधर	ब्रह्मा	ब्रह्मा	ब्रह्मा	विवस्वान्	बृहत्क्षत	बृहत्क्षत १२
सोम २९	सोम	पृथ्वीधर ४३	ब्रह्मा	ब्रह्मा ४५	ब्रह्मा	विवस्वान् ३९	यम	यम १३
भल्लाट २८	भल्लाट	पृथ्वीधर	ब्रह्मा	ब्रह्मा	ब्रह्मा	विवस्वान्	गन्धर्व	गन्धर्व १४
मुख्य २७	मुख्य	राजयक्ष्मा ४२	मित्र	मित्र ४१	मित्र	इन्द्र ४०	भृंगराज	भृंगराज १५
नाग २६	रुद्र ३६	शोष	असुर	वरुण	पुष्पदंत	सुग्रीव	जय ३५	मृग १६
रोग २५	पापयक्ष्मा २४	शोष २३	असुर २२	वरुण २१	पुष्पदंत २०	सुग्रीव १९	दौवारिक १८	पिता १७

पापराक्षसी — जम्बुक — पूतना

वायव्य — पश्चिम — नैर्ऋत्य